# विकासका नाममा डोजर आतंक

**सुदूरपश्चिमको पहाडी जिल्ला बझाङमा जथाभावी डोजर चलाएर बाटो खन्दा १५ वटा बस्तीका दुई हजार हाराहारी घर जोखिममा छन् । वातावरणीय अध्ययनविनै भइरहेको यो 'विकासको कहर' बाट सार्वजनिक संरचनाहरू र कृषिका पूर्वाधारमा समेत नराम्रो प्रभाव परेको छ ।**

■ **बसन्तप्रताप सिंह**

असार २०६८ मा रिठापाटा गाविसको स्मृति वनमा पाँच दिन डोजर लगाएर रिठापाटा-जयपृथ्वीनगर सडक खन्ने काम गरियो । पाँच दिनमा जम्मा २०० मिटर जति ट्र्याक तयार भयो र जिल्ला विकास समितिले छुटयाएको रु.३० लाख रकम फरफारक गरियो । अहिले त्यहाँ न बाटो छ, न गाडी गुड्छ । बरु डोजर लगाएका कारण जमीनमा धाँजा फाटेर ठाउँ ठाउँमा पहिरो जान थालेको छ । एक जना गाउँले गुनासो गर्छन्, “सडक बन्ने त्यस्तै हो, पैसा खाए, पहिरो लाए ।”



गजमाइल पहिरोमा बनाइएको सडक, जसले
बझाङ सदरमुकामलाई जोखिममा पारेको छ ।



बझाङ जिल्लामा अहिले सडक बनाउने अभियान नै चलेको छ भन्दा हुन्छ । तर वातावरणमा प्रत्यक्ष र दीर्घकालीन प्रभाव पर्ने यो काम वातावरणीय प्रभाव अध्ययन विनै भइरहेको छ । ग्रामीण पहुँच मार्ग, ग्रामीण सडक, कृषि सडक, जडीबुटी पहुँचमार्ग आदिका नाममा बनिरहेका सडक र तिनका आसपासका धेरै ठाउँमा पहिरो खसिरहेको छ। पहिरोका कारण व्यक्तिगत घर टहरा, सरकारी संरचना र खेतीयोग्य जमीन जोखिममा परेका छन्। पहिरोको प्रकृति हेर्दा त्यो जथाभावी डोजर चलाएकैले भएको हो भन्ने आधार धेरै देखिन्छन् ।

## कोही उत्तरदायी छैन

स्थानीय विकास मन्त्रालयले २२ असार २०६७ मा स्थानीय सडक निर्माण गर्दा जिल्ला यातायात गुरुयोजना अनुसार वातावरणीय तथा प्राविधिक दृष्टिले उपयुक्त भए मात्र काम गर्ने भन्ने निर्देशन दिएको थियो । त्यसैगरी स्थानीय विकास मन्त्रालयबाट जारी जिल्ला यातायात गुरुयोजना निर्देशिकामा ग्रामीण सडक निर्माण गर्दा श्रममूलक प्रविधिबाट काम गर्नुपर्ने भनिएको छ । जेठ २०७२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वातावरणीय अध्ययन नगरी पहाडी क्षेत्रमा डोजर नचलाउन निर्देशन दियो। तर डोजर लगाउने काम त्यसपछि पनि रोकिएन। जिल्ला सडक गुरुयोजना अनुसार बझाङका सबै गाविसलाई सडक संजालमा जोड्न २१४ किलोमिटर सडक आवश्यक पर्छ। यसका लागि १३ वटा सडक निर्माण गर्नुपर्छ । जसमा वित्थड, बान्नी मष्टा, बुगल, चैनपुर दिपायल, पाथिभेरे, सेती, जयपृथ्वी नगर भाँडेबगर, सुर्मा, ढँडार मष्टा, साइपाल, पैयातोला टिमुराडी, चैनपुर बजार रिङ्गरोड र खोड्पे चैनपुर सडक छन् ।

तर सडक खन्ने क्रममा यो गुरुयोजनाको पालना भएन । अहिले विभिन्न कार्यक्रममार्फत ३० वटा भन्दा बढी सडकमा जिल्ला विकास समितिले रकम विनियोजन गरेको छ। गाउँ विकास समिति र स्थानीयले चन्दा उठाएर कति सडक बनाइरहेका छन् भन्ने त जिल्ला विकास समितिलाई जानकारीसम्म छैन । यस्ता सडकलाई पनि गन्ने हो भने जिल्लाभरि विभिन्न नामका ४० वटा भन्दा बढी सडकमा डोजर

लगाउने काम भइरहेको छ। जिल्ला विकास समिति बझाङका इन्जिनियर लालबहादुर थापा भन्छन्, “गाउँलेहरू आफैं चन्दा संकलन गर्छन्। आफैं डोजर भाडामा लिएर सडक बनाउँछन्। हामीलाई जानकारी नै हुँदैन।”

ग्रामीण सडक निर्माणका लागि जिल्ला विकास समिति र यस अन्तर्गतका अनेक कार्यक्रममार्फत काम हुने गरेको छ। बझाङमा गएको वर्षमा ग्रामीण पूर्वाधार विकास कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रम, जडीबुटी पहुँचमार्ग, कर्णाली वारिपारि विशेष कार्यक्रम, जनसहभागितामा आधारित विशेष कार्यक्रममार्फत झण्डै रु.१५ करोड खर्च भएको छ। त्यस्तै जयपृथ्वी नगरपालिकामार्फत रु.१ करोड, जयपृथ्वीबहादुर सिंह मार्गको कार्यालयमार्फत रु.२ करोड ५० लाख, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जीआईजेडमार्फत रु.२ करोड ६० लाख, विभिन्न गाउँ विकास समितिको लगानी रु.६ करोड र स्थानीयले चन्दा उठाएको रकम समेत गरेर चार वर्षको अवधिमा रु.३० करोडभन्दा बढी रकम सडक निर्माणमा खर्च भइसकेको छ।

यति ठूलो रकम खर्च भए पनि सडक बनिरहेको भन्दा विनाश बढिरहेको देखिन्छ। पहिरोको उच्च जोखिम रहेका ठाउँमा समेत दुई/चार दिन डोजर चलाउने, छुटचाइएको रकम सिध्याउने अनि अर्को वर्ष आएको बजेटले अर्कै ठाउँमा डोजर चलाउने काम भइरहेको देखिन्छ। सदरमुकामसँग जोडिएको पानकोट पहिरोको पुछारमा मात्र पटक पटक गरी रु.२० लाखभन्दा बढी खर्च भइसकेको छ। अहिलेसम्म ५०० मिटर पनि सडक बनेको छैन। ठूलो पहिरो रहेको पानकोटको पुछारमा, बीचमा र सिरानमा गरी चार ठाउँबाट डोजर चलाइएकोले सदरमुकाम चैनपुर नै जोखिममा छ। स्थानीय सम्राट सिंह डर व्यक्त गर्छन्, “पहिरो लागेको ठाउँमा डोजरले झन् ठूलो पहिरो बनाएको छ। कुन दिन डाँडै भत्किएर सेतीमा पुगिने हो, थाहा छैन।”

वनको वातावरणीय महत्त्वलाई ध्यानमा नराखी वन क्षेत्रमा समेत जथाभावी डोजर चलाउने काम भइरहेको छ। वन क्षेत्रमा निर्माणको काम गर्दा जिल्ला वन कार्यालयको सहमति लिनुपर्ने प्रावधानको पालना भएको छैन। किन यस्तो भइरहेको छ भन्ने प्रश्नको जवाफमा निमित्त जिल्ला वन अधिकृत कर्णबहादुर खातीको सजिलो जवाफ छ, “यसबारेमा



*जुइल सेकु सडकबाट जोखिममा स्थानीयका घरहरू ।*

छलफल गर्न कोही आएकै छैन ।" खाती भन्छन्, "हामीसँग सल्लाह गर्नुपर्ने हो तर आफ्नै ढंगले बनाइरहेका छन् ।" आफ्नो अधिकारक्षेत्र भित्र जथाभावी भइरहँदा वन कार्यालयले यो काम नगर भनेर रोक्न गएको छैन ।

## सडकका कारण सडकमा बास

२२ किलोमिटर लम्बाइको भाँडेबगर जयपृथ्वी नगर सडकका कारण मटेलाको भाँडेबगरका २५ र जिउलीका २३ भन्दा बढी घर जोखिममा छन् । व्यासीको थलारा गाउँको सिरानमा डोजरले खन्दा सिङ्गो गाउँ नै जोखिममा परेको छ । कडेल-७ मुम्लाका रुलक कठायतको भनाइमा, "यस गाउँमा करीब ८० परिवारको बसोबास छ । यसै सडक अन्तर्गत पर्ने कडेल गाविसको वडा नं २ र ७ का २५ भन्दा बढी घर जोखिममा छन् भने १६ परिवार घर छाडेर विस्थापित भइसकेका छन् ।"

"यस पटक वर्षा कम भएर मात्रै हो नभए के के हुन्थ्यो भन्न सकिन्न", मटेला ७ जिउलीका खडक रावलले भने "कुनै पनि वेला



*सडकबाट खसेको पहिरोले जोखिममा पारेको मौरिबगर बजार ।*

गाउँ नै पहिरोले बगाउने सम्भावना छ ।" आफ्नो गाउँ नै जोखिममा परेकोमा चिन्तित रावलले यसको बेलीबिस्तार लगाए । उनले भने, "भिरालो जमीन, बलौटे र गेग्रान माटो भएको गाउँको सिरानमा डोजर लगाइयो । अहिल्यै ठाउँ ठाउँमा जमीन धाँजा फाटिसकेको छ । अलि ठूलो पानी पर्ने वित्तिकै बग्ने सम्भावना छ । अघिल्लो वर्षको जति पानी पर्ने हो भने यो वर्ष नसोचेको क्षति हुन सक्छ ।"

अघिल्लो वर्ष सडकको माटो बगाएर भाँडेबगरका २३ वटाभन्दा बढी घर, टहरा र पसल पुरेको थियो । स्थानीय सुरेश कठायतका अनुसार, "यो सडक बनाउन अहिलेसम्म रु.१ करोड २० लाख खर्च भइसकेको छ। प्रत्येक वर्ष बजेटमा रकम हाल्ने क्रम जारी छ।" बजेट र कार्यक्रममा मानवीय श्रमको प्रयोग गरेर सडक बनाउने भनिए पनि धेरैजसो सडक डोजरले काटेको छ र त्यस्तो ठाउँमा पहिरोको समस्या धेरै देखिएको स्थानीय बासिन्दा बताउँछन् । व्यासीकी शर्मिला थापा भन्छिन्, "यो सडक बनाउँदा मान्छेले बढीमा पाँच किलोमिटर जति खने होलान्, बाँकी सबै डोजरले खनेको हो ।"

१८ किलोमिटर लम्बाइ अनुमान गरिएको मौरीबगर सैनपसेला सडक खण्डमा डोजर संचालन गर्दा चार वटा गाविस रहेको जुँजी र छविस क्षेत्रको मुख्य व्यापारिक केन्द्र मौरीबगर बजार समस्यामा परेको छ । यहाँका ३० भन्दा बढी घर, पसलका मानिस वर्षेनि पहिरोको जोखिम सामना गरिरहेका छन् । चार वर्षअघि डोजरले सडक निर्माण गरेपछि वर्षेनि पहिरोले लाखौंको सरसामान र खेतीपानी नष्ट गर्ने गरेको छ। गएको वर्ष मात्रै सडक माथिबाट खसेको पहिरोले बगाएर ल्याएको हिलोले १९ वटा घरटहरा तथा पसलका सरसामान पुरिएका थिए । मौरीबगरमा होटल संचालन गरिरहेकी चौधारीकी अन्जला रावलले भनिन्, “बर्खा लागेपछि सधैं पहिरोको डर हुन्छ। आकाशमा गड्याङगुडुङ गर्दा पनि निद्रा लाग्दैन । पानी थामिएपछि मात्रै घरभित्र छिर्छौं ।” केयर नेपालले बजारमा चेतावनी बोर्ड नै राखेको छ ।

१० वर्षदेखि मौरीबगरमा पसल चलाउँदै आएका सैनपसेला-३ का मदन जप्रेलको पसलमा पहिरो छिरेर पोहोर र अहिले गरी रु.४ लाखभन्दा बढीको क्षति भएको छ। उनी भन्छन्, “रोड आउनुभन्दा पहिले केही भएको थिएन । अहिले साह्रै दुःख पाइयो ।” घर नजिकै सडक बन्दा खुशी भएका रावलले अहिले पहिरोले सताएको व्यथा सुनाउँदै भने, “हामीलाई त सडकले नै सडकको बास गराउला जस्तो पो भयो !”

विकासका नाममा जथाभावी गर्ने क्रम बढेपछि २०७२ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वातावरणीय अध्ययन नगरी पहाडी क्षेत्रमा डोजर नचलाउन निर्देशन दिएको थियो । तर बझाङमा यसलाई कुनै वास्ता गरिएन । तत्कालीन स्थानीय विकास अधिकारी युवराज कट्टेल र राजनीतिक दलका स्थानीय कार्यकर्ताको स्वार्थमा जिल्ला विकास समितिको डोजर प्रयोग गरी मौरीबगर सडक खनियो । यसमा कतिसम्म चलाखी गरियो भने- सडक खन्ने काम डोजरले गरे पनि लागत इस्टिमेट र कामको मूल्यांकन गर्दा मानव श्रमिक प्रयोग गरिएको देखाइयो ।

अन्यत्रको हालत पनि उस्तै छ। सैनपसेला गाविसका सचिव जनक मिश्रका अनुसार, डाललेक भन्ने ठाउँमा पनि डोजरले खनेपछि ठूलो पहिरो जान थालेको छ । नजिकै रहेको थापागाउँका ६० परिवारको

घर र खेत जोखिममा परेको छ। यस्तै अवस्था सिमखेत सुर्मा सडकको किमचौर, भ्याढुङ्गा लगायत पाँच ठाउँमा छ। त्यहाँ ३५ परिवारका घर र खेत जोखिममा परेको सुर्मा गाविसका सचिव नन्दराज जोशी बताउँछन्।

## अस्पतालमा क्षति, स्कूल भत्कियो

भाँडेबगर जयपृथ्वी नगर सडक खन्ने क्रममा सामुदायिक भवन र अस्पतालमा क्षति पुग्यो। २०६६ सालमा जापानी राजदूतावासको रु.६१ लाख ५० हजार, ब्याँसी गाउँ विकास समितिको रु.७० हजार, मटेला गाउँ विकास समितिको रु.३ लाख र स्थानीयको रु.५० लाखभन्दा बढी जनश्रमदानबाट मटेला गाविसस्थित डोब्रा सामुदायिक अस्पताल भवन र शौचालय निर्माण भएको थियो। सडक खन्दा डोजरले अस्पतालको डिल ताछेपछि चारमध्ये एउटा भवन चर्किएर भत्किनै लागेको छ। दुई वटा अरू भवन पनि जोखिममा छन्। दुइटै पक्की शौचालय भवन भत्किने अवस्थामा छन्।

सोही गाउँमा तीन वर्षअघि जिल्ला शिक्षा कार्यालयको रु.५ लाख ५० हजार अनुदान र स्थानीयको रु.४ लाख बराबरको श्रमदानमा निर्मित पाँचकोठे जयपृथ्वी निम्न माध्यमिक विद्यालय भवनको जगमा नै असर परेको छ। यसैगरी गाउँलेले चन्दा संकलन गरी बनाएका दुइटा शौचालय भत्किने अवस्थामा छन्। सडक खन्दा चर्केको भवनमा बस्दा दुर्घटना हुने डरले विद्यार्थीलाई चौरमा राखेर पढाउने गरिएको शिक्षक दिनेश रावलले बताए।

उता विकेन्द्रीकृत पूर्वाधार विकास कार्यक्रम (ड्रिलिप) ले निर्माण गरेको चैनपुर रुवातोला सडकमा पर्ने चैनपुरको रुइना बगर र धमेना गाविसको वष्टी सिंचाइ कुलो चार वर्षदेखि बन्द छ। यसबाट यहाँको करीब ५० हेक्टर क्षेत्रफलको खेतीयोग्य जमीनमा हुने सिंचाइ प्रभावित भएको छ। हिउँदे र बर्खे गरी दुई खेती हुने जमीनमा सिंचाइ नभएका कारण अहिले बर्खामा मात्र खेती लगाउने गरेको वष्टीका किसान सत्यराज रोकायाले बताए। सडकले भत्काएको कुलो निर्माण गरिदिन किसानहरू पटक पटक जिविसमा डेलिगेसन गए पनि अहिलेसम्म आश्वासन बाहेक केही पाएका छैनन्।




*मौरिबगर बजारमा केयर नेपालले टाँगेको 'होडिंङ बोड' ।*

मानव श्रमको प्रयोग गरेर बनाएका सडक भने तुलनात्मक रूपमा सुरक्षित छन्। जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (जीआईजेड) ले २०६९ सालमा नगद र खाद्यान्न दिएर स्थानीय श्रमिकमार्फत निर्माण गरेको १५ किलोमिटर लामो बागथला विजगडा सडकमा अहिलेसम्म पहिरो गएको छैन । हालसालै डोजर लगाएर निर्माण गरेका सडकहरू पटक-पटक पहिरोका कारण अवरुद्ध भए पनि २०७० सालमा संचालनमा आएको यो धूले सडक निरन्तर प्रयोगमा छ । बाँऊ गाविसका लालबहादुर मल्ल भन्छन्, "सडक पनि निर्माण भयो, काम गर्न सक्ने र घरमा मान्छे हुने परिवारले महीनाकै ३०/४० हजारसम्म कमाइ पनि गरे । अहिले घरछेउमै गाडी पनि चढ्न पाइएको छ ।" पुल नभएका कारण बर्खायाममा धेरै बाढी आएको वेला दुई/चार घण्टा यातायात अवरुद्ध हुने उनले बताए। सो सडक निर्माण गर्दा ऊण्डै ५०० स्थानीयले दुई वर्षसम्म काम गरेका थिए।

यस्तै ड्रिलिपले मानव श्रमिक लगाएर निर्माण गरेको १८ किलोमिटर लामो भोपुर रुवातोला सडकमा पनि अहिलेसम्म पहिरो गएको छैन। नगद र खाद्यान्न दिएर मानव श्रमिकद्वारा यो सडक निर्माण गरिएको थियो। धेरैजसो



*हेमन्तवाडा कैलास सडकमा लगाएकोडोजर ।*

मानिस रोजगारीका लागि भारततिर जाने सुनिकोट र धमेनाका १५०० भन्दा बढी व्यक्तिहरूको श्रमबाट चार वर्ष लगाएर यो सडक खनिएको थियो।

## 'सबैले हेपे, दैवले पनि हेप्यो'

यो सबै क्षतिको कारण हो, वातावरणीय पक्षलाई ख्याल नगर्नु । जयपृथ्वीबहादुर सिंह मार्गको तमैल–चैनपुर खण्डको सडक निर्माणमा भएको ठूलो क्षतिको कारण पनि यही हो। जिल्लाकै राम्रो उत्पादन क्षेत्र मानिने सुवेडा जिउलोको १३ परिवारको १०० रोपनीभन्दा बढी खेत बगरमा परिणत भएको छ। १२ वटा गोठको अहिले नामोनिसान छैन। वर्षेनि ढुङ्गासहितको लेदो थुप्रिएर खेत पुरिरहेको छ ।

जथाभावी माटो नथुपार्न स्थानीयले गरेको अनुरोधलाई ठेकेदार कम्पनी लामा गोल्डेन जेभी प्रालिले बेवास्ता गर्दा यो अवस्था आएको पीडितहरू बताउँछन्। डोजरले जथाभावी थुपारेको माटोको ढिस्को बन्दा भिरालो जमीनमा अहिले तीन वटा नयाँ खोल्सा बनेका छन्। यिनै खोल्साले बगाएर ल्याएको गेग्यान र बालुवाले पुरेर उब्जाउ खेत वर्षेनि बगरमा परिणत भइरहेको छ। यसलाई रोक्ने प्रयास कतैबाट पनि भएको छैन। पाँच महीनासम्म खान पुग्ने

८ रोपनी खेत र गाईबस्तुलाई ओत दिने गोठ आँखै अगाडि बगरमा परिणत भएको देखेका सिंगवीर रोकायाले भने, "बाढी पीडित भयौं भनेर निवेदन हाल्यौं, बजेट छैन भन्नुभो। हामी दुःखी गरीबका कुरा कसले सुन्छ र ?"

पाँच रोपनी खेत र एउटा गोठ गुमाएका सोही ठाउँका अर्का पीडित मदन रोकायाले पनि ज्याला मजदूरी गरेर १३ जनाको परिवारको छाक टारिरहेको बताए। क्षतिपूर्तिको माग गर्दै उनले विभिन्न कार्यालयका ढोका ढकढक्याए। तर, उल्टै 'विकास गर्न रोड काट्ता अलिअलि क्षति भइहाल्छ नि, केको क्षतिपूर्ति ?' भनेर फर्काइयो।

भाँडेबगर जयपृथ्वीनगर सडकबाट बाढीले बगाएर ल्याएको माटोले भाँडेबगरमा रहेको घर पुर्दा दुई बच्चा, आफू र गाईबस्तुसहित घरभित्र थुनिएकी ३२ वर्षीय एकल महिला शारदा कठायतलाई २०७१ साउनमा राति १२ बजे प्रहरी पुगेर उद्धार गऱ्यो। मुश्किलले बाँचेकी शारदा भन्छिन्, "गएको बर्खामा तीन महीनाको दूधे बच्चा काखी च्यापेर धेरै रात रुछेर बिताएँ। घरको तल्लो तला पूरै पुरिइसकेको र माथिल्लो तलामा प्रत्येक बर्खा हिलो पसेर सुत्न नमिल्ने अवस्था छ।" उनी 'रोडको डिलमा दुई वटा ग्याबिन जाली हालिदिनुस्' भनेर पाँच पटक चैनपुर धाइसकिन् तर कसैले सुनेन। गएको वर्ष श्रीमान् गुमाएकी शारदाले आँसु खसाल्दै भनिन्, "सबैले हेपे, दैवले पनि मलाई नै हेप्यो।"

विभिन्न नाममा जिल्लाभरि बनेका सडकका कारण घर, खेत, गोठ र लगाएको बाली नष्ट भएर करोडौंको क्षति भए पनि जिविस, उपभोक्ता समिति वा ठेकेदार कसैले पनि स्थानीयको पीडा सुनिरहेका छैनन्। उनीहरूले क्षतिपूर्ति दिनु त परै जाओस् कुन सडकका कारण कसको कति क्षति भएको छ भनेर विवरण राख्ने प्रयाससम्म पनि गरेका छैनन्। जिल्ला विकास समिति बझाङका इन्जिनियर लालबहादुर थापाले भने, "केही मात्रामा क्षति भएको जानकारी छ तर यकिन लगत राख्ने र क्षतिपूर्ति दिने काम अहिलेसम्म भएको छैन।"

## प्राविधिक सर्वेक्षण छैन

सडकलगायत ठूला योजना निर्माण गर्दा योजनाले पार्न सक्ने प्रभावको गाम्भीर्यलाई हेरेर प्रारम्भिक वातावरणीय परीक्षण या वातावरणीय प्रभाव

मूल्यांकन गर्नुपर्ने प्रावधान छ । तर, बझाङमा खनिएका सडकमा यस्तो परीक्षण गर्ने कुरा परै जाओस् सामान्य प्राविधिक सर्वेक्षणसम्म पनि गरिंदैन ।

पाँच किलोमिटर लम्बाइ भएको मोर्तोली कैलाश सडकमा प्राविधिक सर्वेक्षण नगरी जिल्ला विकास समितिको डोजर चलाउँदा विभिन्न ठाउँमा साना-ठूला पहिरो खसेका छन् । गौडामा खसेको पहिरोका कारण २० रोपनीभन्दा बढी जमीन पुरिएको छ भने नजिकै रहेको सयौं रोपनी जमीन, ६ परिवारका घर र गोठ जोखिममा छन् । “एक दुई दिन झरी परे ठूलो पहिरो खस्न सक्छ” कैलाशका देवीजङ सिंहले भने, “गाउँले हिंड्ने मूलबाटो यही हो । यहाँ कुनै पनि वेला ढुङ्गा खस्ने डर छ ।”

“मोर्तोली डाँडादेखि भगाला खोलासम्मको ३०० मिटर जति जिविसका प्राविधिकले सर्भे गरेको हो । बाँकी आफैंले अन्दाजको भरमा काट्न लगाएका हौं” मोर्तोली कैलाश सडक निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष महलबहादुर सिंहले भने, “जता जता चट्टान छैन त्यतै काट्न लगायौं । पहिरो लाग्ला भन्ने सोचिएन ।”

कैलाश गाउँ विकास समितिको रु.३ लाख, सांसद् विकास कोषको रु.५ लाख र करीब रु.६ लाख स्थानीयबाट चन्दा संकलन गरी रु.१४ लाखमा यो सडक निर्माण गरिएको हो । पाँच किलोमिटर जति निर्माण भए पनि जिल्ला विकास समितिले अढाइ किलोमिटर मात्र निर्माण भएको प्राविधिक मूल्याङ्कन गरेको छ । बाँकी अढाइ किलोमिटर सडकका लागि आगामी गाउँ परिषद्बाट रकम छुटयाउन लगाउने र पुरानै काम देखाएर फरफारक गर्ने योजना रहेको कोषाध्यक्ष सिंहले खुलासा गरे । आफू जोगिन खोज्दै उनले भने, “पहिले नै रकम सापटी गरेर बढी काम गरेका छौं ।”

८ किलोमिटर लामो पानकोट भुस्या सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष कलक खड्काले आफूहरूलाई वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्छ भन्ने जानकारी नै नभएको बताए । उनले भने, “एक जना परामर्शदाता ओभरसियरबाट सामान्य सर्भे गरेर सडक निर्माण गरेका हौं । अरू केही थाहा छैन ।” त्यहाँ स्थानीय बासिन्दाबाट चन्दा संकलन गरेर जिविसको डोजर लगाइएको थियो । डोजरले काटेका

पाँच ठाउँमा अहिले पहिरो खस्न थालेको छ। सबै भन्दा ठूलो पहिरो डुङ्ग्राकोट गाउँको मुन्तिरबाट खसेको छ। यसले पछि माथि रहेको गाउँलाई समेत जोखिममा पार्ने डर छ।

जिविसका इन्जिनियर लालबहादुर खड्काले जिल्ला विकास समिति र प्राविधिक कार्यालयलाई कुनै जानकारी नै नदिई विभिन्न गाविसमा डोजर लगाएर सडक खन्ने काम भइरहेको बताए। सडक निर्माण गर्दा रोजगारीका हिसाबले मानव श्रमिक लगाउनुपर्ने र वातावरणीय हिसाबले पनि हत्तपत्त डोजर, एस्काभेटरहरू प्रयोग गर्न नमिल्ने उनको भनाइ थियो। "सकेसम्म हेभी इक्वीपमेन्ट प्रयोग नगर्न सरकारको निर्देशन छ। हेभी इक्वीपमेन्ट प्रयोग गर्नु परिहाले कारण स्पष्ट खुलाउनुपर्छ।" थापाले भने जस्तो जिविस बझाङसँग डोजर नै चलाउनुपर्ने कारण र वातावरणीय प्रभावको आकलन दुवै छैन।

एस्काभेटरलगायत भारी उपकरण प्रयोग सम्बन्धमा १२ जेठ २०७२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संघीय मामला तथा स्थानीय विकास मन्त्रालयलाई मापदण्ड निर्माण गर्न निर्देशन दिएको थियो। १८ जेठ २०७२ मा मन्त्रालयले सबै जिल्ला विकास समितिलाई परिपत्र गर्दै कुन कुन काममा भारी उपकरण प्रयोग गर्ने भन्ने यकिन गर्न जिल्ला प्राविधिक कार्यालय प्रमुखको संयोजकत्वमा प्राविधिक समिति गठन गर्ने निर्देशन दिएको थियो।

डोजर संचालन गर्नू भनेर तोकेको ठाउँमा पनि इन्जिनियर तहको कर्मचारीको उपस्थितिमा मात्र डोजर संचालन गर्ने र भारी उपकरणको प्रयोगलाई सीमित गर्नुपर्ने मन्त्रालयको निर्देशन देखिन्छ। जिल्ला प्राविधिक कार्यालय बझाङका प्रमुख देवराज जोशी भन्छन्, "मन्त्रालयको निर्देशन हामीलाई थाहा छ तर उपभोक्ता समिति र ठेकेदारहरूलाई हामीले नियन्त्रण गर्न सक्ने अवस्था छैन।"

# यसरी तहसनहस भयो एउटा पुरानो स्कूल !

**एक जना प्रधानाध्यापक हुनुपर्नेमा तत्कालीन शिक्षा सहायक मन्त्री दिलेन्द्र बडूको स्वार्थमा अर्कोलाई बनाउँदा सुदूरपश्चिमको एउटा नामी स्कूल तहसनहस भयो, कसरी ?**

■ **भवानी भट्ट**

कञ्चनपुर। वैजनाथ उच्च माध्यमिक विद्यालय कुनै वेला जिल्लाकै उत्कृष्ट विद्यालयमा चिनिन्थ्यो। सदरमुकाम महेन्द्रनगरको यो विद्यालय जिल्लाको पुरानो छँदै थियो, सँगै अब्बल विद्यार्थी उत्पादनमा अग्रणी स्थानमा थियो। कुनै बेला एसएलसीमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमै उत्कृष्ट नतीजा ल्याएबापत दुई पटक ऐश्वर्य विद्या शिल्ड जित्न सफल थियो।


श्री वैजनाथ नमुना उच्च माध्यमिक विद्यालय



केही वर्षयता विद्यालयले आफ्नो यो परिचय गुमाउँदै गएको छ । यतिसम्म कि एसएलसीमा एक/दुई जना विद्यार्थी पास गराउन विद्यालयलाई हम्मेहम्मे पर्न थालेको छ ।

महेन्द्रनगर बजारको मुटुमा करीब १३ बिघा जमीनमा निर्मित विशाल भवनहरू छन् । बाहिरबाट हेर्दा ठूलो कलकारखाना जस्तै देखिन्छ । प्रावि, निमावि, मावि र उच्च माविका छुट्टाछुट्टै आकर्षक ब्लकहरू छन्। तर विद्यार्थी कम हुँदा सबै ब्लकहरू सुनसान झैं लाग्छन्।

२०५६ सालसम्म एउटै कक्षामा ५/६ वटा सेक्सन चल्थे। अहिले सिङ्गो एउटा कक्षामा ४०/५० जना विद्यार्थी पुग्दैनन् । विद्यालयका अनुसार २०५५/५६ देखि विद्यार्थीको संख्या क्रमशः घट्दै गएको हो । “त्यसअघि निमावि र माविमा मात्रै दुई हजार विद्यार्थी भर्ना हुन्थे” सहायक प्रधानाध्यापक जनार्दन जोशी भन्छन्, “अहिले स्कुलमा साढे चार सय विद्यार्थी मात्रै छन्। पढाइको स्तर खस्कँदै गएपछि विद्यार्थीको संख्या पनि वर्षेनि घट्दो छ।”

## पाँच वर्षमा ३४ पास

पछिल्लो पाँच वर्षयता कुनै वर्ष पनि यो विद्यालयबाट एसएलसीमा १० जना भन्दा बढी विद्यार्थी पास भएका छैनन्। विद्यालयका अनुसार, पाँच वर्षमा एसएलसी दिएका २४८ विद्यार्थी मध्ये ३४ जना मात्रै उत्तीर्ण भएका छन्। गत वर्ष त झन् ३७ विद्यार्थीमा एक जना मात्रै पास भए। एसएलसीको राष्ट्रिय नतीजा ४७.४३ प्रतिशत छ। कञ्चनपुरको नतीजा ३० को हाराहारीमा छ । तर यो विद्यालयको नतिजा २.७ प्रतिशत मात्रै छ ।

२०७२ सालको एसएलसीमा ३७ जना परीक्षामा सहभागी थिए । त्यसमा सबैभन्दा धेरै अंग्रेजीमा ३२, गणितमा २९ र विज्ञानमा २८ अनुत्तीर्ण भए । ऐच्छिक विषयमा समेत नतीजा निकै खस्केको छ । ऐच्छिक गणितमा एक जना पनि पास भएनन्। ऐच्छिक स्वास्थ्यमा २३ मा ३ र कम्प्युटरमा १३ मा ३ जना मात्र पास भए।

शिक्षकहरूको तलबमा मात्रै वार्षिक एक करोड रुपैयाँ खर्च हुने विद्यालयबाट एसएलसीमा एक जना मात्रै उत्तीर्ण हुनु लाजमर्दो अवस्था हो।

अंग्रेजी विषय गएको बर्ष अवकाश पाएका हजारी भट्टले पढाउँथे। गणित र ऐच्छिक गणित तपेन्द्र भट्ट पढाउँछन्। विज्ञान नरेन्द्र जोशीले पढाउँछन्। कम्प्युटर सागर पौडेल र ऐच्छिक स्वास्थ्य हरेन्द्र पाण्डेयले पढाउँछन्। यिनै विषयमा सबैभन्दा कम विद्यार्थी पास भएका छन्। "प्रअको लडाइँ शुरू भएदेखि विद्यालयको पठनपाठन बिग्रेको हो" पुराना शिक्षक लालमणि पाण्डेय भन्छन्, "प्रअको लडाइँमा शिक्षकहरू गुटबन्दीमा लागे, विद्यालयको बेहाल भयो।"

२०२३ सालमा वैजनाथ व्यावसायिक माविका रूपमा स्थापना भएको यो विद्यालय २०३३ मा वैजनाथ माविमा परिणत भएको थियो। स्थापनाकालदेखि नै पर्याप्त शिक्षक थिए। हाल प्राविदेखि माध्यमिक तहसम्म २४ जना शिक्षक छन्।

शिक्षक संघ-संगठनहरूमा राजनीति गर्ने धेरैजसो शिक्षकहरू यही विद्यालयका छन्। सदरमुकाम नजिकैको विद्यालय भएकाले संगठनको राजनीति गर्न सजिलो छ। यसैले अन्य ठाउँका शिक्षकहरू पनि सरुवा मिलाएर यहाँ आउन चाहन्छन्। शिक्षकहरूको छाता संगठन शिक्षक युनियन कञ्चनपुरका जिल्ला अध्यक्ष लालमणि पाण्डेयदेखि विभिन्न शिक्षक संगठनका जिल्लास्तरका नेता शिक्षकहरू यसै विद्यालयमा छन्। ओमप्रकाश जोशी एमाओवादी निकट अखिल नेपाल शिक्षक संगठनका जिल्ला उपाध्यक्ष हुन्। तपेन्द्र भट्ट पनि त्यही संगठनका जिल्ला सदस्य हुन्। शिक्षिका निर्मला जोशी कांग्रेस निकट नेपाल शिक्षक संघकी जिल्ला उपाध्यक्ष हुन्। ध्रुव पण्डित एमाले निकट नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सदस्य छन्।

शिक्षकहरू राजनीतिमा लागेपछि विद्यालयको पठनपाठन बिग्रेको अभिभावक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू बताउँछन्। कुनै पनि दिन सबै पिरियड पढाइ नहुने विद्यार्थी बताउँछन्। "स्कूल लाग्छ तर पढाइ हुँदैन" कक्षा १० मा अध्ययनरत छात्र विजय चौधरीले भने, "दिनमा दुई/तीन पिरियड त प्राय: खाली नै हुन्छन्।" वर्षमा २२० दिन अनिवार्य पढाइ हुनैपर्ने प्रावधान छ। "सात पिरियड पढाइ भएको कुनै दिन छैन" विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष वीरेन्द्र चन्द भन्छन्, "वर्षमा डेढ सय दिन पनि पढाइ हुँदैन। विद्यार्थीले कोर्ष



पूरा नहुँदै परीक्षा दिनुपर्ने बाध्यता छ।" विद्यालय खुल्ने र शिक्षकहरूको हाजिरीका हिसाबले पठनपाठन नियमित नै भएको देखिन्छ । तर शिक्षकहरू विद्यालयमा हाजिरी लगाएर आफ्नो काममा लाग्ने, विद्यालयमै भए पनि नियमित पठनपाठनमा सहभागी नहुने शिक्षकहरू नै बताउँछन्।

विद्यालयमा कक्षाकोठा, कार्यालय, प्रयोगशाला र छात्रावाससहित ७० कोठे ७ वटा छुट्टाछुट्टै भवन छन्। कक्षाकोठा मात्रै ३५ वटा छन्। धेरैजसो कक्षाकोठा प्राय: खाली छन्। वर्षेनि भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा कार्यालयबाट प्राप्त हुने रकम पनि यो विद्यालयले पाइरहेको छ। यस वर्ष पनि करीब २५ लाख रुपैयाँको लागतमा शिक्षा कार्यालयको अनुदानमा चारकोठे भवन निर्माणाधीन छ। विद्यालयले पाँच बिघा जमीन लिजमा दिएर वार्षिक डेढ लाख रुपैयाँ आम्दानी गर्छ। त्यसका अतिरिक्त इन्जिनियरिङ कलेजलाई भवन भाडामा दिएबापत वार्षिक साढे चार लाख आम्दानी हुन्छ ।

## बडूको स्वार्थ: द्वन्द्वको बीउ

२०५६ सालसम्म विद्यालयको अवस्था ठीकै थियो। सोही वर्ष प्रधानाध्यापक विष्णुदत्त भट्ट शिक्षक सेवा आयोगमा गएपछि प्रधानाध्यापक हुने चलखेल शुरू भयो । उनले तत्कालीन शिक्षा सहायक मन्त्री दिलेन्द्रप्रसाद बडूको दबाबमा कृष्ण उमावि रुलारीका शिक्षक गगन गिरीलाई ल्याएर

प्रधानाध्यापक बनाएपछि शिक्षकहरू दुई कित्तामा विभाजित भए । विद्यालयको शैक्षिक वातावरण खल्बलियो। गिरी कांग्रेस नेता तारणीदत्त चटौतका मीत पनि हुन् ।

सामान्यतया एउटा विद्यालयको प्रअ अर्को विद्यालयमा सोझै सरुवा हुँदैन । तर विष्णु भट्टले बडूको दबाबमा सबै कागजात र प्रक्रिया मिलाउन सहयोग गरेर मात्रै गिरी यहाँ आएका हुन्। गिरी विद्यालयमा हाजिर हुन आएका दिन पनि अन्य शिक्षकलाई जानकारी दिइएन। प्रअ भट्टले नै गिरीको हाजिरी गराएर सोही दिनदेखि विदा लिएका थिए। शिक्षा ऐन, नियममा एउटा विद्यालयको प्रअलाई प्रअकै रूपमा अर्को विद्यालयमा सरुवा गर्न मिल्ने प्रावधान छैन ।

त्यतिवेला वरिष्ठताका आधारमा प्रावि तहका शिक्षक वीरबहादुर चन्द प्रधानाध्यापक हुने लाइनमा थिए। बाहिरबाट ल्याएर प्रधानाध्यापक बनाएको विरोधमा केही शिक्षक वीरबहादुर चन्दको पछि लागे भने केही गगन गिरीको । "त्यतिवेला वीरबहादुर सरले नै प्रधानाध्यापक पाउनुपर्थ्यो" २४ वर्ष प्रअ भई विद्यालय चलाएका अवकाशप्राप्त शिक्षक विष्णुदत्त भट्ट भन्छन्, "तर बडूले गगन गिरीलाई प्रधानाध्यापक बनाउन मलाई दबाब दिए।"

शिक्षकहरूबाटै असहयोग भएपछि गगन गिरीले चार वर्ष मात्रै स्कूल चलाए। त्यसपछि मोहनदत्त जोशी प्रअ भए। उनले पनि तीन वर्ष चलाए। २०६४ सालमा विष्णुदत्त भट्ट फर्केपछि विवाद चुलियो। प्रअ जोशीलाई राजीनामा दिन लगाएर भट्टलाई नै प्रअ बनाउने खेल शुरू भयो। भट्टलाई प्रअ बनाउने सहमति अनुसार भट्ट, लालमणि पाण्डेय र हजारीदत्त भट्टले आवेदन दिए। तर शिक्षा कार्यालयले भट्टको मूल्यांकनमै नराखेपछि व्यवस्थापन समितिसँग पनि शिक्षकहरूको द्वन्द्व शुरू भयो। शिक्षा कार्यालय हुँदै क्षेत्रीय शिक्षा निर्देशनालयसम्म पुगेपछि भट्टलाई नै प्रअ बनाइयो। व्यवस्थापन समितिले भट्टलाई नै प्रअ बनाउन भनेर शिक्षा कार्यालयमा निवेदन दिएका थिए।

भट्ट २०७० सालमा अनिवार्य अवकाश हुँदा लालमणि पाण्डेयलाई निमित्त दिएका थिए। तर हजारीदत्त भट्ट नेतृत्वको शिक्षक समूहले जुनियरलाई निमित्त दिएको भन्दै विद्यालयमा तालाबन्दी गऱ्यो। मुद्दा पनि

पऱ्यो । विद्यार्थी संगठनले पाण्डेयलाई नियम विपरीत प्रअ हुन खोजेको भन्दै कालोमोसो दलेर बजार घुमाए । २०७१ साउनमा हजारी भट्टलाई जबर्जस्ती प्रअ बनाइयो । उनले २०७२ असारमा आफू अवकाश हुँदा कसैलाई पनि निमित्त नदिंदा विद्यालय सञ्चालनमा झन् समस्या देखियो । त्यसपछि सहायक प्रअ जनार्दन जोशीले स्कूल सञ्चालन गर्न थाले ।

निमित्त भएदेखि कार्यालयका ताला र कागजात राख्ने दराजको साँचो आफूसँगै राखेका पाण्डेय प्रधानाध्यापक हुन नपाएको झोंकमा आक्रोशित बन्दै गए । उनले विद्यालयमा पढाउन पनि छाडे र अन्य शिक्षकलाई पनि आफ्नो विषय पढाउन दिएनन् । १४ असार २०७२ मा कक्षा १० मा पढाइरहेका वेला सहायक प्रह जोशीमाथि पाण्डेयले कक्षाकोठामै हातपात गरे । त्यसपछि विद्यार्थीले उनलाई समातेर जिल्ला शिक्षा कार्यालय पुऱ्याए । जोशीले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए । पछि दुवैले सहमति गरेर मुद्दा फिर्ता लिए । पाण्डेयले दुई वर्षदेखिको हिसाबकिताब बुझबुझारथ गर्ने सहमति जनाए ।

प्रअ छनोट हुँदा पटक-पटक विवादमा आउने पाण्डेय व्यवस्थापन समितिले असहयोग गरेका कारण विवाद भएको बताउँछन् । “मलाई व्यवस्थापन समितिले प्रअ बनाउन चाहेन” उनी भन्छन्, “त्यही भएर पटक पटक विवाद भई विद्यालयको वातावरण बिग्रिएको हो ।” उनी कांग्रेस निकट नेपाल शिक्षक संघका तर्फबाट शिक्षक युनियनको जिल्ला अध्यक्ष समेत हुन् । उनी निमित्त हुँदा विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पनि कांग्रेसकै वीरेन्द्र चन्द अध्यक्ष थिए । विष्णु भट्ट र गगन गिरी पनि शिक्षक संघकै हुन् । जनार्दन जोशी, हजारी भट्ट र वीरबहादुर चन्द एमाले निकट नेपाल राष्ट्रिय शिक्षक संगठन आबद्ध हुन् ।

सहायक प्रअ जोशी र प्रअका प्रत्यासी पाण्डेय भर्खरै अवकाश भइसके । विद्यालयलाई लामो समयसम्म सञ्चालन गर्न सक्ने भन्दै विज्ञानका शिक्षक नरेन्द्र जोशीलाई निमित्त प्रअ बनाउने सहमति गरेका थिए । त्यसै अनुसार प्रअ छनोटको प्रक्रिया पनि अघि बढाएका छन् । उनलाई पुराना शिक्षक/शिक्षिका गंगादत्त जोशी, तपेन्द्र भट्ट र नारा जोशीले पनि समर्थन गरेका थिए । तर उनका विरुद्ध पनि नियम विपरीत प्रअ बनाउन लागेको भन्दै अख्तियारमा मुद्दा परेको छ । तपेन्द्रले सबैका

अगाडि समर्थन जनाए पनि उक्त निर्णय भएदेखि उनी असन्तुष्ट भई विद्यालय आउन छाडेका छन् ।

शिक्षा नियमावली २०५९ मा मावि तहको प्रधानाध्यापकको लागि कम्तीमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकले दरखास्त दिनसक्ने व्यवस्था छ । उक्त नियमावलीलाई आफू अनुकूल व्याख्या गरेर पुराना शिक्षकहरू अनावश्यक झमेला गर्दै आएका छन् । शिक्षाशास्त्रमा स्नातकोत्तर नभएका तर अन्य विषय वा संकायमा स्नातकोत्तर गरेकाहरूले पनि सोसरहको प्रावधानलाई टेकेर विवाद गरिरहेको जिल्ला शिक्षा अधिकारी श्यामसिंह धामी बताउँछन् । 'सो सरह' भन्ने प्रावधानको आफू अनुकूल व्याख्या हुने गरेको छ ।

## नातागोताको भीड

विद्यालयको शैक्षिक तथा भौतिक विकासमा व्यवस्थापन समितिको भूमिका पनि महत्वपूर्ण हुन्छ । तर यहाँ आउने अध्यक्ष तथा पदाधिकारीहरू विद्यालयलाई के दिन सकिन्छ भनेर नभई के लिन सकिन्छ भन्ने सोचाइ राखेर आउने हुँदा विद्यालयको शैक्षिक स्तर वर्षेनि खस्किँदै गएको हो ।

"शिक्षक पनि राजनीतिमै लागे भने व्यवस्थापन समिति पनि विद्यालयमै राजनीति गर्न थाले, त्यही भएर शैक्षिक वातावरण खराब हुँदै गएको हो" पूर्व प्रअ विष्णु भट्टले भने । उनका अनुसार वैजनाथमा जति पनि व्यवस्थापन समितिको अध्यक्ष भए सबैले आ-आफ्ना नातेदार शिक्षकमा भर्ना गराए । उनका अनुसार २०६४ मा सुरेन्द्र विष्ट अध्यक्ष हुँदा उनले आफ्नी श्रीमती कुसुम विष्टसँगै ध्रुवराज पण्डित र वाचस्पति भट्टलाई अस्थायी शिक्षक भर्ना गर्न प्रक्रिया पुऱ्याए । पण्डित र भट्ट एमाले निकट हुन् भने अध्यक्ष विष्ट पनि एमाले सम्बद्ध हुन् ।

उनीपछि आएका अध्यक्ष वीरेन्द्र चन्दले पनि आफ्नी श्रीमती विमला चन्दलाई राहत दरबन्दीमा शिक्षक भर्ना गराइछाडे । वीरेन्द्र चन्द अघिका अध्यक्षले जमीन भाडामा लिने व्यक्तिसँग मिलेर सस्तो दरमा लिजमा दिने गरेको विद्यालयका शिक्षकहरू बताउँछन् । "पहिले प्रति बिघा १३ हजार मात्रै भाडा आउँथ्यो" सहायक प्रअ जोशीले भने,

"अध्यक्ष परिवर्तन भएपछि त्यो रकम दोब्बर बढेर प्रति बिघा साढे २५ हजार पुग्यो ।"

"विद्यालयबाट लिन खोज्ने मात्रै आए दिन खोज्ने कोही आएनन्" पूर्व प्रअ विष्णु भट्टले भने, "आफ्ना छोराछोरी बोर्डिङमा पढाउने अर्काका छोराछोरी पढ्ने ठाउँमा राजनीति गर्न मात्रै आउने प्रवृत्तिले विद्यालय बिग्रियो ।"

सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिकाको अभिभावक मात्रै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन पाउने व्यवस्था छ । तर बोर्डिङ पढ्ने बालबालिकालाई प्रक्रिया पुऱ्याउन यहाँ भर्ना गरेर पनि अध्यक्ष हुने प्रवृत्ति छ । विद्यालयको अभिभावक नै नभएका पनि कति अध्यक्ष भएका छन् ।

पूर्व अध्यक्ष वीरेन्द्र चन्द अघिका धेरैजसो अध्यक्षहरू अभिभावक थिएनन् । वीरेन्द्र चन्दले व्यवस्थापन समिति गठन हुँदा आफ्नो छोरालाई उक्त विद्यालयमा भर्ना गरे पनि डेढ दुई महीनामै त्यहाँबाट अन्यत्र लगेका थिए । पूर्व अध्यक्ष सुरेन्द्र विष्ट र रवीन्द्र कुवर पनि अभिभावक थिएनन् । २०७१ मा विष्णु भट्टले अवकाश पाएपछि नयाँ प्रअ छनोटका लागि भएको प्रक्रियामा वीरेन्द्र चन्द अध्यक्ष थिए । त्यतिवेला लालमणि पाण्डेयसहितका केही शिक्षकले 'अभिभावक नभएको अवैध अध्यक्षले गरेको छनोट नमान्ने' अडान लिएका थिए ।

## मेरो चासोको विषय होइनः बडू

आफ्नो सानो स्वार्थका कारण विद्यालय यति तहसनहस भएकोमा तत्कालीन शिक्षा सहायक मन्त्री तथा कांग्रेस नेता दिलेन्द्र बडूमा कुनै पश्चात्ताप देखिन्न । उनले यो आफ्नो सरोकारको विषय नभएको बताए । बडूले "विष्णु सरलाई शिक्षक सेवा आयोगमा नियुक्त गराए पनि प्रधानाध्यापक सरुवामा आफ्नो कुनै संलग्नता नरहेको" बताए । उनी भन्छन्, "कुन विद्यालयमा को प्रअ हुन्छ, त्यो मेरो चासोको विषय होइन र को शिक्षक कहाँबाट कसरी आयो मलाई थाहा पनि छैन ।"


# ३५०० परिवारको उठिबास

**द्वन्द्वकालमा घरजग्गा किनेर तत्कालीन ‘माओवादी जनसत्ता’ मा पास गरेर बसेका रुकुमका मात्रै ३५०० घरपरिवारको उठिबास हुँदैछ।**

**प्रचण्ड, बाबुरामले बेवास्ता गरे। कांग्रेस, एमालेले आफ्नो ठानेनन्। सर्वोच्च अदालत वैरी भयो।**

■ **हरि गौतम**

एकीकृत नेकपा माओवादीको रुकुम जिल्ला कार्यालयमा हिजोआज दिनहुँजसो गुनासो र उजुरी बोकेर मानिस आउने गर्छन्। बसेको घर, अन्न फल्ने खेत र घाँस काटिरहेको कान्लो छाड्नुपर्ने भयो भनेर एमाओवादी कार्यालयमा पुग्ने धेरै छन्। “समस्या समाधान गर्न विलम्ब हुँदै गएका कारण जनताले दुःख पाइरहेको” बताउँछन् एमाओवादी जिल्ला अध्यक्ष गोपाल शर्मा ‘अनल’ पनि। उनी भन्छन्,





“यसमा हाम्रै पार्टी चुक्यो, समस्या समाधानका लागि केन्द्रमा दबाब दिइरहेका छौं ।”

एमाओवादी रुकुमलाई पिरोल्ने विषय जनयुद्धकालीन जनसत्ताले गरेको एउटा काम हो । तत्कालीन माओवादी नेता बाबुराम भट्टराईको नेतृत्वमा रहेको क्रान्तिकारी जनपरिषद् अन्तर्गत निर्माण गरिएको जनसत्ताले गरेको घरजग्गा कारोबारको रजिष्ट्रेसन पास अहिले माओवादीका लागि गलपासो भएको छ । नेपालको संविधान, भूमि सम्बन्धी कानून र न्याय प्रणालीले नचिन्ने जनसत्ताको त्यो कामका कारण अहिले रुकुमेलीहरू गम्भीर समस्यामा परेका छन् ।

दशवर्षे सशस्त्र युद्ध सहजै झेलेका गरायलाका धनबहादुर विक शान्ति प्रक्रियापछि अहिले शरणार्थी भएका छन् । देशमा युद्ध सकियो, युद्ध सकिएपछि शरणार्थी बनेकाहरू पनि आ-आफ्नो घर फर्के । तर, धनबहादुर भने श्रीमती र छोराछोरीसहित गाउँ छाडेर सदरमुकाम सर्न बाध्य भए । तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको जनसत्तामा जग्गा पास गर्नु धनबहादुरको परिवारका लागि अभिशाप भयो ।

धनबहादुरले २८ पुस २०६१ मा गरायला-५, खालचौरमा रहेको रणे कामीको कित्ता नम्बर ८८ को १ हजार १० वर्ग मिटर जग्गा रु.१ लाख ७३ हजारमा खरीद गरेका थिए । जिल्ला मालपोत कार्यालय, रुकुम नगएर उनी त्यसवेलाको चलन अनुसार माओवादीको स्थानीय जनसत्तामा गए र जग्गा पास गरे ।


६ वर्षपछिको एक दिन, २०६७ चैतमा पहेंलपुर भएर गहुँ पाकेको थियो । गहुँ भित्र्याउने सुरसार चल्दै गरेको त्यो बिहान ‘यो जग्गा मेरो हो’ भनेर स्थानीय टाउके कामीले दाबी गरिन् । “गहुँ नकाट् त्यो मेरो जग्गा हो” भन्दै आफ्ना छोरासहित टाउके आएर कराएपछि धनबहादुरसँग झगडा भयो । जग्गाको बाली पनि फालाफाल भयो । ६ वर्षदेखि आफूले भोगचलन गर्दै आएको जग्गामा अर्कैले दाबी गरेपछि धनबहादुर मालपोत कार्यालय, रुकुम पुगे । त्यहाँ उनी छाँगाबाट खसे झैं भए । रणे कामीले रु.१० लाख लिएर ५ पुस २०६७ मै त्यो जग्गा टाउके कामीका नाममा पास गरिसकेको रहेछ ।

आफूले पैसा हालेको जग्गा भनेर धनबहादुरले नछाडेपछि टाउकेले ७ भदौ २०६८ मा धनबहादुर र उनकी आमा कालीलाई विपक्षी बनाएर रुकुम जिल्ला अदालतमा मुद्दा हालिन् । २३ माघ २०६९ मा अदालतले टाउकेका पक्षमा फैसला गऱ्यो । फैसलापछि पनि केही समय धनबहादुरले बलजफ्ती गरिरहे। टाउकेले फेरि 'जग्गा चलन चलाई बिगो भराई पाऊँ' भनेर अर्को मुद्दा दिइन् । अनि धनबहादुर आफूले कमाइआएको जग्गा छोडेर सदरमुकाममा शरणार्थी भएका छन् ।

अहिले धनबहादुरसँग न जग्गा छ न पैसा । १० वर्ष अगाडि हालेको रु.१ लाख ७३ हजार डुब्यो। धनबहादुर भन्छन्, "मुद्दा लड्दा उल्टै रु.३ लाख खर्च भयो, समय पनि बर्बाद भयो।" उनले आफ्नो जग्गा फिर्ता दिलाइदिन पटक पटक माओवादीसँग आग्रह गरे । उनी भन्छन्, "मैले मेरो जग्गा फिर्ताको लागि बाबुराम र जनार्दनहरूसँग पटक पटक भनें। समस्या समाधान भएन। मेरो पीडा यही हो।" जनसत्तामा जग्गा पास गरेकोमा ठूलो पश्चात्तापमा छन् धनबहादुर। उनी भन्छन्, "बेकार गरिएछ। नराम्रो लागिरहेको छ।"

खाराका मनबहादुर र लालमती खत्री २२ वर्षदेखि आफूले कमाउँदै आएको जग्गा अर्काको नाउँमा छ भन्ने थाहा पाएपछि भोक न निद्रा भएका छन्। माओवादी जनसत्ता खत्री दम्पतीका लागि ठूलो अभिशाप भयो। २०५० सालमा किनेको जग्गा खत्री दम्पतीले ९ वर्षपछि तत्कालीन माओवादीको स्थानीय जनसत्तामा पास गरेका थिए। "जग्गा किनेको केही वर्ष पास गरिएन, पछि जग्गा पास गर्न जिल्ला जान खोज्दा जनसत्ताले दिएन। मन नलागी नलागी जनसत्तामा जग्गा पास गरें। अहिले आएर जग्गा पुरानै साहूको भो भन्छन्।"

त्यसवेला यसो भएको रहेछ । जग्गा पास गर्न घरबाट हिंडेका मनबहादुरलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले बाटोबाटै फर्काएछन्। 'अब नयाँ सत्ता आयो, जनसत्तामा जग्गा पास गर्नुपर्छ' भनेर दबाब दिए। १२ मंसीर २०५९ का दिन मनबहादुरको घरमा आएको एक जना माओवादी कार्यकर्ताले 'राति नै जग्गा पास गरौं' भनेपछि मनबहादुरले 'हुन्न' भनेर अड्डी लिएछन्। त्यसपछि भोलिपल्ट १३ गते




*क्याप्सनः*

स्थानीय अन्धनाशक उच्च माविको प्राङ्गणमा मनबहादुरसहित अरू केहीको जग्गा जनसत्तामा पास गरिएको रहेछ ।

पहिलो सन्तान विष्णु जन्मेकै वर्ष किनेको हुनाले खत्री दम्पतीलाई त्यो जग्गाको पनि छोरा समान माया लाग्छ । मनबहादुरले भने, "छोरो विष्णु काखमा थियो, छिमेकी पदमबहादुर बाँठाबाट १४ हजार रुपैयाँमा जग्गा किनें । त्यसपछि ऋण्डै एक लाख रुपैयाँ खर्चेर सम्याएँ, राम्रो बनाएँ। अहिले यो हालत भो।" मुद्दा मामिलाले खत्री परिवारको अवस्था कतिसम्म बिग्रियो भने २०५० सालमा किनेको त्यो जग्गामा मुद्दा परेपछि सोही वर्ष जन्मेको छोरो विष्णु अहिले पैसा कमाउन भारत पसेका छन् ।

माओवादी सत्ताको राप सेलाउँदै गएपछि तिनै पदमबहादुर बाँठाले २०७१ सालमा रुकुम जिल्ला अदालतमा 'जग्गा खिचोला' मुद्दा हाले । मनबहादुर र विष्णु विरुद्ध परेको मुद्दामा ६ असार २०७२ मा जिल्ला अदालत रुकुमले 'खिचोला मुद्दा द्वन्द्वसँग जोडिएको विषय मान्न नसकिने हुनाले उक्त जग्गा वादी पदमबहादुरकै हुने' फैसला गऱ्यो ।

२२ वर्षदेखि कमाउँदै आएको जग्गा जसले जे भने पनि नछाड्ने




*क्याप्सनः*

मूडमा छन् मनबहादुर । "जे फैसला होस्, बरु ज्यान जाला म जग्गा कसैलाई दिन्न" मनबहादुरले भने, "म अन्यायमा परेको छु, मैले न्याय पाउनुपर्छ ।" आफूले खाईपाई आएको जग्गा अर्काको हुनुमा तत्कालीन जनसत्ता मुख्य दोषी भएको उनको बुझाइ छ । मनबहादुर भन्छन्, "सदरमुकाम पुगेर जग्गा पास गर्न पनि नदिने, अहिले समस्या पर्दा कसैले वास्ता पनि नगर्ने, यो सबै त्यही जनसत्ताले गर्दा भएको हो ।"

खाराकै भीमबहादुर कामीको परिवारले सात लाख रुपैयाँ तिरेर किनेको जग्गा अहिले उनीहरूको हातमा छैन । गाउँको आफ्नो घर बिक्री गरेर किनेको त्यो जग्गा पुरानै मालिकले कमाउन थालेका छन् । भीमबहादुरले २०५६ सालमा किनेको जग्गा जनसत्तामा पास गर्न तत्कालीन माओवादी कार्यकर्ताले जोडबल गरेपछि १४ हजार रुपैयाँ मालपोत राजश्व तिरेर जनसत्तामा पास गरेका थिए। शान्ति स्थापनापछि जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा परे पनि आफूहरूले त्यसको कुनै वास्ता नगरेको उनी बताउँछन् । अहिले आएर त्यसले मान्यता पाउँदैन भन्दा भीमबहादुर छक्क परेका छन् ।

## तालिका १
## अदालतमा मुद्दा हारेकाहरू

| क्र.स. | नाम | ठेगाना | खरीद गर्दाको मूल्य |
|---|---|---|---|
| १ | तिलबहादुर कामी | स्यालापाखा-७, रुकुम | रु.३0,000 |
| २ | हरिबहादुर मल्ल | गोतामकोट-२, रुकुम | रु.५२,000 |
| ३ | खले भण्डारी | रु.गोतामकोट-२, रुकुम | ४२,000 |
| ४ | काली कामी/ धनबहादुर विक | गरायला-५, रुकुम | रु.१,७३,000 |
| ५ | मैते कामी | खारा-७, रुकुम | रु.७,00000 |
| ६ | मनबहादुर खत्री/ विष्णु खत्री समेत | खारा-८, रुकुम | रु.१४,000 |
| ७ | लिले खत्री | खोलागाउँ-७, रुकुम | रु.३0,000 |
| ८ | यमबहादुर सुनार | कोटजहारी-३, रुकुम | रु.१0,00000 |
| ९ | चित्रबहादुर ओली | खारा-८, रुकुम | रु.३,५0,000 |
| १0 | पदमबहादुर खत्री | खारा-६, रुकुम | रु.१,८0,000 |
| ११ | दलबहादुर बोहरा | नायकबाडा-३, जाजरकोट | रु.१,६५,000 |

धनबहादुर, मनबहादुर र भीमबहादुर जस्ता १२ जना *(हे. तालिका १)* ले अदालतबाट मुद्दा हारिसकेका छन् । यसले त्यसवेला जनसत्तामा पास गरेर जग्गा बिक्री गर्ने अरूलाई मुद्दा गर्न प्रेरित गरिरहेको छ भने जग्गा किन्ने करीब ३५00 *(हे. तालिका २)* जनालाई फस्काएको छ । जनसत्तामा गरेको रजिष्ट्रेसन पासले मान्यता नपाएपछि वर्षौं बसेका र कमाएका घर/जग्गा पुरानै साहुको नियन्त्रणमा पुग्न थालेका छन् । अहिलेसम्म ११ जनालाई प्रतिवादी बनाएर रुकुम जिल्ला अदालतमा दायर मुद्दा वादीहरूकै पक्षमा फैसला भएको छ । अधिवक्ता यक्कबहादुर पाण्डे

तालिका २

**सिङ्गो जिल्ला संकटमा : जनसत्तामा जग्गा पास गर्नेहरू**

| क्र.स. | गाविस | घर/जग्गा संख्या | क्र.स. | गाविस | घर/जग्गा संख्या |
|---|---|---|---|---|---|
| १ | दुली | ३५३ | १९ | साँख | ७४ |
| २ | पीपल | ३२४ | २० | फुला | ६२ |
| ३ | गरायला | २४२ | २१ | विजयश्वरी | ५६ |
| ४ | पूर्तिमकाँडा | २३१ | २२ | चौखावाङ | ५१ |
| ५ | मग्मा | २३० | २३ | स्यालापाखा | ३९ |
| ६ | अर्मा | २०० | २४ | महत | २३ |
| ७ | खोलागाउँ | १९८ | २५ | छिवाङ | २१ |
| ८ | खारा | १९८ | २६ | भलाक्चा | १९ |
| ९ | वाँफीकोट | १६९ | २७ | मुरु | १३ |
| १० | सिम्ली | १५३ | २८ | रुकुमकोट | १० |
| ११ | गोतामकोट | १४५ | २९ | प्वाङ | ९ |
| १२ | स्यालाखदी | १२१ | ३० | पोखरा | ८ |
| १३ | रुँघा | ११७ | ३१ | जाङ | ७ |
| १४ | आठविसकोट | ११५ | ३२ | घेत्मा | ७ |
| १५ | नुवाकोट | १०१ | ३३ | मोरावाङ | ६ |
| १६ | कोटजहारी | ९२ | ३४ | पेउघा | ४ |
| १७ | चुनवाङ | ९१ | ३५ | कोल | २ |
| १८ | आठविस डाँडागाउँ | ८२ | | **जम्मा** | **३,५७३** |

भन्छन्, "प्रतिवादीसँग जनसत्ताको लिखत बाहेक केही प्रमाण हुन्न । वादीले बकाइदा आफ्नो नाउँको जग्गाधनी पुर्जासहितका कागजात पेश गरेपछि अदालतले प्रमाणको आधारमा फैसला गरिरहेको छ ।"

केही इमानदारहरू पनि देखिएका छन् । जनसत्तामा पास गरेर जग्गा बेचेका खाराकै वीरबहादुर ओली भन्छन्, 'रुपैयाँ भन्दा इमान ठूलो



*क्याप्सनः*

हो। उतिवेला त्यो पैसाले ठूलै काम गरेको थियो। पैसाका लागि इमान बेच्नु राम्रो होइन।" उस वेला पास गरेर दिएको जग्गामा अहिले किन किचलो उठिरहेको छ त ? पीपलका लोकबहादुर खत्री भन्छन्, "सडक, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सुविधा घरछेउमा पुगेपछि जग्गाको मूल्य स्वतः बढ्छ त्यही बढेको मूल्य खानलाई यो बेइमानी भइरहेको छ।"

विद्रोह उत्कर्षमा पुग्दा जनसत्ताका नाममा समानान्तर सरकार चलाउने अभ्यास अन्तर्गत माओवादीले जनसत्ता स्थापना गरेका थिए। त्यसले राज्यको समानान्तर राज्य चलाउन खोजेको थियो। सेना, मिलिसिया, जनसरकारलगायत सरकारको अभ्यास गर्न खोजेको थियो। शान्ति प्रक्रिया शुरू भएसँगै *५ मंसीर २०६४* मा शान्ति सम्झौता भएपछि क्रमशः यी निकायहरू विघटन हुँदै गएका थिए।

## कार्यदल बन्यो, काम भएन

जनसत्तामा रजिष्ट्रेशन पास गरिएका जग्गाले सरकारी मान्यता नपाएपछि रुकुमका मात्रै झण्डै चार हजार घरजग्गाको भविष्यमा गम्भीर प्रश्न



*क्याप्सन:*

उठ्यो । जनसत्तामार्फत जग्गा रजिष्ट्रेशन दिएकाहरूले विभिन्न वहाना गरेर जग्गामा आफ्नो हक खोज्न थाले । आत्तिएका सर्वसाधारणले तत्कालीन जनसत्ता सञ्चालक माओवादी र रुकुमका सबै राजनीतिक दललाई दबाब दिए। दबाबस्वरुप जिल्ला मालपोत कार्यालयमा तालाबन्दी भयो । यसपछि जिल्ला विकास समिति रुकुमको पहलमा १७ भदौ २०६७ मा जनसत्तामा जग्गा रजिष्ट्रेशन सम्बन्धी कागजात छानबीन गर्न जिल्लास्तरमा सर्वदलीय कार्यदल गठन भयो।

एकीकृत नेकपा माओवादीका मेघबहादुर श्रेष्ठको संयोजकत्वमा रहेको कार्यदलमा नेपाली कांग्रेसका भीमबहादुर खड्का, नेकपा एमालेका हरिप्रसाद शर्मा, राप्रपाका सुधिर शाह, नेपाल मजदूर किसान पार्टीका कालीबहादुर खड्का, माओवादीका गोर्खबहादुर केसी सदस्य बसे। जिल्ला विकास समिति, रुकुमका सूचना अधिकारी चिन्तामणि दाहाललाई सदस्यसचिव बनाइयो। जिविसको रु.५५ हजार आर्थिक सहयोग लिएर कार्यदलले काम थाल्यो।

कार्यदलको पहिलो बैठकले जनसत्तामा रजिष्ट्रेशन पास भएका जग्गालाई जिल्ला मालपोत कार्यालयबाट पास गराउन विवरण संकलन गर्ने

निर्णय गऱ्यो। त्यसका लागि प्रत्येक गाविसले सार्वजनिक ठाउँमा सूचना टाँस तथा प्रसारण गर्ने निर्णय भयो। २०६७ असोज महीनाभित्र 'आफूसँग भएका जनसत्तासँग सम्बन्धित लिखत कार्यदललाई बुझाउन' आग्रह गरियो।

२९ मंसीरको बैठकले तीन वटा गाविसको मात्रै तथ्याङ्क संकलन भएको भनेर पुस २० गतेसम्म विवरण संकलन गर्ने थप समय निर्धारण गऱ्यो। यसपछि बसेको कार्यदलको तेस्रो बैठकले प्राप्त कागजात छानबीन गर्न उपसमिति बनायो। जिल्ला विकास समिति रुकुमको एउटा कोठामा कार्यालय स्थापना गर्ने निर्णय गरेर चौथो बैठक सकियो। ८ वैशाख २०६८ मा बसेको अन्तिम बैठकले कार्यदलमा प्राप्त निवेदनहरू 'अपुरो र तीनपुस्ते नखुलेको' भन्दै फेरि पनि छुटपुट तथ्याङ्क संकलन गर्ने र प्राप्त निवेदनलाई आवश्यक फर्म्याटमा राखी केन्द्रमा पठाउने निर्णय गऱ्यो। त्यो नै कार्यदलको अन्तिम बैठक थियो।

## जनता अप्ठ्यारोमा, दल बोल्दैनन्

खारा-८, स्थित दुई कित्ता घर, जग्गा ८८ वर्षीय गुमानसिं ओलीका लागि निल्नु न ओकल्नु भएको छ। स्थानीय जोखबहादुर खत्री र खगेन्द्रराज केसीबाट किनेको ९०३ र ९०४ कित्ता नम्बरको जग्गा जनसत्तामा पास गर्नाले ओलीलाई साह्रै अप्ठ्यारो भएको छ। २०६० साल भदौ ४ गते ८० हजार रुपैयाँमा खरीद गरे पनि अहिलेसम्म जग्गा उनको नाममा छैन।

गुमानसिंले त्यो घरजग्गा २०७१ वैशाखमा आफूसहित चार भाइ छोरालाई अंशबण्डा गरे। आफ्नो भागमा परेको जग्गा बिक्री गर्न खोज्ने छोराहरूलाई नाम सारी गरिदिन नसकेकोप्रति गुमानसिं दुःखी छन्। उनी भन्छन्, "छोराहरू घर, व्यवहार चलाउँदा लागेको ऋण तिर्न आफ्नो भागमा परेको जग्गा बेच्न खोजिरहेका छन्, आफ्नो नाममै नभएको जग्गा कसरी बेच्नु?"

कतिसम्म बिजोग भयो भने ऋण तिर्न उनको कान्छो छोरो मलेशिया गयो। आफ्नो अन्तिम उमेर हुँदै गयो। यही कारणले सुखसँग सास नजाला भन्ने चिन्ता छ। उनी भन्छन्, "घरले गइजा र वनले

आइजा भन्ने बेला भइसक्यो, यो वेला पनि घरको अप्ठ्यारो देखेर मर्नुपर्ने भयो।"

पैसा कमाउन मलेशिया गएका कान्छा छोरा महेशले टेलिफोनमा भने, "हामीले त्यो घर जग्गा बकाइदा किनेका हौं, सारा समाजलाई थाहा छ। तर अहिले अर्काको जग्गा ओगटेर बसेको सुकुम्बासी जस्तो भइएको छ। हामीलाई सबैको साथ चाहियो।"

उता गुमानसिंलाई बिक्री गरेको त्यो जग्गा जोखबहादुर खत्री र खगेन्द्रराज केसीले छोरा र श्रीमतीको नाममा नामसारी गरिसकेका छन्। ९०३ कित्ता नम्बरको जग्गा जोखबहादुर खत्रीले छोराहरू कृष्णबहादुर केसी, हेमन्त केसीको नाममा दिइसकेका छन् भने ९०४ कित्ता नम्बरको जग्गा श्रीमतीको नाममा नामसारी दिइसकेका छन्।

पीपलका वीरबहादुर केसीको समस्या उस्तै छ। चार भाइ छोराका बाबु वीरबहादुरले अहिलेसम्म छोरालाई अंशबण्डा गर्न सकेका छैनन्। दैनिक घरझगडा हुन थालेको छ। केसी भन्छन्, "छोराहरूले भाग देऊ भनेर मागिराख्या छन्, जग्गा मेरो नाममै छैन, कसरी दिने?" दुःख मान्दै वीरबहादुरले भने "जनसत्ताले हामी जस्ता सोझासीधालाई डुबाइदियो।" वीरबहादुरले २०५८ सालमा छिमेकी लालबहादुर मल्लबाट २४० कित्ता नम्बरको जग्गा ६७ हजार रुपैयाँमा किनेका थिए। लालबहादुरले जग्गा पास गरिदिन्न त भनेका छैनन् तर उनले वीरबहादुरका अगाडि ठूलो शर्त अघि सारेका छन्। वीरबहादुरले दुःखेसो पोख्दै भने, "जिल्ला मालपोत कार्यालयबाट नामसारी लिनलाई लालबहादुरले थप पाँच लाख रुपैयाँ दिनुपर्ने उनको शर्त छ। मेरो सबै घरबारी बेच्दा पनि पाँच लाखको छैन, म कसरी उसलाई अरू पाँच लाख दिन सक्छु?"

जनसत्ताका लिखतले कुनै पनि हालतमा मान्यता नपाउने देखिएपछि जनसत्तामा जग्गा रजिष्ट्रेशन गरेकाहरू बलिया भए। जनसत्तामा जग्गा पास गर्न उक्साउने र जबर्जस्ती पास गर्न लगाउने एमाओवादी नेताहरू अहिले विभिन्न पार्टीका नाममा विभाजित छन्। यसले समस्यामा परेका जनताको पक्षमा वकालत हुन छाड्यो। "उतिबेला जग्गा पास गर्न बाध्य पारे" खाराका प्रेम खड्काले भने "समस्या पर्दा सहयोग गर्न कोही आएनन्।" हाल एकीकृत माओवादीका कार्यकर्ता रहेका खड्का

भन्छन्, "जग्गा पास गर्न सदरमुकाम जान नदिई जनसत्तामै जग्गा पास गर्न लगाइयो, अहिले साराका सारा जनतालाई अप्ठ्यारो पर्दा कसैलाई वास्ता छैन ।"

तत्कालीन जनसरकार प्रमुख शरुण बाँठा मगर भन्छन्, "टुटफुट भएर तितरवितर भएका सबै माओवादीले यो विषयमा गम्भीर हुन जरूरी छ । धेरै सर्वसाधारण मारमा छन् ।" तत्कालीन जनसत्ताका लिखतले मान्यता नपाउनुको मुख्य दोषी कांग्रेस, एमाले रहेको उनको ठम्याइ छ । उनी भन्छन्, "जनता सबैका हुन्, जनतालाई परेको समस्या समाधानमा सबै राजनीतिक दलले सोच्नुपर्ने थियो, तर कांग्रेस एमाले गम्भीर देखिएनन् । समस्या उग्र भइरहेको छ ।"

शान्ति सम्झौता हुँदा सानो लागेको विषय अब ठूलो हुँदै गएको महसूस भइरहेको बाँठा मगरले बताए। उतिवेला "एउटा जिल्लाको सानो समस्या देखाएर शान्ति सम्झौतामा हस्ताक्षर नै नगर्नु पनि भएन" बाँठा मगरले भने "अहिले सम्झँदा यो विषय नसुल्झाई सम्झौता नगरेको भए हुन्थ्यो भन्ने लाग्छ ।"

शान्ति प्रक्रियामा भएयताका कुनै सरकारले पनि यो मामिला सम्बोधन गरेनन् । स्वयं माओवादी अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व गर्दा पनि यो समस्या समाधान भएन। त्यसपछि माओवादीकै अर्का नेता बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा पनि जनसत्ताका लिखतलाई वैधता दिन सकेनन् । भट्टराई प्रधानमन्त्री भएका वेला जिल्लामा उत्पन्न समस्या समाधानको लागि जनसत्ताका सबै लिखत बालुवाटार पुऱ्याइए पनि खासै प्रगति नभएको एकीकृत माओवादी स्थायी समिति सदस्य जनार्दन शर्मा बताउँछन् ।

## सर्वोच्च अदालतले रोक्यो

२८ पुस २०६८ मा बाबुराम भट्टराई मन्त्रिपरिषद्को एउटा निर्णयले जनसत्तामा जग्गा पास गरेकालाई केही आशा जगाएको थियो । 'विगत जनयुद्ध (द्वन्द्व) कालमा स्थानीय जनसत्ताद्वारा पारित लिखतहरूलाई रजिष्ट्रेशन पास गर्ने र त्यस्तो लिखतमा रजिष्ट्रेशन दस्तुर छूट दिने' मन्त्रिपरिषद्को निर्णय महीना दिन पनि टिकेन ।

मन्त्रिपरिषद्को यो निर्णय विरुद्ध परेको रिटमा सर्वोच्च अदालतले 'निर्णय कार्यान्वयन नगर्न' आदेश दियो । यससँगै नेपाली कांग्रेससहितका विपक्षी दलहरूले व्यवस्थापिका संसद् अवरुद्ध गरेपछि २६ माघ २०६८ मा बाबुराम भट्टराई नेतृत्वको सरकारले आफैंले गरेको निर्णय फिर्ता लियो ।

एकीकृत नेकपा माओवादीका जिल्ला सदस्य तथा तत्कालीन समयमा विभिन्न गाजस प्रमुख बनेर जग्गा पास गराउँदै हिंडेका विर्खबहादुर विष्ट 'केदार' भन्छन्, "आफ्नै सरकार हुँदा हुन नसकेको काम अब हुँदैन भन्ने उतिवेलै लागिसकेको थियो, अहिले आएर त्यही भयो । जनसत्तामा जग्गा पास गरेका सर्वसाधारण ठूलो मर्कामा परे ।" विष्टका भनाइमा "जनसत्तामा जग्गा पास गर्ने व्यक्तिहरू होइनन् यसमा एमाओवादी पार्टी दोषी छ ।"

भट्टराई सरकारले ४ फागुन २०६८ मा आएर 'द्वन्द्वको समयमा माओवादी जनसत्तामार्फत किनबेच गरे/गराइएका घर जग्गाको समस्या समाधानको लागि सुझावसहित प्रतिवेदन पेश गर्न' जनार्दन शर्माको संयोजकत्वमा एक कार्यदल गठन गर्‍यो । माओवादी पार्टीप्रति पोखिएको जनताको आक्रोश मत्थर पार्ने प्रयास थियो, त्यो । त्यो कार्यदल काम गर्न निर्माण गरिएकै थिएन भन्ने आधार कार्यदललाई आवश्यक बजेट निकासा दिने निर्णय वर्ष दिनपछि २४ पुस २०६९ मा बसेको मन्त्रिपरिषद्को बैठकले गरेको थियो । पछि शर्मा कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाउने निर्णय गरेर माओवादी नेताहरू पनि चूपचाप बसेका थिए ।

शर्मा नेतृत्वको कार्यदलले '२०६३ मंसीर ५ गतेको विस्तृत शान्ति सम्झौतापछि सडक, बत्ती, बाटो, नहर, कुलो, पानी, अस्पताल, शैक्षिक संस्था खुलेका कारण आफूले बेचेका घरजग्गाको मूल्य बढेपछि बिक्रेतामा पलाएको लोभ र स्वार्थका कारण जनसत्तामा पास गरेको जग्गा विवादले ग्रामीण क्षेत्रमा तनाव हुने गरेको' उल्लेख गरेको छ । त्यस्तै सर्वोच्च अदालतको अन्तरिम आदेशले समस्या समाधान गर्न बाधा उत्पन्न गरेको भन्दै प्रतिवेदनमा 'प्रशासनिक रूपमा समस्या समाधान गर्नुपर्ने' सुझाव दिइएको छ ।

कार्यदलको सुझाव 'प्रशासनिक रूपमा' कार्यान्वयन गर्न सरकारी निकायमा रमाइलो 'खेल' भएको थियो। संविधान र कानूनले अनुमति नै नदिए पनि डा. बाबुराम भट्टराई सरकारका पालामा 'विवादित जग्गा रोक्का गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयले नापी विभागलगायत मातहतका निकायलाई प्रचलित कानून अनुसार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न' निर्देशन दियो। तर जिल्ला मालपोत कार्यालय, रुकुमले 'उक्त निर्णय प्रचलित कानूनसँग बाझिएकाले कार्यान्वयन गर्न नसकिने' जवाफ पठायो। पीडितहरू हेरेका हेर्‍यै भए।

शर्मा नेतृत्वको कार्यदलले तयार पारेको प्रतिवेदन कार्यान्वयन गर्न तत्कालीन प्रतिपक्षी एकीकृत नेकपा माओवादीले ४१ दिन व्यवस्थापिका संसद् अवरुद्ध गर्‍यो। २२ असोज २०७१ मा सुशील कोइराला नेतृत्वको सरकारसँग एकीकृत नेकपा माओवादीले पाँचबुँदे सहमति गर्‍यो। तर कांग्रेस-एमालेको संयुक्त सरकारसँग गरेको सहमतिको मसी सुक्न नपाउँदै त्यसको विरोध भयो। सहमति गर्ने कांग्रेस-एमालेभित्रैबाट त्यसको विरोध भएपछि अहिलेसम्म पनि त्यो सहमति कार्यान्वयन हुनसकेको छैन। सहमतिको मुख्य बुँदा 'जनसत्ताका लिखतलाई वैधानिकता दिन चालू आर्थिक वर्षमा (२०७१/७२) कुल मूल्यको २ प्रतिशत राजश्व लिएर जग्गा पास गर्ने' भनिएको थियो। कांग्रेस-एमाले र एकीकृत माओवादीबीच भएको त्यो सहमति अहिलेसम्म पनि कार्यान्वयन भएको छैन।

# युवा स्वरोजगार कोष : आफ्नो हात जगन्नाथ

**बेरोजगार युवालाई रोजगार बनाउन खोलिएको 'युवा स्वरोजगार कोष' दलका स्थानीय नेता–कार्यकर्ता, ब्यांक तथा सहकारी र उनीहरूले पत्याएका साना–ठूला व्यापारीको हितमा प्रयोग भइरहेको छ। नवलपरासी र पाल्पामा गरिएको खोज।**

■ **कल्पना भट्टराई**

२०६५ सालमा नेकपा (माओवादी) नेतृत्वको सरकारले बेरोजगार युवालाई विना धितो सस्तो ब्याजदरमा रु.२ लाखसम्म ऋण उपलब्ध गराउन 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष २०६५' कार्यक्रम घोषणा गऱ्यो। कार्यक्रमको उद्देश्य सीप र जाँगर भएका तर पैसा नभएका युवालाई रोजगारीको अवसर सिर्जना गर्नुथियो। तर, कार्यक्रम सञ्चालनको तरीका र त्यसको प्रतिफल उद्देश्यभन्दा फरक पाइएको छ।


युवा स्वरोजगार कोष


तपाईंको ऋण
तयार भो' युवा ज्यू ..
खल्तीमा हालौं ?

स्वस्तिक बचत तथा ऋण सहकारी संस्था स्वरोजगार कोषको कर्जा पाउनेमध्येको सहकारी हो । पाँच वर्षअघि रामनगर-१, नवपरासीमा स्थापना भएको यो सहकारीले उतिवेलादेखि नै 'गाई फार्म' सञ्चालन गरेको छ ।

स्वस्तिकलाई २०६९ सालमा कोषले रु.३० लाख कर्जा उपलब्ध गराएको थियो । तर, स्वस्तिकले रु.१८ लाख मात्र गाई फार्ममा लगानी गऱ्यो । "रु.८ लाखमा शुरू गरेको गाई फार्ममा पैसा अपुग भएपछि त्यो रकम पनि हालियो", सहकारीका व्यवस्थापक तारा न्यौपानेले कुरा नलुकाई भने, "फार्म घाटामा थियो, सहुलियत कर्जा पाएपछि त्यहीं लगायौं ।"

कार्यसमितिको बैठकबाटै कोषबाट आएको पैसा फार्ममा लगाउने निर्णय भएको उनले बताए । "पहिलो र दोस्रो किस्तामा शेयर सदस्यकै नाममा गाई फार्मका लागि सामूहिक कर्जा उपलब्ध गराएका छौं", न्यौपानेले भने । तेस्रो किस्ताबापत आएको रु.१२ लाख एकमुष्ट पाडापालनमा लगाइएको छ ।

कागजमा चाहिं यो सहकारीका शेयर सदस्यको नाममा कर्जा उपलब्ध गराएको देखाइएको छ । तर, धेरै सदस्यलाई आफ्नो नाममा कर्जा लिएको समेत जानकारी छैन । नक्कली ऋणी खडा गरिएको विषयमा स्वस्तिक सहकारीका अध्यक्ष देवराज भण्डारी भन्छन्, "दुई वटा फार्म चलाउँदा पैसा अपुग भएपछि स्वरोजगार कोषको सबै पैसा यसैमा लगायौं । नाफा सबैले पाउँछन्, के भयो त !"

स्वस्तिकले किर्ते ऋणी खडा गरेको छ । सरकारी कर्मचारीका परिवार र स्वयं आफ्ना कर्मचारीका नाममा ऋण लगानी गरेको देखाइएको छ, जुन स्वरोजगार कोषको मापदण्ड विपरीत छ ।

## नाम गरीबको, रजाइँ अरूको

बुटवलमा केन्द्रीय कार्यालय रहेको मिसन डेभलपमेन्ट ब्यांकले स्वरोजगार कोषबाट कर्जा लिएर नवलपरासी र रूपन्देहीका युवामा लगानी गऱ्यो । तर, ब्यांक बेरोजगार युवालाई स्वरोजगार बनाउनतिर लागेन बरु विभिन्न संस्थाका सञ्चालक र प्रोप्राइटरलाई यो सुविधा उपलब्ध गरायो ।

"ब्यांकले सहुलियत ऋण लिन भनेर बोलायो, लिन गएँ", रामनगर-१, भुमहीका स्टार कम्प्युटर इन्स्टिच्युट तथा ट्रेनिङ सेन्टरका सञ्चालक नारायण पाण्डेले भने। उनका अनुसार यो कोषबाट रकम लिन खासै अप्ठ्यारो पनि भएन, अनुगमन गर्न पनि कोही आएन।


पाण्डेको बुझाइमा स्वरोजगार कोषको रकम कुनै पनि हालतमा लक्षित वर्गसम्म पुग्दैन। किनकि, लगानी डुब्ने डरले ब्यांकले विपन्न तथा निमुखालाई कर्जा उपलब्ध गराउँदैनन्। "कर्जा बेरोजगारका नाममा आएको हो तर के गर्नु उनीहरू कर्जा तिर्न सक्दैनन्", उनी भन्छन्, "कर्जा तिर्न सक्नेले ऋण लिने हो।" उनकी श्रीमती प्राविकी राहत शिक्षक हुन्। भुमही–भैरहवा सडकखण्डमा उनको दुईतले घर छ।

मीना क्षेत्री पनि ब्यांकबाट सहुलियत ब्याजमा कर्जा पाउने भाग्यमानीमध्ये एक हुन्। "जग्गा किन्दा पैसा पुगेन, त्यही पैसा हालियो", स्वरोजगार कोषबाट कर्जा लिएको स्वीकार गर्दै उनले भनिन्। उनले गाईको गोठ देखाएर ऋण लिएकी थिइन्।

रामनगर-८, नवीन टोलका तारा न्यौपाने स्वस्तिक बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक हुन्। उनलाई पनि 'गुड पर्फर्मेन्स' देखेर ब्यांकले कर्जा उपलब्ध गराएको हो। "स्वरोजगार कोषको कर्जा कर्मचारीले लिन नमिल्ने हो तर भैंसी किनेको पैसा तिर्न बाँकी थियो, त्यसैले लिएँ", उनी भन्छन्।

सहुलियत कर्जा लिनेमा अध्यापक र कर्मचारी पनि छन्। मोतीलाल बहुमुखी क्याम्पसमा पढाउने वसन्त सुवेदी र हाल तथ्याङ्क कार्यालय गोरखामा कार्यरत यज्ञमूर्ति भण्डारीले पनि स्वरोजगार कोषबाट कर्जा लिएका छन्। ऋण लिंदा भण्डारी सोमनाथ बाबा उच्च माविको मावि तहको शिक्षक पदमा कार्यरत थिए। सुवेदीलाई आफूले कर्जा लिएर के गरें भन्ने पनि पत्तो छैन। "खै केमा खर्च गरें, बिर्सिएँ", उनले भने।

नवलपरासीमा मात्रै कोषको १८ सहकारी र दुई ब्यांकमार्फत २०७२ फागुनसम्म करीब रु १० करोड लगानी छ। विपन्न र बेरोजगारलाई अवसर दिन गठन भएको स्वरोजगार कोषबाट ऋण पाउनेहरू सबैजसो हुनेखाने र पहुँचवाला छन्। उनीहरूले यो कर्जा लिनुको एकमात्र उद्देश्य सस्तो ब्याज हो। तर, यसको सोझो असरचाहिं ती युवालाई परेको छ,



*खानिगाउ निमाविका प्रावि तहका राहत शिक्षक प्रविण भट्टराई आफनो गाइ फर्ममा । स्वरोजगार कोषको नियमावली अनुसार उनलाई ऋण दिन पाइदैन ।*

जससँग केही गर्ने जाँगर छ तर पैसा छैन। उनीहरूलाई सस्तो ब्याजमा कर्जा दिएर उद्यमशील बनाउन सरकारले यो कार्यक्रम ल्याएको हो।

नवलपरासी र रूपन्देही कार्यक्षेत्र बनाएको मिसन डेभलपमेन्ट ब्यांकले १३३ जनामा रु.१ करोड लगानी गरेको छ। ब्यांकले प्रतिव्यक्ति रु.७५ हजारका दरले ऋण उपलब्ध गराएको छ। “पेशा र रोजगारीमा छन् र तिर्न सक्छन् भने तिनलाई ऋण दिने हो, हामीले पनि तिर्न सक्ने मान्छे हेर्‍यौं”, ब्यांकका ऋण अधिकृत विष्णु गौतम भन्छन्।

बुटवलमा इलाका कार्यालय रहेको साना किसान विकास ब्यांकले पनि नवलपरासी र रूपन्देहीमा लगानी गरेको छ। ब्यांकले २०६८ सालमा रूपन्देही र नवलपरासीका १४ साना किसान मातहतका सहकारीमा रु.१ करोड २ लाख ४० हजार लगानी गरेको छ। ब्यांकका इलाका प्रबन्धक शेरबहादुर चौधरीले स्वरोजगार कार्यक्रम प्रभावकारी नभएको खुलासा गरे। “निर्देशिकाले विपन्न र बेरोजगार युवालाई देऊ भन्छ, केही नभएकालाई कर्जा दिंदा डुब्छ” उनले भने, “समस्या यहींनेर छ।”

परिणामतः ब्यांक तथा वित्तीय संस्थाले प्रभाव र पहुँच भएका सम्पन्न अनि रोजगारलाई नै ऋण उपलब्ध गराइरहेका छन् । कोषको रकम दुरुपयोग गरेर ब्याज खाइरहेका छन् । यो युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली २०६५ को सोझो उल्लंघन हो ।

कोषका कानूनी तथा असुली शाखाका प्रमुख कमलप्रसाद सापकोटा भने कोषको बजेट दुरुपयोग हुन नदिने बताउँछन् । "जनताको कर कट्टा गरेर गरीब र विपन्नलाई सहयोग गर्न संकलन गरिएको रकम दुरुपयोग हुन दिन्नँ", उनी भन्छन्, "सहकारी वा ब्यांकले दुरुपयोग गरेको भए कारबाही गर्छु ।" तर, नवलपरासी र आसपासका जिल्लामा दुरुपयोग यति सामान्य भएको छ कि सापकोटाको भनाइ अपत्यारिलो र फितलो लाग्छ ।

पाल्पाको सिर्जना बचत तथा ऋण सहकारी संस्थाले चिनेजानेका र नजिकका व्यक्तिलाई दोहोरो ऋणसमेत उपलब्ध गराएको पाइएको छ । सिर्जनाले स्थानीय कुशलबहादुर गाहामगर, शान्ता न्यौपाने, कमलादेवी गैरे र यज्ञप्रसाद बस्याललाई पटक-पटक कर्जा दिएको भेटिएको छ । जबकि कोष नियमावली अनुसार यसो गर्नै पाइन्न ।

पाल्पाको रामपुर नगरपालिका-७, भेञ्जडमा सिटी मेडिकल सञ्चालन गरेर बसिरहेका खेमनारायण काफ्लेले धितो राख्न नसकेर स्वरोजगार कोषको कर्जा पाएनन् । स्याङ्जाको छाडछाडदी-४ मा घर भएका काफ्ले ८ वर्षदेखि त्यहाँ छन् । उनले भने, "कर्जा माग्दा धितो माग्यो, धितो नहुँदा कर्जा पाइनँ ।"

रामपुर नगरपालिका-१०, फेदियाका खेमराज गौतमले पनि धितो पेश गर्न नसक्दा कर्जा पाएनन् । उनले भने, "स्वरोजगार कोषको सहुलियत कर्जा गरीब तथा विपन्न बेरोजगार युवाले पाउने भन्ने सुनेको थिएँ तर मैले धितो नहुँदा ऋण पाइनँ ।

सहकारीका व्यवस्थापक दीपेन्द्र पौडेल लगानी डुब्ला भन्ने डरले धितो खोजेको तर्क गर्छन् । सहकारीले विपन्न र बेरोजगार युवालाई विना धितो लगानी गर्ने भनेर युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयबाट रु.५० लाख कर्जा लिएको छ ।

रामपुर-५, रातमाटाका ४३ वर्षीय सूर्यप्रसाद पंगेनीले मासु पसल र कुखुरापालन व्यवसाय गर्न रु.२ लाख कर्जा मागे । डेढ लाख मात्रै

पाए। त्यही पैसामा उनले कुखुरापालन व्यवसाय र मासु पसल सञ्चालन गरिरहेका छन्। तर, उनले पनि यो पैसा विना धितो पाएनन्। "कर्जा लिन घरजग्गाको लालपुर्जाको फोटोकपी मागे", पंगेनीले भने।

सहकारीले मालपोत कार्यालयलाई पंगेनीको जग्गा रोक्का गर्न लेखेको निवेदनमा कर्जाको अंक पनि बढाएर रु.५ लाख लिएको देखाइएको छ। यसरी अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्थाले स्वरोजगार कोषको सहुलियत कर्जा लगानी गर्दा स्वरोजगार कोषको नियम विपरीत ऋणीको सम्पत्ति धितो राखेको छ।

सहकारीले रु.५० हजारदेखि रु.२ लाखसम्म लिने ऋणीको सम्पत्ति धितो राख्ने गरेको छ। सहकारीले डेढ लाख रुपैयाँ दिएर रु.५ लाख कर्जा लिएको देखाएको बारे पंगेनीलाई जानकारी छैन। "थोरै कर्जा दिएर धेरै लेखेछन्, मलाई थाहा थिएन", उनले भने। थोरै ऋण लिएका ऋणीको कर्जा फर्ममा रकम बढाउने गरेको सहकारीका सहायक व्यवस्थापक केशव पंगेनी स्वीकार गर्छन्। "पटक-पटक जग्गा रोक्का गर्न अप्ठ्यारो हुन्छ, त्यसैले एकैचोटि धेरै पैसाको ऋण देखाइदिएका हौं", उनले भने।

पाल्पाको चापपानीस्थित सिर्जना बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक हरि बस्यालले पनि स्वरोजगार कोषको सहुलियत कर्जा लिएका छन्। पाँच वर्षअघि सञ्चालन गरेको केवल व्यवसायमा सामान थप्न १३ वैशाख २०७१ मा रु.१ लाख सहुलियत कर्जा लिएको उनले बताए। सहपाठी युवराज गैरेसँगको साझेदारीमा सञ्चालन गरेको केवल व्यवसायबाट राम्रै आम्दानी गरिरहेका बस्याल भन्छन्, "ऋण लिएपछि मात्रै सहकारीको व्यवस्थापक भएँ।" तर, बस्याल तीन वर्षदेखि नै सहकारीको व्यवस्थापक थिए। स्वरोजगार कोष नियमावली, २०६५ अनुसार व्यवस्थापकलाई ऋण स्वीकृत गर्न पाइँदैन।

## 'हालत खराब, बोल्न मिल्दैन'

साना किसान विकास ब्यांक बुटवल शाखाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट रु.१ करोड २ लाख ४० हजार लिएर ब्यांकको कार्यक्षेत्र रहेको नवलपरासी र रूपन्देहीका १४ साना किसान कृषि सहकारीमा लगानी गरेको छ।


## तालिका
## कर्जा लिने नक्कली ऋणी

| **ऋणीको नाम** | **ऋण** | **प्रयोजन** |
|---|---|---|
| चनरनवती चौधरी | रु.२ लाख | सामूहिक पाडापालन |
| इन्दिरा न्यौपाने | रु.२ लाख | सामूहिक पाडापालन |
| कृष्ण थापा | रु.२ लाख | सामूहिक पाडापालन |
| सुमित्रा पाण्डेय (बाबा वर्दगोरिया प्राविको राहत शिक्षक) | रु.२ लाख | सामूहिक पाडापालन |
| गंगा चापागाई (साना किसान कृषि सहकारीका व्यवस्थापककी श्रीमती) | रु.२ लाख | सामूहिक पाडापालन |
| ताराकुमारी गैरे | रु.२ लाख | सामूहिक पाडापालन |
| जीवलाल न्यौपाने | रु.२ लाख | सामूहिक गाईपालन |
| सीता ढकाल | रु.२ लाख | सामूहिक गाईपालन |
| खुमा भट्टराई | रु.२ लाख | सामूहिक गाईपालन |
| लीलादेवी पाण्डेय | रु.२ लाख | सामूहिक गाईपालन |
| चक्रमणि क्षेत्री | रु.१ लाख | सामूहिक गाईपालन |
| चूडामणि न्यौपाने | रु.२ लाख | सामूहिक गाईपालन |
| सुनिता ढकाल | रु.२ लाख | सामूहिक गाईपालन |
| करुणा कुँवर | रु.२ लाख | सामूहिक गाईपालन |
| राजेशप्रसाद थारू | रु.१ लाख | सामूहिक गाईपालन |
| सरस्वती पन्थी | रु.२ लाख | सामूहिक गाईपालन |

स्रोत : स्वस्तिक बचत तथा ऋण सहकारी लिमिटेड

यसमध्ये नवलपरासीको कुमारवर्तीमा रहेको साना किसान कृषि सहकारी संस्थाले २५ जनालाई रु.३३ लाख लगानी गरेको छ। सहकारीले २६ असार २०६८ मा लगानी शुरू गरेर ५ असार २०७० मा कार्यक्रम सम्पन्न गरेको छ।

दुई वर्षको अवधिमा लगानी शुरू गरिएको रकम कसरी प्रयोग भइरहेको छ भन्नेबारेमा एकपटक पनि अनुगमन भएन। “ब्यांकबाट



*स्वरोजगार कोषबाट कर्जा लिन नपाउने हुँदा हुँदै पनि कर्जा लिएका सिर्जना बचत तथा ऋण सहकारी संस्था पाल्पाका व्यवस्थापक हरीप्रसाद बस्याल ।*

हेर्न आए, स्वरोजगार कोषबाट कोही आएनन्", सहकारीकी व्यवस्थापक सीता पाठकले भनिन् ।

कोषको जिल्लास्तरको लगानी अनुगमन तथा कार्यक्रम प्रवर्द्धन गर्न एक-एक जना स्वयंसेवक राखिएको छ । "स्वयंसेवकले राम्रोसँग अनुगमन गरेको भए पैसा उठाउन गाह्रो पर्दैनथ्यो, कार्यक्रम पनि प्रभावकारी हुनेथियो", ब्यांकका इलाका इन्चार्ज शेरबहादुर चौधरी भन्छन् ।

पाल्पा छहरा-१ स्थित परोपकार स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाले ३० युवालाई रु.४५ लाख लगानी गरेको छ। यहाँ पनि कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठेको छ । "स्वयंसेवकले निरन्तर अनुगमन गरे कार्यक्रम प्रभावकारी हुनेथियो", सहकारी व्यवस्थापक गोविन्दबहादुर रायमाझी भन्छन् ।

कोषका सूचना अधिकृत लोकबहादुर खड्काका अनुसार देशका ७३ जिल्लाका २८ वटा ब्यांक र ६२४ सहकारीमा अहिलेसम्म रु.३ अर्ब ४९ करोड लगानी गरिएको छ। कोषले जिल्लास्तरको लगानी अनुगमन तथा कार्यक्रम प्रवर्द्धन गर्न एक-एक जना स्वयंसेवक राखेको छ। कोषको



*एक लाख पचास हजार रुपैया कर्जा माग गर्दा पनि नपाउने ...... खेमराज गौतम ।*

करोडौं लगानी अनुगमन गर्ने जिम्मेवारी मासिक रु.५ हजार तलब बुझ्ने एकजना जिल्ला स्वयंसेवकलाई दिइएको छ ।

“एउटा स्वयंसेवकका भरमा सरकारले यति ठूलो कार्यक्रमको जिम्मेवारी छाड्न मिल्दैन । एक्लैले कसरी अनुगमन गर्न सकिन्छ ?” पाल्पाका जिल्ला स्वयंसेवक कृष्ण दर्नाल भन्छन् । स्वयंसेवक दर्नाल राष्ट्रिय समाचार समिति पाल्पाका संवाददाता पनि हुन् ।

कोषको लगानी निर्देशिका अनुसार अनुगमनको जिम्मेवारी कर्जा दिने ब्यांक, वित्तीय संस्था, सहकारी, स्वयं स्वरोजगार कोषका कर्मचारी र जिल्ला संयोजन तथा अनुगमन समितिलाई छ । जिल्ला संयोजन तथा अनुगमन समितिले डाकेको अनुगमनमा आफू पुगेको डिभिजन सहकारी कार्यालयका लेखापाल प्रकाश आचार्य बताउँछन् । “स्वरोजगार कोषको मापदण्डविपरीत परियोजना सञ्चालन गरेको देखियो”, उनी भन्छन्, “हामी बोल्न मिलेन, सबैको हालत खराब छ ।”

जिल्लामा निरन्तर र सूक्ष्म अनुगमन नहुँदा कार्यक्रम प्रभावकारी नभएको डिभिजन सहकारीका प्रमुख वासुदेव भट्टराई बताउँछन् ।

"सहकारीको ऐन-नियममा बसेर काम गर्‍यो कि गरेन भनेर मात्र हेर्छौं", उनी भन्छन्, "स्वरोजगार कोषको कार्यविधि अनुसार काम भयो कि भएन भनेर हेर्ने अधिकार हामीलाई छैन।"

जिल्ला उद्योग वाणिज्य संघको संयोजकत्वमा पाँच सदस्यीय संयोजन तथा अनुगमन समितिको व्यवस्था गरिएको छ । तर, आ-आफ्नो कार्यालयमा व्यस्त रहने यी 'पदेन' हरूलाई कोषको कार्यक्रम अनुगमन गर्ने फुर्सद नै हुँदैन । २०७०/७१ देखि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन समिति निर्माण गरिएको छ ।

नवलपरासीमा मात्रै १८ सहकारी र दुई ब्यांकमार्फत रु.९ करोड ८७ लाख ४० हजार लगानी भएको नवलपरासीका स्वयंसेवक उत्तमबहादुर घर्ती (भुजेल) को भनाइ छ। पाल्पामा ६ सहकारीमार्फत रु.२ करोड ४० लाख लगानी गरिएको स्वयंसेवक कृष्ण दर्नाल बताउँछन् ।

## अडिट पनि फर्जी

पाल्पाको असनटोलमा कार्यालय रहेको तिनाउ बहुउद्देश्यीय कृषि सहकारी संस्थाले फर्जी अडिट पेश गरेर स्वरोजगार कोषबाट कर्जा लिएको पाइएको छ । कोषबाट रु.१० लाख ५० हजार कर्जा लिन फर्जी लेखापरीक्षण प्रतिवेदन पेश गरिएको थियो। संस्थाको आव २०६७/६८ को वार्षिक लेखापरीक्षण प्रतिवेदन नै फर्जी थियो । नेपाल अडिटर्स एसोसिएसनका जिल्ला अध्यक्षले यसको पुष्टि गरेका छन् ।

रु.३ लाख ४८ हजार चुक्ता शेयर पूँजी रहेको सहकारीमा रु.४१ लाख ३८ हजार कुल बचत संकलन रहेको देखाइएको थियो । आव २०६७/६८ को अन्त्यमा संस्थाले आर्थिक कारोबारबाट जम्मा रु.५ हजार ३८५ नाफा गरेको प्रतिवेदनमा देखाइएको छ । प्रतिवेदनमा साधारणसभाको खर्च नदेखाइएकाले संस्थाले साधारणसभा समेत नगरेको देखिन्छ। प्रतिवेदनमा कोषाध्यक्ष र लेखापरीक्षकको हस्ताक्षर र छापसमेत छैन । व्यवस्थापक, लेखासंयोजक र अध्यक्षको मात्रै हस्ताक्षर भएकाले उनीहरूकै मिलेमतोमा नक्कली लेखापरीक्षण प्रतिवेदन तयार पारिएको अनुमान गर्न सकिन्छ ।

अघिल्लो लेखापरीक्षण प्रतिवेदनलाई कम्प्युटरमा मिलाएर निकाले

जस्तो देखिन्छ । "कोषाध्यक्षको पनि हस्ताक्षर छैन । प्रतिवेदनमा लेखापरीक्षकको छाप र हस्ताक्षर नै छैन । प्रतिवेदन शंकास्पद छ", नेपाल अडिटर्स एसोसिएसन नवलपरासीका जिल्ला अध्यक्ष रामजी ज्ञवाली भन्छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ अनुसार कुनै पनि संस्थाको लेखापरीक्षण गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेशागत प्रमाणपत्र लिनुपर्ने व्यवस्था छ। सोको वार्षिक नवीकरण गर्नुपर्ने व्यवस्था रहेकोमा यी लेखापरीक्षकले अद्यावधिक प्रमाणपत्र नवीकरण गरेको समेत देखिएन। लेखापरीक्षक गोपालप्रसाद आचार्यले सो सहकारीको लेखापरीक्षण गरेका हुन्। प्रतिवेदनमा उनको पेशागत प्र.प.नं. १०११ 'ग' छ।

फर्जी अडिट पेश गरेको पाल्पाको असनटोलमा कार्यालय रहेको तिनाउ बहुउद्देश्यीय कृषि सहकारी संस्थाको हिसाबकिताब डामाडोल पारेर बन्द गरिएको छ । बचतकर्ताहरू आफूहरूले दुःखले जोडेको पैसा डुबेपछि बिचल्लीमा छन् । सहकारी डिभिजन कार्यालय पाल्पाका तत्कालिन प्रमुख पुष्कर भट्टराईले दिएको जानकारीअनुसार ऋण लगानी गरेको करीब रु.१२ लाख उठ्न बाँकी छ।

ऋण लिने १९ मध्ये अधिकांश माओवादी (एकीकृत र वैद्य) पक्षका नेता-कार्यकर्ता छन्। रु.१७ लाख बचतकर्तालाई फिर्ता गर्न बाँकी छ। २०७२ असार मसान्तमा रु.१० लाख ६० हजार घाटा देखिएको थियो। त्यो घाटा बढेर अहिले दुई गुणा पुग्न सक्ने अनुमान छ। संस्थाको जम्मा शेयर पूँजी रु.४ लाख ७ हजार छ।

न्यून शेयर पूँजी भएको, ऋण नउठेको र हिसाबकिताब भद्रगोल भएका कारण यो सहकारी उठ्न नसक्ने गरी थलिएको छ। लगानी भएको ऋण उठाउन नसकेकाले बचतकर्तालाई पैसा फिर्ता गर्न नसकिएको व्यवस्थापक दीपक गिरी बताउँछन्। "युवा स्वरोजगार कोषबाट प्राप्त साढे १० लाख रुपैयाँसमेत सदुपयोग हुन सकेन", उनले भने।

सहकारी अध्यक्ष मकबुल अलीले बचतकर्ताको रकम फिर्ता गर्न सक्दो पहल भइरहेको बताए। "डिभिजन कार्यालयमा उजुरी परेपछि हामी तीन-चार पटक बैठक बसिसक्यौं। जतिसक्दो चाँडो रकम फिर्ता गर्ने प्रयासमा छौं", उनले भने।

अध्यक्ष अली व्यवस्थापक गिरीले बदमासी गरेर सहकारीकै घाटामा गएको दाबी गर्छन् । "यसैले पैसा फिर्ता गर्न गाह्रो परेको छ", उनले भने । व्यवस्थापक गिरी हिसाबकिताब नबुझाई सम्पर्कविहीन भएपछि सहकारी बन्द गर्नुपरेको अध्यक्ष अलीले बताए। माओवादी पार्टी नफुट्दै खुलेको यो सहकारी पार्टी फुटेपछि 'जसले जे सक्यो त्यो गऱ्यो' भएर यो हालतमा पुगेको हो ।

गरीब, विपन्न र बेरोजगार युवालाई रोजगार बनाउने नारासहित स्थापना गरिएको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले सम्पन्न र ब्यांक तथा वित्तीय संस्थाले पत्याएका व्यक्तिलाई मात्रै लगानी गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुसार, सीप र जाँगर भएका तर पैसा नभएका युवालाई रोजगारी अवसर सिर्जना गर्नुथियो तर त्यस विपरीत हुनेखाने र पहुँचवालालाई सहुलियत ऋण दिएर कोषले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली २०६५ को उल्लंघन गरेको छ ।

# यसरी मारिए नमरेका गाई

***सुदूरपश्चिममा भएको भनिएको***
***सामूहिक गौ–हत्या काण्डको भित्री पाटो***


**इन्ट्रो**

■ **सुमित्रा भट्टराई**

कैलाली। गोदावरी ५ बान्द्रेखाल जहाँ पातलो बस्ती छ। अत्तरिया बजारबाट गाडीमा ४५ मिनेट समय लाग्छ यहाँ पुग्न। गाउँका सबैजसो परिवारको जीविका खेतीपातीबाट चल्छ। बाहुन-क्षेत्रीको ठूलो संख्यामा बसोबास रहेको यो गाउँमा थारूको संख्या थोरै छ।

शेरबहादुर भुलको एउटा मात्रै दलित परिवार छ बान्द्रेखालमा। तिनै शेरबहादुरका छोरा देव भुलले १० साउन २०७२ का दिन आफ्नै


SIPRADI


Coca-Cola
INDEX

घरको गाई मारे। सधैंभरि मदिराको नशामा झुमिरहने देवले किन हो आफ्नो रीस घरपालुवा जनावरमाथि पोखे। गाई मर्‍यो।

परिवारमा झै-झगडा मात्र भइरहन्थ्यो। देवकी श्रीमतीले २०७१ साल फागुनदेखि घर छोडेकी थिइन्। कहाँ गइन् अत्तोपत्तो छैन। दुइटी छोरी बिहे गरेर आ-आफ्नो घर गइसके। एउटा छोरो स्थानीय रुटमा चल्ने गाडीका सहचालक छन्। अर्को गाउँतिरै अर्काको घरमा काम गर्छन्। बाबुको मदिरा पिउने आदतले परिवारको अवस्था दयनीय छ। आमा तुलसादेवीले भनिन्, "के को रीस पोख्न हो, देवले गाई मार्‍यो।"

दुधालु थियो गाई। भएको के थियो भने एक दिन देव रक्सीले मातेर घर फर्किंदै थिए। गाई अर्काको बाली खान गएको देखेपछि रीस थाम्न सकेनन्। बारी खन्ने कोदालोले गाईलाई हिर्काए। गाई मर्‍यो।

उनीहरू पहिले पहिले गाईको मासु खान्थे। आमा तुलसादेवी भन्छिन्, "जातले त पाएको हो, अचेल समाजमा बस्दा अरूलाई असर पर्छ भनेर गाईको मासु खान छोड्यौं।"

नेपालको कानून अनुसार गाई मार्नु अपराध हो। गौ हत्या वा के छ ? देव भुल (अहिले) जिल्ला प्रहरी कार्यालय कैलालीमा अनुसन्धानका क्रममा थुनामा छन्।

यही बीचमा कैलाली पटेलामा एउटा घाइते अवस्थामा गाई भेटियो। बेली र पटेला सामुदायिक वनको बीचमा भेटिएको त्यो गाईको जीउमा चोट थियो। नालीमा पल्टिरहेको गाई देखेपछि वनमा घाँस काट्न गएकाहरूले प्रहरीलाई खबर गरे।

१० साउन २०७२ मा प्रहरी त्यहाँ पुग्यो। प्रहरी पुगेसँगै राष्ट्रिय मठमन्दिर समन्वय समितिका व्यवस्थापक हरि न्यौपाने, राप्रपा नेपाल कैलालीका कार्यकर्ता र केही पत्रकारसहितको टोली पनि त्यहाँ पुग्यो। घाइते गाईलाई उपचारका लागि धनगढीस्थित पशु स्वास्थ्य कार्यालयमा पुर्‍याइयो। उपचार गर्दा गर्दै घाइते गाई मर्‍यो। नजिकैको मोहना खोलामा गाडियो।

भोलिपल्टदेखि कैलाली कञ्चनपुरमा जुलूसहरू निस्कन थाले। राष्ट्रिय मठमन्दिर समन्वय समितिका व्यवस्थापक हरि न्यौपानेले यो घटनालाई पूरै उचाले। उनले 'आफूहरू घटनास्थलमा पुग्दा त्यहाँ ६/७ वटा गाई मारेर पुरिरहेको देखेको' बताए। यसपछि सामूहिक गौ हत्या भइरहेको

र यो नियोजित रूपमा अघि बढिरहेको भन्ने प्रचार हुनथाल्यो ।

पटेलामा गाई मरेको घटना अनुसन्धान गरिरहेका प्रहरी निरीक्षक सूर्यबहादुर चन्दले कसैले गाई मारेको प्रमाण नभएको बताए। उनले भने, "गाउँदेखि पर सामुदायिक वन भएको सो स्थानमा पुराना केही हाडखोर थिए, जसलाई गाईगोरुकै हो पनि भनिहाल्न सकिन्न।" तर, उनको कुरा कसैले सुनेन। सुदूरपश्चिममा यही विषयमा आन्दोलन हुन थाल्यो ।

घाइते गाई भेटिएको ठाउँ वरपर डगौरा थारूहरूको बस्ती छ । उनीहरू हिन्दू धर्म मान्छन्। सामुदायिक वनको बीचमा रहेको सो स्थानमा घाँस काट्न मात्रै पुग्छन् स्थानीयहरू । उनीहरूका भनाइमा, "एकान्त ठाउँ भएकाले कतिपयले यहाँ बूढा र रोगी गाईबस्तु ल्याएर छोड्ने गर्छन्। ती धेरै पहिला मरेका त्यस्ता गाईबस्तुका हाडखोर हुनसक्छन्।"

यो विषयलाई लिएर हिन्दू राष्ट्र संघर्ष समितिले आन्दोलन गरिरहेको छ। समितिले पटेलाको वनमा ६/७ वटा गाईको 'सामूहिक हत्या' भएको भनेर त्यसको विरोधमा १६ साउनमा सुदूरपश्चिम बन्दको आह्वान गऱ्यो। राप्रपा नेपाल कैलालीले 'सामूहिक गौ हत्याको घटनाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको' भन्दै विज्ञप्ति निकाल्यो ।

कांग्रेस, एमाले र माओवादीले १५ साउनमा सामूहिक गौ हत्या नभएको र जनतालाई भ्रममा नपर्न आग्रह गरेर विज्ञप्ति निकाले । तर हिन्दू राष्ट्र संघर्ष समितिले यसमा आफ्नो माग हिन्दू राज्य स्थापना थपेर झन्झन् चर्काउँदै लग्यो। यसपछि हिन्दू राष्ट्र संघर्ष समितिले हिन्दू राज्यको स्थापना र गौ हत्यामा संलग्नलाई कारबाहीको माग गरेर चरणबद्ध आन्दोलन गऱ्यो । २० साउनमा धनगढीका केही ठाउँमा सिट्ठी जुलूस र अत्तरियामा प्रदर्शन भयो । आयोजकमध्ये एक हिन्दू स्वयंसेवक संघ कञ्चनपुरका अगुवा हर्केस बिष्ट भन्छन्, "धनगढीको पटेलामा अधर्मीहरूबाट ८/१० वटा गाई मारेको सुनेका छौं। यस विरुद्ध हो, यो आन्दोलन।"

यही सुनेको कुराका भरमा अहिले पनि सुदूरपश्चिम बन्द छ ।

(www.onlinekhabar.com मा ........... मा प्रकाशित)

# थवाङ किन सधैं विद्रोही ?

**थवाङवासी यो वा ऊ पार्टीमा लागे पनि सधैं कम्युनिष्ट भइरहे। इतिहासमा यो गाउँले किन सधैं एउटा पक्षको एकोहोरो वकालत गरिरह्यो ? कि सबैले भोट हाल्ने कि कसैले पनि नहाल्ने ! यो कसरी सम्भव भयो ? किन त्यहाँका बासिन्दा सधैं विद्रोही भइरहे ?**

**विद्रोही गाउँ थवाङको समाज, समुदाय, संस्कृति र सोचको चिरफार।**

■ **हीराबहादुर घर्तीमगर**

रोल्पा सदरमुकामबाट मुश्किलले एक दिनमा हिंडेर पुगिने थवाङ गाविस पछिल्लो ६ दशकदेखि मुलुक भित्र र बाहिर 'बहिष्कारवादी' 'कम्युनिष्ट गाउँ' भनेर चर्चित छ। २०१५ सालको संसदीय चुनावदेखि २०७० सालको संविधानसभा चुनावसम्म थवाङवासीमा एउटा आश्चर्यजनक एकता देखिएको छ। सामूहिक निर्णय गरेर भोट खसाल्ने वा बहिष्कार गर्ने। अथवा निर्विरोध बनाउने तर सबै काम



थवाङको ठूलो गाउँ ।



सल्लाहमा गर्ने । कस्तो अचम्म भोट हाल्न गए सबै जाने, नगए कोही पनि नजाने ।

बाँकी मुलुकको चरित्र भन्दा साँच्चिकै भिन्न स्वभाव देखिन्छ थवाङवासीको । ठूलै सार्वजनिक महत्त्वको पदमा मात्रै होइन, विद्यालय व्यवस्थापन समितिको सदस्य, खानेपानी उपभोक्ता समितिको सदस्यमा समेत चुनाव उठ्न हारालुछ गर्ने अन्यत्रको चलन किन थवाङमा भित्रिएन ? आश्चर्यजनक विषय यो सिङ्गो गाउँ जुनसुकै पार्टीमा लागे पनि सधैं कम्युनिष्ट भइरह्यो, किन ? यसो हुनुमा पञ्चायत, बहुदल र गणतान्त्रिक कालको ऐतिहासिक पक्ष, राज्यबाट यो गाउँले बेहोरेको विभेद र त्यो गाउँका केही मौलिक विशेषताहरू जिम्मेवार देखिन्छन् ।

## कृष्णबहादुर–बर्मन झगडा

विद्रोही गाउँ थवाङको इतिहास रोचक छ। ८५ वर्षीय पूर्व सांसद् बर्मन बुढामगर थवाङ गाविस वडा नम्बर-४ जुरबाङका हुन् । यस ठाउँको इतिहास राम्ररी जान्ने थोरै जीवितमध्ये उनी एक हुन् । उनका भनाइमा, थवाङको पहिलो मुखिया कृष्णबहादुर झाँक्रीमगर थिए । आफू मुखिया हुँदा उनी आफू नजिकका र मनपरेका मान्छेलाई जग्गा दर्ता गरिदिन्थे । उनले कति थवाङवासीलाई जग्गा कहिले यता कहिले उता बनाई हैरान पारेका थिए । २०१२ सालमा विर्ताको कारोबार गर्ने रुकुमका उपेन्द्रबहादुर शाहीले बर्मनलाई मुखिया बनाए। २०१५ सालमा मालपोत कार्यालयले पनि बर्मनलाई मुखियाको जिम्मेवारी दियो । २०५२ सालमा जिल्लामा नापी पुगेर काम थालेपछि भने थवाङमा बर्मनको ४० वर्षे मुखिया काल सकियो ।

इतिहास रोचक छ । २०१२ साल जेठमा बर्मन पक्षले तत्कालीन मुखिया कृष्णबहादुरलाई पिटेर बर्मनका घरमा तीन दिनसम्म थुने । तीन दिनपछि बर्मन समूहलाई जितेर कृष्णबहादुर छुटे । मुखियालाई हातपात गरेको भनेर ८ जेठ २०१२ मा बर्मन पक्षका ६ जनालाई तत्कालीन प्रशासनको दौडाहा टोलीले पक्राउ गऱ्यो । उनीहरूलाई मुद्दा लगाइयो ।

२०१३ सालमा सल्यान जेलबाट छुटेर आएका मोहनविक्रम (एमबी) सिंह थवाङमा ६ महीना बसे । कृष्णबहादुर र बर्मन पक्षको बेमेलमा

उनले राम्ररी खेले । बर्मनको नेतृत्वमा किसानहरूको संगठन भनेर कम्युनिष्ट पार्टीको एकाइ निर्माण गरे । यसरी थवाङमा कम्युनिष्ट राजनीतिको बीजारोपण हुनपुग्यो ।

२०१५ सालको चुनावमा यहाँको सबै भोट कम्युनिष्ट उम्मेदवार खगुलाल गुरुङलाई गयो। यसपछि थवाङ 'कम्युनिष्ट गाउँ' का रूपमा चिनियो। २०१८ सालमा गाउँ पञ्चायतको चुनाव भयो। थवाङ-६ का कम्युनिष्ट उम्मेदवार धर्मबहादुर रोकामगरको अध्यक्षतामा ९ सदस्यीय गाविस पदाधिकारी निर्विरोध भए। रोका थवाङका पहिलो प्रधानपञ्च हुन्। थवाङ-८ का जन्मबहादुर झाँक्रीमगर उपप्रधानपञ्च भए। यसपछि २०१९ सालमा जिल्ला पञ्चायत, अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको चुनाव भयो। बडाहाकिमले बर्मनलाई चुनावमा भाग लिन भने। पार्टीले चुनावमा भाग नलिने नीति लिएपछि बर्मन चुनाव लडेनन्। तर पार्टीले निर्वाचनमा भाग लिने नीति लिएपछि २०२४ सालको निर्वाचनमा बर्मन प्रधानपञ्चमा उठे र निर्विरोध भए । यसपछि उनी तीन पटकसम्म प्रधानपञ्च भए । प्रधानपञ्च भएका वेला बर्मनलाई प्रशासनले पटक पटक गरेर दुई वर्ष तीन महीना १५ दिन थुनामा राख्यो। यसले यो गाउँलाई झन् बलियो गरी सरकार विरोधी बनायो।

१० जेठ २०३६ सालमा राजा वीरेन्द्रले जनमत संग्रह घोषणा गरे। २० वैशाख २०३७ सालमा जनमत संग्रह भयो। जनतालाई 'सुधारिएको पञ्चायती व्यवस्था' र 'बहुदलीय प्रजातन्त्र' मध्ये एक छान्न भनियो। थवाङवासीले शतप्रतिशत भोट बहुदलको पक्षमा हाले । त्यसवेला काठमाडौंबाट पशुपतिशमशेर राणा र खड्गबहादुर जिसी रोल्पा आएका थिए । सबै प्रधानपञ्चलाई निर्दलमा भोट हाल्न उर्दी जारी गरियो। तर बर्मनले प्रतिवाद गरे। बर्मन भन्छन्, "जनताको विचार हो। उनीहरूले के भन्छन्। म उनीहरूको भावना विरुद्ध जान सक्दिनँ भनें । त्यसपछि मलाई सार्वजनिक अपराधमा मुद्दा चलाइयो ।" यस बीचमा कतिपय सरकारी कार्यालयमा राजा-रानीको तस्वीरको ठाउँमा मार्क्स र लेनिनका फोटो राखियो। ५ कात्तिक २०३८ सालमा 'व्यवस्था विरोधी गतिविधि नियन्त्रण गर्न' सरकारले थवाङमा शाही नेपाली सेना परिचालन गऱ्यो ।





*दोस्रो संविधानसभा चुनावमा 'चुनाव प्रचार निषेधित क्षेत्र' लेखिएको एउटा घरको भित्तो ।*

२७ वैशाख २०३८ सालको राष्ट्रिय पञ्चायत सदस्यको चुनाव पनि थवाङवासीले बहिष्कार गरे । थवाङमा शून्य मतदान भयो । उनीहरूले एक वर्षपछि २०३९ सालको स्थानीय चुनाव पनि बहिष्कार गर्ने रणनीति बनाए । तर, चुनाव बहिष्कार गर्दा गाउँका धेरैलाई राज्यले मुद्दा लगाउने छाँट देखियो । यसपछि उनीहरूले बाहिर हेर्दा चुनाव भएको देखाउने तर गाउँमा आफ्नो राजनीतिक पकड कायमै राख्ने रणनीति अपनाए। गाउँका अधिकांशको सल्लाह बमोजिम बर्मनकी बहिनी थवाङ-५ की तुलकुमारी बुढामगर अध्यक्ष र थवाङकै दिलकुमार बुढामगरलाई उपाध्यक्षको उम्मेदवार बनाइयो। उनीहरू निर्वाचित भए।

२९ वैशाख २०४३ मा भएको राष्ट्रिय पञ्चायत सदस्यको चुनावमा थवाङले सबै भोट रोल्पाकै बमकुमारी बुढामगरलाई हाल्यो, तर चुनाव भने गजुल रोल्पाका रेगबहादुर सुवेदीले जिते। थवाङमा २०४४ सालको स्थानीय निकायको निर्वाचनमा संयुक्त जनमोर्चाका उम्मेदवार कमलबहादुर झाँक्रीमगरको अध्यक्षतामा ९ सदस्यीय गाविस पदाधिकारी निर्विरोध भएका थिए ।

२०४८ सालको प्रतिनिधिसभा र त्यसपछि भएको स्थानीय निकायको निर्वाचनमा संयुक्त जनमोर्चाका उम्मेदवारहरू निर्विरोध भए । थवाङका



*तत्कालिन माओवादीले परिकल्पना गरेको थवाङ ।*

रुजबहादुर रोकामगरको अध्यक्षतामा ९ सदस्यीय गाविस पदाधिकारी निर्विरोध भएका थिए। उनीहरूको प्रशिक्षणले थवाङलाई राज्य विरुद्ध एक भएर लाग्न अरु सघाउ पुऱ्यायो । संयुक्त जनमोर्चाले २०५१ सालको प्रतिनिधिसभा सदस्य चुनाव बहिष्कार गरेका कारण थवाङमा जम्मा चार मत मात्रै खस्यो । २०५४ सालमा थवाङमा चुनाव हुनै सकेन । सदरमुकाम लिवाङबाटै अध्यक्ष र उपाध्यक्ष घोषणा गरिए । २०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा चाहिं बिहान हेलिकप्टरबाट थवाङ पुगेका दुई जना कांग्रेस कार्यकर्ता मतदान गरेर बेलुका लिवाङ फर्किए।

२०६४ सालको पहिलो संविधानसभा चुनावमा तीन मत बाहेक बाँकी सबै भोट एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई गयो। त्यो तीन मत निर्वाचनका बेला बाहिरबाट गएका अरू पार्टीका प्रतिनिधिले हालेका थिए । दाहालले थवाङबाट मात्रै करीब तीन हजार ६०० मत प्राप्त गरे । उनलाई जिताउन थवाङवासीले फर्जी मत पनि हाले । थवाङको त्यो फर्जी मतसहित दाहाल रोल्पा-२ बाट ३४ हजार २२० मत प्राप्त गरी विजयी भए । रोल्पा र काठमाडौंबाट जितेका दाहालले रोल्पा-२ बाट राजीनामा गरे। उपनिर्वाचनमा रोल्पा-२ बाट थवाङ-४ जुरबाङका सन्तोषकुमार बुढामगर १९ हजार ९३३ मत प्राप्त गरी विजयी भए।

रोल्पा छोडेपछि थवाङसहित सिंगो रोल्पा दाहालसँग चिढियो । यसको परिणाम २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा यहाँबाट एकीकृत माओवादी पूरै बढारियो । एमाओवादी पार्टी फुट्नुमा दाहालले रोल्पालाई उपेक्षा गर्नु पनि एउटा प्रमुख कारण रहेको एकथरीको बुझाइ छ। एमाओवादी फुटाउन रोल्पाकै नेत्रविक्रम चन्द, कुलप्रसाद केसी, जयपुरी घर्तीमगरलगायतका नेता तथा कार्यकर्ता जोडबलका साथ लागेका थिए।

एउटै कम्युनिष्ट केन्द्र बन्दै आएको थवाङलाई दोस्रो संविधानसभा चुनावताका एमाओवादीले विभाजन गर्ने हदैसम्मको प्रयास गऱ्यो । तर उसले 'कोर' थवाङमा चुनाव प्रचार समेत गर्न पाएन। तत्कालीन वैद्य र विप्लव माओवादीले थवाङमा खुलेआम 'चुनाव प्रचार निषेधित गाउँ' भनेर भित्तेलेखन गरे । एमाओवादी थवाङका संयोजक ग्रिस पुनमगर तत्कालीन अवस्था सम्झँदै भन्छन्, "विरोधका बीच भोट हालेको भए ठूलो रक्तपात हुनेथियो । उनीहरूले भोट हाल्नेको घरमा आगो लगाइदिन्छौं, गाउँबाट निकाला गरिदिन्छौं भनेका थिए ।"

नेकपा माओवादीले थवाङलाई 'प्रचार निषेधित गाउँ' भनेर चुनाव प्रचारमा रोक लगाउँदा पनि ठूलोगाउँमै रहेको इलाका प्रहरी कार्यालय भने टुलुटुलु हेरेर बसेको थियो । चुनाव प्रचारको लागि त्यहाँ पुग्ने राजनीतिक दललाई सहयोग र थवाङवासीलाई दमन गरेको भए प्रहरी त्यहाँबाट लखेटिने अवस्था थियो। यही बुझेर थवाङमा प्रहरीले दमन गर्ने नीति लिएन । २०१५ सालको निर्वाचनदेखि नेपालको बाँकी भूभागभन्दा फरक आचरण देखाउँदै आएको रोल्पाको थवाङ २०७० सालसम्म विद्रोहको आफ्नो बाटोमै हिंडिरहेको छ ।

पछिल्ला ५५ वर्षमा मात्रै होइन, त्यसअघि पनि थवाङवासीले सत्ता विरुद्ध सशक्त विद्रोह गरेको बताउँछन् थवाङ-६ ठूलोगाउँका स्थानीय शिक्षक रेशमकुमार शाह । उनका भनाइमा, बाईसे, चौबीसे कालदेखि नै थवाङले 'राज्यको दमन, उत्पीडन विरुद्ध संघर्ष गरेको' इतिहास छ । शाहका भनाइमा, १९२५ आसपासमै थवाङवासीले लालु शाही र कालु शाहीलाई थवाङबाट लखेटेका थिए। उनीहरू रुकुमबाट बेलाबखत थवाङमा कर असुल्न आउँथे । त्यतिखेर थवाङवासीले एक भएर कर नतिर्ने आन्दोलन चलाएका थिए ।

## सिज अभियान र अप्रेशन रोमियो

२०५० सालभरि नै माओवादीले पछि गएर लाल क्षेत्र बनाउन सकिने रोल्पाका ठाउँहरूमा 'दीर्घकालीन सचेतना अभिवृद्धि र राजनीतिक परिचालन अभियान' शुरू गरेका थिए । रुकुममा पर्ने सिस्ने हिमाल र जलजला माईको नाममा 'सिज' अभियान बनाइयो । अभियानमार्फत विद्रोहको लागि आधार इलाका निर्माण गर्ने रणनीति थियो । गुल्मीका रामबहादुर थापामगर 'बादल' ले थवाङमै बसेर 'सिज' अभियान सञ्चालन गरेका थिए । अभियानमा रुकुमका माओवादी कार्यकर्ता रोल्पातिर र रोल्पाका माओवादी कार्यकर्ता रुकुमतिर परिचालित थिए । एकीकृत माओवादीका केन्द्रीय सदस्य दीपेन्द्र पुनमगर 'सिजल' का अनुसार सिज अभियान तत्कालीन माओवादीको पश्चिम कमाण्डमा सञ्चालन गरिएको थियो । यो अभियान ६ महीना चलेको थियो ।

तत्कालीन माओवादीको खुला मोर्चा, संयुक्त जनमोर्चा नेपालले २०५१ सालको संसदीय निर्वाचन बहिष्कार गऱ्यो । २०५२ साल कात्तिकमा सरकारले 'अप्रेशन रोमियो' सञ्चालन गऱ्यो। 'रोमियो अप्रेशन' शुरू भएको तीन महीनापछि माओवादीले सशस्त्र विद्रोह थालेको थियो। 'रोमियो अप्रेशन' चलाइँदा नेपाली कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवा प्रधानमन्त्री र नेता खुमबहादुर खड्का गृहमन्त्री थिए। अप्रेशनले माओवादी घटाउन भन्दा बढाउन सहयोग गऱ्यो। २०५८ साल कात्तिकमा अमेरिकन संस्था *युएसएआईडी* ले तयार गरेको 'संकटग्रस्त प्रजातन्त्र' प्रतिवेदनले 'एउटा ठूलो परिमाणको नृशंस बदलाको कारबाही, जसमा शारीरिक यातना, बलात्कार, पक्राउ र हत्या जस्ता काण्ड मच्चाइएको थियो' भनेको छ ।

थवाङ-६ ठूलोगाउँका स्थानीय शिक्षक रेशमकुमार शाहका भनाइमा, अप्रेशन रोमियोले माओवादी विद्रोहको आधार तयार गर्न सघायो । उनी भन्छन्, "प्रहरीले महिलालाई बलात्कार गरे, गाउँमा भेटिए जति जाँडर क्सी खाइदिए । गाउँलेका घरमा पसेर त्यहाँ भएका अनाज एकैठाउँमा मिसाइदिएर बिचल्ली बनाए। यो प्रहरी कारबाहीबाट गाउँलेहरू सत्तासँग आक्रोशित भए ।"

थवाङलाई काठमाडौंसँग क्रुद्ध बनाउने अर्को एउटा घटना छ । २०५८ सालमा संकटकाल लागू भएपछि तत्कालीन शाही नेपाली सेनाले



*उत्पादनशिल काममा थवाङ महिला ।*

१६ चैतमा थवाङस्थित ठूलोगाउँका १३ घरमा आगो लगाइदियो । उसले यहाँका माओवादी नेता तेजमान घर्तीमगर 'दीर्घ' को घरको छाना समेत भत्काइदियो । 'दीर्घ' माओवादीभित्र बर्मन पछिका धेरैले मान्ने नेता थिए । थवाङ-५ ठूलोगाउँकी राधिका रोकामगर भन्छिन्, "त्यसवेला सेना थवाङ आउँदा माओवादी मात्र होइन, गाउँले पनि डरले जंगलतिर भागेका थिए ।"

थवाङले राज्यको एउटा ठूलो ज्यादती अहिले पनि खेपिरहेको छ । अञ्चलाधीश कार्यालयले तीन दशकअघि रोक्का राखेको एक दर्जन थवाङवासीको जग्गा अहिलेसम्म पनि फुकुवा भएको छैन । थवाङ-२ का सूर्यलाल बुढामगर, थवाङ-४ का तेजबहादुर रोकामगर, थवाङ-६ का राजकुमार रोकामगर, पूर्ण रोकामगर, सूर्यलाल बुढामगर, सूर्यबहादुर रोकामगर, रुजबहादुर रोकामगर, पूर्णबहादुर रोकामगर, थवाङ-८ का नेरु रोकामगर, चने नेपाली, थवाङ-९ का कमल रोकामगर, कुलप्रसाद झाँक्रीमगरको जग्गा अझै रोक्का छ । कमल, नेरु, सूर्यबहादुरको मृत्यु भइसकेको छ । अञ्चलाधीश कार्यालय, दाङको १७ पुस २०४० को पत्र बमोजिम थवाङवासीको जग्गा रोक्का राखिएको हो । मालपोत



***डोको एम्बुलेन्सः** थवाङमा अस्पताल जाने साधन।*

कार्यालयको अभिलेख अनुसार 'राजकाज तथा भ्रष्टाचार गरेको' आरोपमा उनीहरूको जग्गा रोक्का राखिएको देखिन्छ।

जिल्ला मालपोत कार्यालय लिवाङका तत्कालीन प्रमुख हेमराज आचार्यका अनुसार, थवाङवासीको जग्गा रोक्का हुनुमा रोचक कारण छ । तत्कालीन समयमा अञ्चलाधीश कार्यालय दाङले ती जग्गा रोक्का राख्न मालपोत कार्यालय रोल्पामा पत्राचार गरेको थियो । यो रोक्का फुकुवा नहुँदै पञ्चायती व्यवस्था ढल्यो। त्यससँगै अञ्चलाधीश कार्यालयहरू विघटन भए। त्यसपछि ती कागजातहरू जिल्ला प्रशासन कार्यालय दाङमा पुगे। ८ मंसीर २०५८ मा माओवादीले दाङ आक्रमण गर्दा ती कागजात ध्वस्त भए । जिल्ला प्रशासन कार्यालय दाङले आवश्यक कागजातको अभावमा तत्कालीन अञ्चलाधीश कार्यालयको रोक्का फुकुवाको पत्र लेख्न नसक्ने, त्यो पत्र नपाई जिल्ला मालपोत कार्यालय रोल्पाले ती जग्गा फुकुवा गर्न नसक्ने । यो ज्यादतीको शिकार भएका छन् थवाङवासी। रोक्का भएको तीन दशक नाघिसक्दा पनि जग्गा फुकुवा नहुँदा किनबेच तथा नामसारी समेत हुन नसकेको थवाङ-६ ठूलोगाउँका राजकुमार रोकामगरले गुनासो गरे। उनले भने,

"पञ्चायतकालमा कम्युनिष्ट भनेर जग्गा रोक्का गरियो, बहुदल र गणतन्त्रकालमा पनि फुकुवा भएन ।"

## गरीबी र गाँजा

सामूहिक निर्णय प्रणाली थवाङको परिचय हो भन्छन् यहाँका अगुवा बर्मन बुढामगर। सामूहिक निर्णय गर्ने परिपाटीकै कारण थवाङ सधैंभरी विद्रोही देखिएको उनको बुझाइ छ। उनी भन्छन्, "हामी सामूहिक निर्णय गर्छौं । त्यसलाई सबैले मान्छन् । भोट हाल्न जाने नजाने निर्णय पनि अगुवाहरूको सल्लाहमा भरपर्छ ।"

संविधानसभाका पूर्व सभासद् समेत रहेका रामबहादुर थापामगरद्वारा २०७१ सालमा आफ्नो पीएचडीका लागि तयार गरिएको थेसिसमा भनिएको छ- 'मगर वा आदिवासी जनजाति समाजमा व्यक्तिलाई भन्दा समाजलाई ठूलो मानिन्छ र समाजको नाइकेलाई आदरसाथ सत्कार गर्ने र उसैको पछिलाग्ने चलन छ । नत्र थवाङ जनयुद्धको आधार इलाका हुन सम्भव थिएन ।' यो भनाइले बर्मनको तर्कलाई नै बल पुऱ्याउँछ ।

थवाङका धेरैजसो महिलाको सामाजिक चेतनास्तर अहिले पनि तल छ । राजनीतिक अगुवाले जे निर्णय गर्छन्, त्यहाँका महिला अहिले पनि हुबहु कार्यान्वयन गर्छन्। थवाङ-४ जुरबाङकै ७८ वर्षीय बुढी बुढामगरले समाजका अगुवाले दिएको निर्देशन आफूहरूले मान्दै आएको बताइन् । भनिन्, "यहाँका जान्ने मान्नेहरूले यसपालि फलानालाई भोट हाल्ने है भन्यो भने सबै खेरिएर उसैलाई भोट हाल्छौं। भोट नदिने है भन्यो भने वनतिर जान्छौं ।"

जुरबाङकी ५० वर्षीया श्रीमता बुढामगर पनि त्यसै भन्छिन्। उनले भनिन्, "यो थवाङको चलन नै यस्तै। अगुवाले जे भन्छन् त्यही। हामी भेंडा त भयौं।" बुढामगर भन्छिन्, "भोट हाल्ने है भने, सबै भोट हाल्न जान्छौं। हैन, नहाल्ने है भन्यो भने, बिहानै घाँस, दाउरा गर्न जंगलतिर जान्छौं, साँझ फर्कन्छौं ।"

थापामगरको थेसिसमा थवाङवासीमा माओवाद सम्बन्धी अल्पज्ञान रहेको औंल्याइएको छ । सो शोधग्रन्थमा भनिएको छ- 'माओवादी कार्यकर्तामा ८६ प्रतिशतसँग माओवाद सम्बन्धी अल्पज्ञान छ । यसको

अर्थ उनीहरूले पढेर होइन, परेर जानेका हुन् । चार प्रतिशतलाई भने माओवादी सिद्धान्त र कार्यक्रमबारे राम्रो ज्ञान र जानकारी छ। यो चार प्रतिशत भनेको यहाँको नेतृत्व तह हो।'

इलाका प्रहरी कार्यालय थवाङका असई वकिल बमले कसरी बुझेका छन् थवाङलाई ? बम भन्छन्, "बन्द खालको संस्कार छ। सबै अगुवाकै भरमा चल्छन् । रोल्पाका अन्य गाउँमा प्रहरी र जनताबीच सम्बन्धमा सुधार आइसक्यो। थवाङमा अझै सुधार आउन सकेको छैन। यसो हुनुमा प्रहरीप्रति विगतको नकारात्मक दृष्टिकोणको धङधडी अझै छ।" बमका भनाइमा, 'यहाँ महीनामा मुश्किलले दुई वटा पनि उजुरी आउँदैनन् ।' शान्ति प्रक्रिया पछि थवाङमा प्रहरी चौकी पुनःस्थापना भयो तर यसपछिका तीन वर्ष (२०६७ सालसम्म) यहाँ एउटा पनि उजुरी परेन।

गैरसरकारी संस्थाको भूमिका पनि कमजोर छ थवाङमा । थवाङ र आसपास क्षेत्रमा बेलायती अन्तर्राष्ट्रिय विकास सहयोग नियोग *(डीएफआईडी)* को सहयोगमा जीविकोपार्जनका लागि वन कार्यक्रम *(एलएफपी)* पाँच वर्षभन्दा बढी अवधिको लागि सञ्चालन गरियो । स्थानीयका अनुसार एलएफपीबाट थवाङमा कागजमा लाखौं रुपैयाँ खर्च गरियो। उपलब्धि खासै भएन।

थवाङका स्थानीयवासी पूर्णबहादुर रोकामगरले भने, "संघ संस्थाले यहाँको विकासको लागि केही गरेनन् । धेरै आए भाषण र गफ गरेर गए।" थवाङमा हाल पश्चिम उच्च पहाडी गरीबी निवारण आयोजना *(उपाप)*, ग्रामीण गरीबी निवारण कार्यक्रम *(आरपीआरपी)*, इन्टरनेशनल फेलोसिप नेपाल *(आईएनएफ)*, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम *(एलजीसीडीपी)* सञ्चालनमा छन्।

२०५८ साल चैतमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था *मर्सिकोर* ले प्रकाशित गरेको 'पश्चिम नेपालको संघर्षको विश्लेषण' प्रतिवेदनले चाहिं एउटा नयाँ तथ्य उजागर गरेको थियो। प्रतिवेदन अनुसार, १९८६ देखि यस क्षेत्रमा गाँजा खेती शुरू गरियो । २०२६ सालसम्म नेपाल गाँजा खेतीको मुख्य उत्पादक क्षेत्र थियो। गाँजाको गुणस्तर विश्वभरि प्रसिद्ध थियो। मगरहरू आफैंले गाँजाको सेवन थोरै मात्र गर्दथे। उनीहरूमा चरेसलाई लागूपदार्थको रूपमा प्रयोग गर्ने आदत थिएन।' प्रतिवेदन

अनुसार, 'बीसौं शताब्दीको शुरूतिर थवाङ र आसपासका महिला, केटाकेटी, बूढाबूढी र प्रौढ पुरुषहरू समेत यसको प्रत्येक बालीयाममा चरेस उत्पादन गर्न तल्लीन हुन्थे। गाँजा चरेस नै नगद आम्दानीको मुख्य स्रोत थियो।'

२०३२ सालमा श्री ५ को सरकारले लागूऔषध ओसार-पसार नियन्त्रण गर्ने कानून लागू गऱ्यो। गाँजा, चरेसको उत्पादन, बिक्री र वितरण निषेध गरियो। २०२६ सालअघि थवाङ र आसपासका क्षेत्रमा सरकारको सुरक्षा वा प्रशासनिक उपस्थिति बलियो थिएन। हिजोआज पनि थवाङ र आसपासका गाउँमा गाँजा आम्दानीको एउटा स्रोत मानिन्छ। सशस्त्र विद्रोहकालमा गाँजाखेती माओवादीको कर नियन्त्रणमा थियो।

यस प्रतिवेदनका अनुसार, 'गाँजा चरेस माथि प्रतिबन्ध लगाइएपछिको चार वर्षमा कम्युनिष्ट पार्टी प्रतिको झुकाव नाम मात्रको १० प्रतिशतबाट ६० प्रतिशत पुग्यो। सन् १९८० को दशकमा आइपुग्दा यो ठाउँ ठोस रूपमा सरकार विरोधी भइसकेको थियो। धेरै मानिसहरूको विश्वास थियो कि हिंसापूर्ण विरोधबाट मात्र उनीहरूको समस्याको समाधान मिल्नेछ।'

## वीरेन्द्रदेखि प्रचण्डसम्म

विकास निर्माणमा पनि थवाङले सरकारको साथ पाएन। दाङ घोराही-थवाङ सडक खण्डको १३४ किलोमिटर शहीद मार्ग सडक योजना र सुलिचौर-फुलिवनदेखि थवाङ जोड्ने सडक निर्माणको गतिलाई हेरे यो स्पष्ट हुन्छ। घोराहीदेखि थवाङसम्म सडक पुऱ्याउन आव २०६३/६४ मा दाङको घोराहीमा शहीद मार्ग सडक योजना कार्यालय खोलियो। घोराहीको कार्यालयले पुगेन भनेर रोल्पा सदरमुकाम लिवाङमै पनि आव २०६७/६८ मा शहीद मार्ग सडक योजना इकाई कार्यालय खोलियो।

यो कार्यालयबाट वर्षेनि १३ करोडभन्दा बढी बजेट सडक विस्तारको नाममा खर्च भइरहेको छ। तर अझै थवाङसम्म सडक पुग्न सकेको छैन। यसका लागि चालू आवमा रु.१३ करोड ६९ लाख विनियोजन, अख्तियारी, निकासा भए पनि हालसम्म काम ठप्पै छ। पक्की पुल निर्माणका लागि रु.२ करोड ७० लाख ८२ हजार बजेट छुट्याइएको छ तर काम अघि बढेको छैन। नेपाल निजामती कर्मचारी संगठनका

केन्द्रीय अध्यक्ष समेत रहेका सुबोधकुमार देवकोटा शहीद मार्ग सडक योजना कार्यालय लिवाङमा काजमा योजना प्रमुख छन् । देवकोटालाई काठमाडौं बसेर आफ्नो पार्टी निकट कर्मचारीको राजनीति गर्न नै फुर्सद छैन ।

रोल्पाको पूर्वी क्षेत्र हुँदै रुइनिबाङ-फुलिवनदेखि थवाङ जोड्ने सडक खण्डको हालत पनि उस्तै छ । यो सडक खण्ड निर्माणको जिम्मा २०६३ यता मध्यपश्चिम सडक डिभिजन कार्यालय चकचके प्यूठानले लिएको छ । २०६२ सालमै रुइनिबाङदेखि सेरम-५ फुलिवनसम्म ३० किलोमिटर सडक विस्तार गरिएको थियो । १० वर्षे सशस्त्र द्वन्द्वको समयमा तत्कालीन जर्मन खाद्य प्राविधिक संस्था *(जीटीजेड)* ले यो सडक खण्डमा मोटर बाटो निर्माणका लागि रु.२१ करोड खर्च गरेको थियो ।

२० करोड खर्चिएको सडकको हालत कस्तो छ भन्ने देखाउन पछिल्लो एउटा उदाहरण नै पर्याप्त छ । २० साउन २०७२ मा जैमाकशलाको सालघारीमा पहिरो खस्यो । करीब चार दिन बाटो ठप्प भयो । बाटो निर्माणका लागि त्यस क्षेत्रका यातायात व्यवसायीले मध्यपश्चिम सडक डिभिजन कार्यालय चकचके प्युठान, जिल्ला विकास समितिको कार्यालय रोल्पामा अनुरोध गरे । तर कोही सडक खुलाउन तयार भएनन् । कतैबाट छाँट नदेखिएपछि जलजला यातायात व्यवसायी समितिले १५ मिटरको काठे पुल निर्माण गरी सवारी साधन सञ्चालन गरेको अध्यक्ष मनिकला रानामगरले बताए ।

रुइनिबाङ-फुलिवनदेखि थवाङसम्म जोड्ने सडक खण्ड अझै ३० किलोमिटरमै सीमित छ । सेरम-५ मा रहेको सिरक्याङ भीर क्रस गर्न नसक्दा सडक विस्तारको काम अगाडि बढ्न नसकेको हो। तर यो सडक खण्डमा सडक विस्तार तथा मर्मतका लागि सडक डिभिजन कार्यालय प्यूठानमार्फत बजेट भने वर्षेनि आइरहन्छ । सडक विस्तारको लागि आउने बजेट ठेकेदार र डिभिजन कार्यालयका कर्मचारीको मिलेमतोमा त्यही गाडी चल्ने ३० किलोमिटरमै सडक फराकिलो बनाइएको भनेर सिध्याउने काम भइरहेको छ ।

सिरक्याङ भीर पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' देखि रोल्पाका सबै नेता, मन्त्री र सांसद्को भाषण गर्ने विषय बन्यो ।

१ फागुन २०६७ मा जनयुद्धको १६औं वार्षिक उत्सव मनाउन दाहाल हेलिकप्टरबाट थवाङ आए। थवाङवासीको तर्फबाट माओवादी कार्यकर्ता हितप्रसाद रोकामगर 'विप्लव' ले दाहाललाई ज्ञापनपत्र बुझाए। ज्ञापनपत्रमा उनै माग थिए; घोराही-थवाङ सडक खण्डको शहीद मार्ग सडक योजना र सुलिचौर-फुलिवनदेखि थवाङ जोड्ने सडक निर्माण। ज्ञापनपत्र बुझ्दै दाहालले भनेका थिए, "थवाङवासीले के के न माग्लान् भनेको त यत्ति सामान्य चीज पो मागे। तपाईंहरूका यी सबै माग चाँडै पूरा हुनेछन्।"

ज्ञापनपत्रका अन्य मागहरूमा एकीकृत नमूना बस्ती विकास कार्यक्रमको बजेट वृद्धि गरिनुपर्ने, जलजलालाई पर्यटकीय क्षेत्र घोषणा गरी पूर्वाधारको विकास गरिनुपर्ने, सुलिचौरदेखि थवाङसम्म केन्द्रीय विद्युत् प्रसारण लाइन जोडिनुपर्ने, थवाङ-४ रुकिबाङमा रंगशाला बनाउनुपर्ने, थवाङमा क्याम्पस सञ्चालनका लागि पहल गरिनुपर्ने भन्ने थिए। यीमध्ये एउटा माग पनि अहिलेसम्म पूरा भएको छैन। ज्ञापनपत्र बुझाउने रोकामगर भन्छन्, "मलाई उतिवेलै प्रचण्डको आश्वासन र भाषणप्रति शंका थियो। अहिले मेरो अनुमान ठ्याक्कै मेल खायो।"

रोल्पा क्षेत्र नं. १ का सांसद् समेत रहेका पूर्व गृहमन्त्री कृष्णबहादुर महराले पनि दोस्रो संविधानसभाको चुनावमा आफ्नो चुनावी अजेन्डामा फुलिवनको सिरक्याङ भीर फोडेर बाटो बनाउने बताएका थिए। चुनाव जित्न जनतासामु प्राथमिकताका साथ उठाइएको यो सडक खण्ड विस्तारको मुद्दा अहिले सेलाएर गयो।

पञ्चायतकालमा पनि उसै गरी हेपियो यो गाउँ। २०४० साल पुसमा पञ्चायतका हस्ती मरिचमानसिंह श्रेष्ठ हेलिकप्टरबाट थवाङको ठूलोगाउँ आएका थिए। थवाङवासीले उनलाई सुलिचौरदेखि थवाङसम्म मोटर बाटो विस्तार, वडा नम्बर ४ र ७ जोड्ने थवाङ खोलामा झोलुङ्गे पुललगायतका माग राखेका थिए। श्रेष्ठ माग पूरा हुने आश्वासन दिएर काठमाडौं फर्किए। तर सुलिचौर थवाङ मोटर बाटो अहिलेसम्म पनि विस्तार हुनसकेको छैन। थवाङ खोलामा स्वीस सरकारको सहयोगमा आव २०४२/४३ मा जिल्लाकै लामो झोलुङ्गे पुल बन्यो, अहिले त्यो पुलको फल्याक खसेर मान्छे नै खस्न सक्ने अवस्था छ।

## थवाङः एक शब्द चित्र

**सदरमुकाम** लिवाङदेखि २८ कोस उत्तरपूर्वमा पर्दछ थवाङ । यो गाविसको १, ४, ६ र ७ नम्बर वडामा रोकामगर, २ मा घर्तीमगर, ३ मा कामी, ५ मा बुढामगर, ८ मा दमाई, ९ मा पुनमगरको बसोबास छ । राष्ट्रिय जनगणना अनुसार, थवाङमा कुल ९३७ घरधुरी छन् । तिनमा १८८ घरधुरी दलित, अन्य ४ घरधुरी छन् भने बाँकी मगर । जनसंख्या ४ हजार ३९८ छ । २ हजार ३५६ महिला छन् । जनगणना अनुसार यहाँको साक्षरता ५४ प्रतिशत छ । जिल्लाका ४९ गाविसमध्ये दोस्रो सबैभन्दा कम साक्षर गाविस हो, थवाङ ।

अधिकांश घर काठका फल्याकले छाएका छन् । ठूलोगाउँ र आसपासका गाउँका गल्लीमा ढुंगा बिछ्याइएको छ । हावापानी शीतोष्ण र समशीतोष्ण खालको छ । जलजला धेरै चिसो भए पनि थवाङ गाउँको तापमान न्यूनतम ५ डिग्री सेल्सियसदेखि अधिकतम २९ डिग्री सेल्सियससम्म रेकर्ड गरिएको छ । यो समुद्र सतहबाट १ हजार ८१० देखि ३ हजार २६६ मिटर उँचाइसम्म फैलिएको छ । थवाङको क्षेत्रफल ६ हजार ९७४ हेक्टर छ ।

यहाँको प्रमुख आयस्रोत कृषि र विप्रेषण हो । थवाङ र आसपासका बासिन्दा पहिले खेतीपाती भन्दा भेंडापालनमा बढी संलग्न हुने गर्दथे । तर अहिले यहाँको भेंडापालन दुई चार घरमा सीमित छ । यो जिल्लामै राम्रो आलु फल्ने गाविस मानिन्छ । तर आलुको उत्पादन वर्षेनि घट्दो छ । पहिले स्याउ खेतीका लागि पनि यो ठाउँ राम्रै मानिन्थ्यो । माओवादीले द्वन्द्व कालमा थवाङको चालाबाङमा जुम्लाबाट स्याउका बेर्ना ल्याएर लगाए । उचित रेखदेखको अभावमा ती स्याउका बोट सुकेर सखाप हुँदै गएका छन् । व्यवस्थित पशुपालन र खेतीपाती छैन । थवाङका ९० प्रतिशत जनता अझै पनि हलो, कोदालो गरेर परम्परागत कृषि व्यवसायमार्फत जीविका चलाइरहेका छन् ।

१० फागुन २०४५ मा राजा वीरेन्द्र र रानी ऐश्वर्य कसैलाई थाहा नदिई हेलिकप्टरमार्फत थवाङ आएका थिए । स्थानीय रेशमकुमार शाहका अनुसार राजा, रानीले करीब आधा घण्टा स्थानीयसँग छलफल गरेका थिए । स्थानीय कमल झाँक्रीमगरले राजा, रानीसमक्ष तीन वटा माग राखे । सुलिचौरदेखि थवाङसम्म मोटर बाटो निर्माण, वीर बलभद्र माध्यमिक विद्यालयको हाता भित्र तारबार र थवाङ खोलामा तटबन्ध ।

काठमाडौं फर्केका राजा, रानीले भोलिपल्ट नै हेलिकप्टरमार्फत तारबारका लागि आवश्यक सामग्री विद्यालयको हाता भित्र झार्न लगाए । राजारानीले २०५० सालभित्र सुलिचौरदेखि थवाङसम्म मोटर बाटो पुऱ्याइदिने आश्वासन दिएका थिए । राजा, रानीको थवाङ भ्रमणबारे स्थानीय शाहले भने “बहुदल आएपछि राजाका योजना ओझेलमा परे, कामै भएन ।”

त्यसयता राज्य र माओवादीका तर्फबाट दिइएका पूरा नहुने आश्वासनले पनि थवाङलाई थप चिढ्याएको छ । थवाङ-२ फुन्तिबाङका हिका रोकामगरले राज्य र माओवादीले थवाङलाई प्रयोग मात्र गरेको दु:खेसो गरिन् । थवाङमै रहेको इलाका प्रहरी कार्यालयले ५ माघ २०५३ मा आफ्ना श्रीमान्को हत्या गरेपछि एकल भएकी हिकाले भनिन्, “माओवादीले पनि थवाङसम्म मोटर बाटो ल्याइदिन्छु भन्यो तर जनतालाई दु:ख मात्र दियो ।”

यहाँ शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय रोल्पामार्फत आव २०६५/६६ देखि एकीकृत नमूना बस्ती विकास कार्यक्रम शुरू गरियो । अभिलेख अनुसार, डिभिजन कार्यालय रोल्पाबाट मात्रै हालसम्म रु.२ करोड ७० लाख ५० हजार बजेट खर्च भयो । थवाङका गल्लीमा करीब १३ हजार वर्गमिटर बाटोमा ढुंगा बिछ्याउने, बाटो छेउतिर करीब दुई हजार मिटर पक्की नाला बनाउने, एउटा सामुदायिक भवन बनाउने, मञ्च निर्माण गर्ने, १ हजार ५०० मिटर साइट वाल लगाउने र ३५० घनमिटर तार जाली लगाउने काममा खर्च गरिएको डिभिजन कार्यालयले जनाएको छ । नेपाली कांग्रेसका जिल्ला सभापति कृष्णबहादुर घर्तीमगर भन्छन्, “थवाङमा राज्यबाट लगानी नै नभएको होइन । लगानी भए अनुरूप प्रतिफल नदेखिनु समस्या हो ।”



*काम चलाउः जलजला कम्युनिटी हेल्थ इन्ष्टिच्यूटका प्रबन्ध निर्देशक रत्न झाँक्री मगर ।*

उनका भनाइमा, "थवाङमा जनताको नाममा गएको बजेट त्यहाँका राजनीतिक अगुवाले सिध्याउने गर्छन् ।"

थवाङका गाविस सचिव अधिकार बुढामगरका अनुसार थवाङमा चालू आर्थिक वर्षमा पूँजीगत (विकास) बजेटतर्फ रु.१८ लाख २५ हजार प्राप्त भएको छ। उक्त बजेटको कार्यान्वयनमा स्थानीय राजनीतिक दलका अगुवाकै हालीमुहाली चल्छ। गाविसबाट खर्च भएको बजेटबाट थवाङमा गुणस्तरीय काम भएको भेट्टाउन मुश्किल छ। गाविसको आन्तरिक आय एकदमै न्यून छ । गत आवमा थवाङको कुल आन्तरिक आय रु.५० हजार थियो । व्यक्तिगत घटना दर्ता, तिरो आदि गाविसका आन्तरिक स्रोत हुन् ।

स्वास्थ्य सेवा दिने नाममा २०६६ सालयता दर्ता विनाको 'जलजला कम्युनिटी हेल्थ सेन्टर तथा हेल्थ रिसर्च इन्ष्टिच्यूट' सञ्चालनमा छ । यहाँ एक्स-रे, भिडियो एक्स-रेलगायतका सेवा दिने गरिएको छ । इन्ष्टिच्यूटका प्रबन्ध निर्देशक रत्न झाँक्रीमगर भन्छन्, "यहाँबाट सबै सेवा हुन्छ । सरकारीमा भन्दा यतै भीड लाग्छ ।" इन्ष्टिच्यूटमा जनशक्तिको

नाममा एक अनमी, दुई सीएमए र एक ल्याव असिस्टेन्ट छन् । झाँक्री इन्स्टिच्यूटको प्रबन्धक निर्देशकसँगै ल्याव असिस्टेन्ट पनि हुन् । मंसीर महीनाभरि इन्स्टिच्यूटबाट कुल २९५ जनाले सेवा लिएको झाँक्रीले जानकारी दिए । इन्स्टिच्यूटमा थवाङसहित छिमेकी गाविस कुरेली, मिरुल, उवा, रुकुमको महतका सेवाग्राही पनि आउँछन् । इन्स्टिच्यूटका अध्यक्ष समेत रहेका नेकपा माओवादी विप्लव समूहका नेता जयप्रकाश रोकामगरले भने, "आउँदो फागुनसम्म अस्पताल दर्ता गर्ने निर्णय गरेका छौं । दाताको सहयोग ल्याउन सामुदायिक अस्पताल बनाउने तयारीमा छौं ।"

२०३४ सालतिर अमेरिकी मानवशास्त्री डा.अगस्टा मोल्नार थवाङ गाउँमा बसेकी थिइन् । उनले २०३७ सालमा 'थवाङका खाम मगर महिलाहरू' नामक अध्ययन प्रतिवेदन सार्वजनिक गरेकी थिइन् । उक्त प्रतिवेदनमा जनाइए अनुसार त्यही वेलातिर थवाङमा एउटा स्वास्थ्य चौकी खोलिएको देखिन्छ । प्रतिवेदनमा भनिएको छ- 'तर सरकारले त्यो ठाउँमा खटिएर काम गर्न इच्छुक एक जना स्वास्थ्य सहायक पनि पाउन सकेको थिएन ।'

थवाङको शैक्षिक अवस्था पनि उस्तै छ । २०६५ सालमा शहीद स्मृति क्याम्पस सञ्चालन गरियो । स्थापनाको शुरू वर्ष यो क्याम्पसमा तीन जना विद्यार्थी भर्ना भए । पहिलो वर्ष ती विद्यार्थीले जाँच दिए, सबै फेल भए । थवाङकै स्थानीय समेत रहेका क्याम्पस प्रमुख धनबहादुर रोकामगरले भने, "शुरूमा क्याम्पस चलाउनुपर्छ भनेर सबैले जोड गरे । अहिले विद्यार्थी नै नभए पछि क्याम्पस ठप्प छ ।"

१० वर्षे सशस्त्र विद्रोहमा राज्य पक्षबाट मारिएकाको सम्झनामा स्थानीय पहलमा क्याम्पस सञ्चालन गरिएको हो। क्याम्पसले मानविकीको सम्बन्धन लिएको छ । त्रिभुवन विश्वविद्यालयबाट क्याम्पसको सम्बन्धन लिन पहल गरेका रेशमकुमार शाह भन्छन्, "उहिले कागजात मिलाएर बल्ल बल्ल सम्बन्धन लिइयो । अहिले क्याम्पस नचलेर हैरान छ ।" हाल यहाँ ६ वटा प्राथमिक, दुई वटा निम्न माध्यमिक र एउटा उच्च माध्यमिक विद्यालय सञ्चालनमा छन् ।

वीर बलभद्र माध्यमिक विद्यालयमा हाल ७९२ विद्यार्थी छन् । २०७१ सालमा यो विद्यालयबाट २४ जनाले प्रवेशिका परीक्षा दिए ।

परीक्षा दिएका मध्ये नियमिततर्फ चार जना उत्तीर्ण भए। नतीजा सुधार्न पञ्चवर्षीय योजना लागू गरिएको विद्यालयका प्रधानाध्यापक मोहन नेपालीले बताए। उनले भने, "यहाँका विद्यार्थी गणितमा असाध्य कमजोर छन्। अंग्रेजी सुधारोन्मुख छ।"

सञ्चारमा पनि थवाङवासीको पहुँच कमजोर छ। रोल्पाकै कृष्णबहादुर महरा सूचना तथा सञ्चार मन्त्री हुँदा यहाँ २०६५ सालमा नमस्ते र स्काई फोनको टावर राखियो। नेपाल टेलिकमका अनुसार यो टावरको क्षमता एकैचोटि ४८ जनाले टेलिफोन गर्न सक्ने छ। एक महीना अघिदेखि मात्रै इन्टरनेट सेवा प्रवाह गर्न टेलिकमले थ्रीजी सेवा सञ्चालनमा ल्याएको छ। थवाङका अधिकांश भागमा अहिले पनि टेलिफोनले राम्रो काम गर्दैन। नेपाल टेलिकम रोल्पाका प्रमुख कैलाश आचार्यले भने, "भूगोलको कारणले पनि थवाङका सबै ठाउँमा टेलिफोन सेवा सहज बनाउन गाह्रो छ।"

जिल्लामा तीन वटा सामुदायिक रेडियो सञ्चालनमा छन्। भौगोलिक वनावटका कारणले ती कुनै पनि थवाङमा सुनिंदैनन्। जिल्लामा दैनिक, साप्ताहिक तथा पाक्षिक गरी ११ वटा पत्रिका छन्। ती पनि समयमै थवाङ पुग्दैनन्। हुलाकमार्फत थवाङ पुग्दा सामग्री बासी भइसकेको हुन्छ। थवाङमा अहिले पनि घरघरमा गएर खबर दिने 'कट्वाल' प्रथा कायमै छ।

## राज्य विरोधी मनोविज्ञान

एमाओवादी अध्यक्ष दाहालले थवाङ-२ राचिबाङमा ट्रफल अनुसन्धान परियोजना अन्तर्गत परीक्षणका लागि कुल ३८५ बोट ट्रफलको बिरुवा ल्याउन पहल गर्ने बाहेक अरू केही गर्न सकेनन्। सशस्त्र विद्रोहकालदेखि सत्तामा पुग्दासम्म पनि थवाङवासीलाई दाहालले आश्वासन दिन भने छाडेनन्। माओवादीको चुनावी घोषणापत्रमा 'दाङको घोराही, होलेरी हुँदै थवाङसम्म केबुलकार लगिने' उल्लेख थियो। थवाङमा विकासको बाढी ल्याउने, जनतालाई स्वरोजगार बनाउने, सशस्त्र विद्रोहको क्रममा ज्यान गुमाएकालाई एकमुष्ट राहत प्याकेज दिने, सहकारी, कम्युनलाई व्यवस्थित गर्ने उनका कुनै पनि आश्वासन पूरा भएनन्।

थवाङ-५ ठूलोगाउँका युवा अमित घर्तीमगरले भने, “थवाङलाई विभिन्न नामका कम्युनिष्टले खाली प्रयोग मात्रै गरे। हिजो साम्यवाद भन्ने प्रचण्ड आज बुर्जुवा राजनीतिमा छिरे।” थवाङ-६ का माओवादी नेता लालचन्द्र रोकामगरले पनि एमाओवादी अध्यक्ष दाहालले थवाङलाई धोका दिएको बताए। उनले भने, “प्रचण्डले थवाङलाई पूर्ण रूपमा धोका दिए। नेताहरू पूँजीवादमा फसे। यहाँका कसैलाई कुनै नेताप्रति पनि विश्वास छैन।”

थवाङकै एमाओवादी नेता विनप्रसाद पुनमगर ‘टार्जन’ ले पनि थवाङवासीमा निराश, थकान र आक्रोश भएको स्वीकार गरे। उनले भने, “जनतालाई दिएको आश्वासन अनुसार काम हुन सकेन। नेताहरूबाट प्रयास नभएको होइन। पार्टी सत्तामा गए पनि पुरानो संरचना भित्र थवाङले चाहे जस्तो परिवर्तन सम्भव थिएन। जनतामा निराशा छाउनु स्वाभाविक हो।”

माओवादीले २०६० कात्तिकमा दाङको घोराहीदेखि रोल्पाको थवाङसम्म मोटर बाटो पुऱ्याउन आसपासका १० जिल्लाका सर्वसाधारण, माओवादी लडाकूलाई दुई हप्ता भन्दा बढी जनश्रमदान गर्न लगायो। दैनिक १० हजार मानिसले श्रमदान गरे। तर पनि थवाङसम्म सडक पुगेन।

१० वर्षे सशस्त्र विद्रोहमा थवाङबाट मात्रै २८ जना मगर मारिए। मारिनेमा पाँच महिला थिए। ३१ अपाङ्ग छन्। १४ महिला एकल हुन पुगे। एक जना अझै बेपत्ता छन्। ६ महीना त्यस क्षेत्रमा बिताएकी फ्रान्सेली मानवशास्त्री *डा. यान् द सेल्स* ले जातीय आन्दोलनमा लागेका एक जना मगरको विचार यसरी उल्लेख गरेकी छन्: “खाम-मगर किसानहरू एउटा यस्तो लडाईं लडिरहेका छन्, जुन उनीहरूको आफ्नो लडाईं हैन। फेरि एकपल्ट मगरहरू उच्च जातिको स्वार्थको शिकार भएका छन्। किन भने नेपाली कांग्रेस र एमाओवादी दुवै दलका नेताहरू बाहुन छन्। राजा पृथ्वीनारायण शाहले ‘विशाल नेपाल’ को विजय गर्दा जस्तै माओवादीको विजय पनि मगरहरूको रगतबाट प्राप्त भएको छ।”

लिबरल डेमोक्रेटिक पार्टीका सचिवालय सदस्य नन्दबहादुर घर्तीमगरका विचारमा देशमा जस्तोसुकै राजनीतिक फेरबदल भए पनि

त्यसको राप यहाँ नपुग्नुले थवाङलाई विद्रोही बनाइरहन मद्दत गऱ्यो । उनी भन्छन्, “जनजाति समुदायमा रहेको ‘एन्टी स्टेट’ भावनालाई कम्युनिष्टको नाममा खूबै प्रयोग गरियो ।”

थवाङ असन्तुष्ट हुनुमा खासगरी तीन वटा तत्वले काम गरिरहेको पूर्व सभासद् सन्तोषकुमार बुढामगरको भनाइ छ । उनको विचारमा पहिलो; यहाँको सचेतन प्रयत्न नै हो । दोस्रो, ऐतिहासिक भावनात्मक एकता र तेस्रो जनजाति पृष्ठभूमि । किनकि जनजाति सामूहिक संस्कारमा बढी विश्वास गर्छन् ।

थवाङमा आफ्नो प्रभाव विस्तार गर्न एमाले, कांग्रेस लगायतका पार्टीले वेलाबखत प्रयास गरे तर सफल हुन सकेनन् । पूर्व सभासद् बुढामगर भन्छन्, “फुटाउने प्रयास नगरिएको होइन । थवाङको पार्टी प्रमुख नै बनाइदिन्छौं भनेर कांग्रेस एमालेले प्रस्ताव गर्दा पनि उनीहरूले कसैको साथ पाउन सकेनन् ।” उनी भन्छन्, “अझै पनि थवाङ राजनीतिक रूपमा एक रहिरहन्छ । कुनै पार्टीले गडबडी मच्चाउन लाग्यो भने हामी एकआपसमा समीक्षा गर्छौं । सम्झाइबुझाइ गरेर फेरि थवाङकै एकतामा सहमत गराउँछौं ।”

के गऱ्यो भने बदलिन्छ थवाङ ? उत्तर आ-आफ्ना छन् । नेकपा मसालका महामन्त्री तथा थवाङमा कम्युनिष्ट बीजारोपण गर्ने मोहनविक्रम सिंह विकास नीतिमा रहेको असन्तुलन प्रमुख समस्या ठान्छन् । सिंह भन्छन्, “नेपालमा थवाङ जस्ता विकट गाउँ धेरै छन् । यस्ता गाउँको विकासमा राज्यले सन्तुलित नीति अवलम्बन गर्नुपर्छ ।”

नन्दबहादुरका विचारमा “जनजातिलाई राज्य सत्तामा पुऱ्याउने हो भने थवाङ शान्त हुन्छ ।” स्थानीयवासीप्रति लक्षित गर्दै उनले भने, “जनजातिले पनि सामाजिक क्रान्तिको दीर्घकालीन बाटो समात्नुपर्छ । यसले समाजमा व्याप्त सामाजिक अज्ञानता विरुद्ध लड्न सहयोग गर्छ ।”

थवाङ-६ ठूलोगाउँका स्थानीय समेत रहेका नेपाल पत्रकार महासंघ जिल्ला शाखाका निवर्तमान अध्यक्ष मौसम रोकामगरको विचार चाहिं यस्तो छ- “यहाँका बासिन्दालाई कहिल्यै पनि सरकार हाम्रो पनि हो भन्ने महसूस भएन । थवाङ सत्तामा साझेदारी चाहन्छ ।”

नेपाली कांग्रेसका जिल्ला सभापति कृष्णबहादुर घर्तीमगर चाहिं

थवाङको असन्तुष्टि सम्बोधन गर्न राज्यको पहुँच विस्तार जरूरी देख्छन्। यसका लागि सबै पार्टीले खुला रूपमा राजनीति गर्न पाउनुपर्ने वातावरण जरूरी रहेको उनको भनाइ छ। घर्तीमगर भन्छन्, "थवाङमा राजनीति बाहेक अरू सबै चीज गर्ने छूट छ। खुला रूपमा राजनीति गर्न चन्द माओवादी बाहेक अरूलाई छूट छैन।"

थवाङका सामाजिक कार्यकर्ता बसन्त रोकामगर थवाङमा सघन संवाद र छलफलको जरूरी देख्छन्। उनी भन्छन्, "थवाङलाई सधैंभरि उपेक्षा र दमन मात्रै गरियो। सेवा, सुविधा पुऱ्याउने र निरन्तर छलफल चलाउने हो भने थवाङ सधैंभरि विद्रोही भइरहन सक्छ भन्ने छैन।"

# छोरो पाउन भ्रूणहत्या : सरकारी निकाय मूकदर्शक

**सुदूरपश्चिमका पहाडी भेगमा अवैध रूपमा, दक्षता नभएका व्यक्तिले गर्भपतन गराउने काम बेरोकटोक भइरहेको छ । सुरक्षित गर्भपतनको अवधारणा विपरीत महिला स्वास्थ्यमा गम्भीर असर पार्ने यो मामिलामा सरकारी निकाय पूरै मूकदर्शक छन् ।**

■ **प्रकाश सिंह**

२०७१ वैशाखमा अछाम नन्देगडा-१ की ३५ वर्षीया मनकला साउदले स्थानीय औषधि पसलेको सल्लाह बमोजिम औषधि खाएर गर्भपतन गराइन् । तर औषधि खाएपछि उनको योनीबाट निरन्तर रगत बगिरह्यो । परिवारका सदस्यले चार घण्टा टाढाको बयलगडा अस्पताल लगे । उपचारको क्रममा उनको मृत्यु भयो । उपचारमा संलग्न एक स्वास्थ्यकर्मीले भने, “पूरा गर्भपतन भइसकेको





*असुरक्षित गर्भपतनले समस्यामा परेकी एक महिला सेती अञ्चल अस्पताल धनगढीमा उपचार गराउँदै ।*

थिएन, रक्तस्रावका कारण हेमोग्लोविनको मात्रा न्यून थियो। बचाउन सकिएन।"

२०७० भदौ महीनामा कञ्चनपुर झलारी पिपलाडी नगरपालिका-५ बस्ने २६ वर्षीया राजमती भट्ट गर्भपतन गराउन झलारी बजारमा रहेको कामना क्लिनिक गइन्। भारतीय नागरिक जगपालको सल्लाह बमोजिम क्लिनिकबाट औषधि किनेर खाइन्। औषधि खाएपछि रगत बग्न थाल्यो। दुई दिनपछि उनको मृत्यु भयो। त्यसयता जगपाल फरार छन्।

२०७२ जेठमा बाजुराको जगन्नाथ गाविस-८ बस्ने ३५ वर्षीया जमुना रोकायाले स्थानीय मेडिकल पसलबाट औषधि खाएर गर्भपतन गराइन्। रगत बग्न नरोकिएपछि उपचारका लागि कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा लगियो। त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि नेपालगञ्ज 'रेफर' गरियो। केन्द्रका चिकित्सक डा. कुलराज शाहीका भनाइमा, "हेमोग्लोविनको मात्रा ज्यादै न्यून थियो, रगतको आवश्यकता भएकाले अन्यत्र 'रेफर' गर्नुपऱ्यो।"

२०७२ असारमा कोटिला गाविस-१ की खत्री थरकी एक महिलाले गाउँको मेडिकलकै औषधि खाएर गर्भपतन गराइन्। तर, गर्भ आधा पेटमै रहेकाले थप उपचार गर्न कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा पुगिन्। यहाँ सम्भव नभएपछि उनलाई नेपालगञ्ज 'रेफर' गरियो। केन्द्रकी स्टाफ नर्स हेमु श्रेष्ठका भनाइमा, "उनको हालत यति बिग्रिसकेको थियो कि त्यहाँ उपचार हुन सम्भव थिएन।" तर जगन्नाथ-२ की २५ वर्षीया मनसरी नाथको उपचार कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमै गरियो। स्टाफ नर्स श्रेष्ठका भनाइमा, "तीन दिनको उपचारपछि उनी घर फर्किएकी थिइन्।" बाजुराको उत्तरी क्षेत्रमा एक दिनको पैदल दूरीमा कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र पुगिन्छ। त्यहाँ महीनामा तीन/चार जना महिला गाउँमा असुरक्षित गर्भपतन गराएर अप्ठ्यारो भएपछि थप उपचारका लागि आउने गर्छन्। श्रेष्ठका भनाइमा, "उपचारमा आउने धेरै महिला रक्तअल्पता, रक्तस्राव, आधा गर्भ पेटमै रहेको जस्तो समस्या लिएर आउने गर्छन्।"

छिमेकी अछाम जिल्लाको अवस्था पनि उस्तै छ। बयलगडा अस्पतालमा महीनामा ३० जनाभन्दा बढी यस्ता महिला आउँछन्। अस्पतालका अनुसार "गर्भपतन गराएर अप्ठ्यारोमा परेपछि उनीहरू



*गाउँको औषधि पसलमा गर्भपतनको औषधि सेवन गरेर अप्ठयारो भएपछि उपचारका लागि कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र आएकी एक महिला। तस्वीर : डा.कुलराज शाही, कोल्टी बाजुरा*

अस्पताल आउने गर्छन् ।" अस्पतालमा अछाम, बाजुरा र डोटीतिरका महिला धेरै आउने गरेका छन् । शहर-बजार आसपासका भन्दा पनि दुर्गम गाउँका महिला धेरै यस्तो समस्या लिएर आउने गर्छन्। "अप्ठ्यारो भएर आउनेमध्ये धेरैलाई रगतको जरूरत पर्छ", एक कर्मचारीले भने।

दुर्गम पहाडी जिल्लामा मात्र नभई सुदूरपश्चिमका तराईका जिल्लामा पनि गर्भपतन गराउने काम जथाभावी भइरहेको छ। कैलालीको धनगढी नगरपालिका-१ बस्ने ३० वर्षीया गीता श्रीवास्तवले स्थानीय मेडिकल पसलेले दिएको औषधि खाएर गर्भपतन गराइन् । तर जब उनलाई धेरै रक्तस्राव भयो त्यसपछि उपचारका लागि १८ साउन २०७२ मा सेती अञ्चल अस्पताल भर्ना गरियो । रगतमा हेमोग्लोविनको मात्र कम भएकाले उनलाई रगत दिएपछि सञ्चो भएको अस्पतालकी नर्सिङ निरीक्षक सुनिता खत्रीले बताइन्। त्यसै दिन धनगढी नगरपालिका-२ बस्ने २१ वर्षीया भुल थर भएकी महिला पनि अस्पताल भर्ना भइन्। उनको समस्या पनि उही थियो- औषधि पसलबाट किनेको औषधि खाई गर्भपतन गराएपछि रगत नरोकिएको। उनलाई पनि रगत दिएपछि सञ्चो भएको अस्पतालले जनाएको छ।

## तालिका
## अस्पतालमा असुरक्षित गर्भपतनका समस्या

| क्र.सं. | जिल्ला | संख्या | क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|---|---|---|
| १. | बाजुरा | ५१ | ६. | कञ्चनपुर | ११७ |
| २. | बझाङ | २७ | ७. | डडेल्धुरा | २० |
| ३. | अछाम | १२८ | ८. | बैतडी | ४१ |
| ४. | डोटी | ५९ | ९. | दार्चुला | ७२ |
| ५. | कैलाली | १२७ | | **जम्मा** | ६४२ |

स्रोत : क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपायल

सेती अञ्चल अस्पतालमा पहाडी जिल्लाबाट यस्ता समस्या धेरै आउने अस्पतालका प्रमुख डा. गणेशबहादुर सिंह बताउँछन्। अस्पतालबाट प्राप्त जानकारी अनुसार, २ जेठ २०७२ मा डडेल्धुरा आलिताल गाविस-३ बस्ने २६ वर्षीया गौरी बोहोरा गाउँमा असुरक्षित गर्भपतन गराएर अप्ठ्यारो भएपछि सेती अञ्चल अस्पतालमा भर्ना भइन् । एक हप्ता उपचार पछि सञ्चो भएर घर फर्किन्। त्यस्तै २१ जेठमा डोटी घायल-७ बस्ने २६ वर्षीय बुढा थर भएकी एक महिला आधा गर्भ पेटमै रहेको अवस्थामा अस्पताल आइपुगिन् । १२ साउनमा कञ्चनपुरको बेल्डाँडी-५ बस्ने ३६ वर्षीय पण्डित थर भएकी महिला पनि यस्तै समस्या लिएर सेती अञ्चल अस्पताल पुगिन् । केही समयको उपचारपछि उनीहरू घर फर्किएका थिए ।

३० असारमा कैलालीको विकट गाविस साढेपानी ६ बस्ने ३२ वर्षीया सागरानी चौधरी पनि अस्पताल भर्ना भइन्। उनको पनि समस्या उही थियो- गाउँको पसलमा किनेको औषधि खाएर गर्भपतन गराउनु। उनलाई रगत दिएपछि सञ्चो भएको थियो । ५ साउनमा कैलाली सहजपुरकी २४ वर्षीया तारादेवी साउद रक्तअल्पता र रक्तस्राव भएपछि अस्पताल भर्ना भइन् । गाउँमा गर्भपतन गरेपछि उनी समस्यामा परेकी थिइन्। नर्स सुनिता खत्रीका भनाइमा, “चार पोका रगत दिएपछि उनलाई सञ्चो भएको थियो ।” सेती अञ्चल अस्पतालमा मात्रै महीनामा ३०

जनाभन्दा बढी जथाभावी गर्भपतन गराएर अप्ठ्यारो अवस्थामा पुगेका महिला आउने गर्छन् । अञ्चल अस्पताल प्रमुख डा. सिंहका भनाइमा “गएको चैत महीनादेखि १६ साउनसम्म यस्तो समस्या बोकेर ९० जना महिला अस्पताल आएका थिए ।” डा. सिंह भन्छन्, “यो अवस्था देशभरि छ, तर यहाँ समस्या गम्भीर छ भन्ने देखिसक्यो ।”

महाकाली अञ्चल अस्पतालमा २०७२ असारदेखि पुस महीनासम्म ५९ जना महिला गर्भपतनका कारण समस्यामा परेर थप उपचार गर्न आएका थिए । महाकाली अञ्चल अस्पतालको विवरण हेर्दा महीनामा २० देखि ३० जना महिला यस्तो समस्या परेर उपचार गर्न आउने गर्छन् । महाकाली अञ्चल अस्पतालका प्रमुख डा. श्रीराम तिवारीका भनाइमा, “यसले समाजमा असुरक्षित गर्भपतन भयावह अवस्थामा छ भन्ने देखाउँछ ।” क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपायलले उपलब्ध गराएको विवरणले डा. तिवारीको अनुमानलाई पुष्टि गर्छ । निर्देशनालयका शाखा अधिकृत बन्दना भट्टका भनाइमा, “२०७१/७२ मा मात्रै ६४२ जना महिला यस्तो समस्या लिएर विभिन्न अस्पताल पुगेको देखिन्छ ।” (हे.बक्स)

बच्चा धेरै, चेतनाको अभाव, परिवार नियोजनका साधन प्रयोग नगर्ने लगायतका कारणले यस्तो समस्या आउने जिल्ला स्वास्थ्य कार्यालय बाजुराका वरिष्ठ अहेब टेकबहादुर खड्का बताउँछन् । खड्का भन्छन्, “बच्चा बढी भएपछि गर्भपतन गराउन खोज्छन्, परिवार नियोजनका साधन प्रयोगमा कुनै मतलब गर्दैनन् । अनि समस्या पर्छ ।”

अझ हिजोको भोगाइका आधारमा अहिले भइरहेको गर्भपतनको तरीकालाई तुलनात्मक रूपमा वैज्ञानिक र सुरक्षित मान्नुपर्छ । केही वर्ष अघिसम्म सुदूरपश्चिमको पहाडी जिल्लामा योनीमा जडीबुटी अथवा काठ राखेर पनि गर्भपतन गराउने गरिन्थ्यो । बाजुरा कुल्देवमाण्डौकी देवु खाती भन्छिन्, “पहिला त काठ अथवा जडीबुटी राखेर गर्भपतन गराइन्थ्यो । अहिले सजिलो छ, गाउँमै औषधि पसल छन्, त्यहीं औषधि पाइन्छ ।”

जथाभावी गरिने गर्भपतनले महिलाको स्वास्थ्यमा कस्तो असर पर्छ ? जिल्ला स्वास्थ्य कार्यालय बाजुराकी स्टाफ नर्स रूपा बिक भन्छिन्, “सेतो पानी बग्ने, रक्तअल्पता हुने, बाँझोपन, तल्लो पेट दुख्ने, रगतको कमी हुने गर्छ ।” रूपा थन्छिन्, “त्यसमाथि पोषणको अवस्था पनि कमजोर




*कैलाली नजिकै भारतको पलियामा रहेको सक्सेना अस्पताल : बाहिर भ्रुण पहिचान गर्नु पाप भने पनि भित्र भ्रुण पहिचान गर्ने काम हुन्छ ।  तस्वीर : प्रकाश सिंह*

हुने हुँदा यस्ता महिलाको पाठेघर खस्ने, क्यान्सर हुने अथवा रगत गएर मृत्यु समेत हुन सक्छ ।"

## गैरकानूनी धन्दा

गर्भपतन गर्न पाउनु वा कानूनी मान्यता पाउनु भनेको जथाभावी गर्न पाउनु भन्ने होइन । यसका लागि गर्भपतन गराउन नर्स, डाक्टरहरूले तालीम लिएको हुनुपर्छ । त्यसैगरी गर्भपतन गराउने स्वास्थ्य संस्था पनि सूचीकृत भएको हुनुपर्छ । डा. सिंह भन्छन्, "तर गाउँघरमा गैरकानूनी रूपमा एचए, अहेब, अनमी र अरू स्वास्थ्यकर्मीले समेत गर्भपतन गराइरहेका छन् ।" कानूनत: १२ हप्तासम्मको मात्रै गर्भपतन गराउन पाइन्छ । सिंहका भनाइमा, "त्यसमा पनि शारीरिक, मानसिक अवस्था ठीक भए मात्र गर्भपतन गराउनुपर्छ । तर कुनै परीक्षण विना नै औषधि खुवाएर गर्भपतन गराउने आम प्रचलन छ । धेरै रगत बग्ने, तल्लो पेट दुख्ने, गन्हाउने पानी आउने समस्या हुनु यसैको परिणाम हो ।"

'सुरक्षित गर्भपतन सेवा विस्तार रणनीतिक तथा कार्य सञ्चालन सेवा निर्देशिका-२०६६' अनुसार स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाबाट गर्भपतन सेवा प्रदान गर्ने व्यक्ति र संस्था दुवैले प्रमाण-पत्र लिएको हुनुपर्छ । तर गाउँमा खोलिएका औषधि पसलबाट अदक्ष जनशक्तिका भरमा गर्भपतन गराउने काम भइरहेको छ । सुदूरपश्चिमको पहाडमा गर्भपतन गराउन धेरै प्रयोग गरिने औषधि 'मिफेप्रिस्टोन २०० एमजी' र 'मिसोप्रोस्टल २०० एमसीजी' हो । यो औषधि धनगढी, महेन्द्रनगर, नेपालगञ्ज र भारतका विभिन्न शहरबाट सुदूरपश्चिमका पहाडमा भित्रिने गरेको छ। अनुमति नलिएको पसलबाट यो औषधि खरीद वा बिक्री गर्न पनि पाइँदैन । भारत, गौरीफन्टाको जयमाता औषधि पसलका सञ्चालक विनित पाण्डेका अनुसार, "नेपाल भारतको आसपासका शहरमा गर्भपतनको औषधि किन्न जाँदा कुनै चिकित्सकको सिफारिश खोजिंदैन । आवश्यकता अनुसार किन्न पाइन्छ ।"

गाउँमा एचए, अहेबहरूले सञ्चालन गरिरहेका मेडिकल पसलबाट यो औषधि बिक्री भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. मोहन नाथ लाचारी व्यक्त गर्दै भन्छन्, "के गर्नु कानूनी रूपले नमिल्ने हो, तर उनीहरूले खुलेआम बिक्री गरिरहेका छन् ।" अझ कोल्टीका स्थानीय अनिल शाह त यतिसम्म भन्छन्, "कानूनका कुरा के गर्नु, यहाँका मेडिकलहरूमा बच्चा फाल्ने औषधि भनेर माग्नुस्, तुरुन्तै पाउनुहुन्छ। डाक्टरको सिफारिश न गर्भपतन गराउने योग्य व्यक्ति, केही चाहिंदैन।" यसको पुष्टि गर्दै बाजुरा टाटे स्वास्थ्य चौकीका इन्चार्ज विष्णु जैसीले भने, "यो सबै काम पैसाका लागि भइरहेको छ ।"

औषधि बिक्री गर्न औषधि व्यवस्था विभागमा सूचीकृत हुनु जरूरी छ । सूचीकृत पसलले पनि नेपाल सरकारबाट मान्यताप्राप्त भएका कम्पनीको औषधि मात्रै बिक्री र प्रयोग गर्न पाइन्छ । विभागले ३० फागुन २०७० मा सार्वजनिक सूचना जारी गरेर गर्भपतनका लागि दुई वटा नेपाली कम्पनी र दुइटा भारतीय कम्पनीको औषधि मात्र चलाउन अनुमति दिएको छ । तर मार्तडीमा रहेको खप्तड फार्मेसीले योभन्दा फरक भारतीय 'जग्सोनपाल फर्मास्युटिकल लिमिटेड इण्डिया' को औषधि

बिक्री गरिरहेको भेटियो । सञ्चालकले हाकाहाकी भने, “मलाई कुन कम्पनीको बिक्री गर्न पाउने, कुन नपाउने जानकारी नै थिएन ।”

गैरकानूनी रूपमा गर्भपतन गराउने वा गर्न सहयोग गर्नेलाई कारबाही गर्ने व्यवस्था भए पनि अहिलेसम्म कसैलाई पनि कारबाही गरिएको छैन । कानून व्यवसायी गगन रावलका भनाइमा, “गर्भको भ्रूणको लिङ्ग पहिचान गर्नु नै अपराध हो । यसरी पहिचान गर्न खोज्ने व्यक्ति र गर्ने चिकित्सक दुवैलाई कारबाही हुन्छ ।” रावलका भनाइमा, “भ्रूणको लिङ्ग पहिचान गराउनेलाई तीन महीनादेखि ६ महीनासम्म कैद र पहिचान गरी गर्भपतन गर्नेलाई ६ महीनादेखि तीन वर्षसम्म कैद हुने कानूनी व्यवस्था छ ।”

## छोरो पाउने आश

‘छोराछोरी बराबर’ भन्ने व्यापक प्रचार भइरहे पनि सुदूरपश्चिमका जिल्लामा पहिचान गरेर छोरीलाई भ्रूणमै समाप्त गर्ने क्रम बढ्दो छ । कानूनले १२ हप्ता अर्थात् तीन महीनासम्मको मात्रै गर्भपतन गर्न पाउने व्यवस्था गरेको छ । तर चार महीनापछि परीक्षण गरेर गर्भपतन गराउने काम व्यापक मात्रामा भइरहेको छ ।

नेपाल र भारतमा गर्भमा भ्रूण पहिचान गर्न नपाइने कानूनी प्रावधान भए पनि गोप्य रूपमा पहिचान गरी गर्भपतन गर्ने गरिन्छ । सुदूरपश्चिमका धनगढी, महेन्द्रनगर, अत्तरिया, नेपालगञ्ज र भारतका पलिया, रूपैडिया, खटिमालगायतका बजारका निजी अस्पतालमा यो काम गरिन्छ । कञ्चनपुर बेलडाँडी बस्ने २४ वर्षीया मीना नेपाली (नाम परिवर्तन) ले भनिन्, “पहिलो छोरी भएपछि अर्की पनि छोरी हुने डरले पलिया गएर भ्रूण पहिचान गऱ्यौं । छोरी छ भनेपछि गर्भपतन गरायौं ।” स्वास्थ्य परीक्षण गर्न श्रीमान्सँग भारत पुगेकी मीनाले दुवैको सहमतिमा गर्भपतन गराएको बताइन् ।

बाजुरा बाह्रबिसकी जमुना थापा (नाम परिवर्तन) ले पनि भारतको पलिया गएर भ्रूण पहिचान गरेर छोरी रहेको थाहा भएपछि पाँच महीनाको गर्भ फालिन् । धेरै रगत बगेपछि उनले एक हप्तासम्म त्यहीं उपचार गराइन् । उनी भन्छिन्, “घरमा तीन छोरी छन् । अर्की

पनि छोरी छ भन्ने थाहा पाएपछि गर्भपतन गराएँ, पाँच हजार भारु खर्च भो ।" बाजुराको कोल्टी बस्ने नन्दा रोकाया (नाम परिवर्तन) अर्को उदाहरण हुन् । उनले छोरो पाउने आशमा चार पटक गर्भपतन गराइसकेकी छन् । एक पटकमा रु.५ हजारदेखि रु.१० हजारसम्म खर्च भएको उनको भनाइ छ ।

गर्भपतन गर्न भारत जानु कति सहज काम भएको छ भने भारतको पलिया बसपार्कमा पुग्ने महिलालाई रिक्सा चालकले पनि 'बच्चा पत्ता लगाउने अस्पताल पुऱ्याइदिने' भन्छन् । दिनहुँ दश जना भन्दा बढी महिला भ्रूण पहिचान गर्न यहाँका अस्पतालमा पुग्ने गर्छन् । तर अस्पतालको भित्तामा चाहिं 'भ्रूण पहिचान अपराध हो' भन्ने बोर्ड राखिएको छ ।

महिला अधिकार मञ्च बाजुराकी अध्यक्ष रुक्मिणी शाहका भनाइमा, चेतनाको अभाव र छोरो पाउनुपर्ने सामाजिक मान्यताका कारणले भ्रूण पहिचान गर्न खोज्ने प्रवृत्ति बढ्दो छ । विभेद विरुद्ध थुप्रै संघसंस्थाले काम गर्दै आए पनि समाज परिवर्तन भइरहेको छैन भन्ने उदाहरण हो, यो ।" हुन पनि छोरो नभएमा श्रीमान्ले अर्को विवाह गर्ने, घरपरिवार र समाजबाट अपहेलित हुनुपर्ने चलन सुदूरपश्चिमको पहाडमा अझै छ । बाजुराकी शान्ता रोकाया भन्छिन्, "छोरो नभएपछि फरक दृष्टिले हेर्ने चलन छ । छोरो नभएकै कारण धेरै महिलाले सौता खेप्नु परेको छ । कति त घरबाट निकालिएका पनि छन् ।"

सुदूरपश्चिममा सुरक्षित गर्भपतन सेवाका लागि ३६ वटा स्वास्थ्य संस्था सूचीकृत रहेको क्षेत्रीय स्वास्थ्य निर्देशनालयले जनाएको छ । निर्देशनालयका अनुसार, यीमध्ये पनि धेरै संस्थामा तालीमप्राप्त व्यक्ति नहुँदा सबैमा यो सेवा छैन । तर यी सबै संस्था शहरबजार र सदरमुकामकेन्द्रित छन् । दुर्गमका स्वास्थ्य संस्थामा यो सेवा नभएकाले पनि गैरकानूनी गर्भपतन बढ्दै गएको हो । जिल्ला स्वास्थ्य कार्यालयका वरिष्ठ अहेब दीपक शाह भन्छन्, "भौगोलिक विकटताले पनि बाध्य भएर असुरक्षित गर्भपतन गराउनेहरू धेरै छन् ।"

जो-कोहीले औषधि पसल चलाउन र बिक्री गर्न पाउँदैन । औषधि पसल सञ्चालन गर्न विभागमा दर्ता अनिवार्य छ । सुदूरपश्चिममा १५ सय ८६ औषधि पसल औषधि व्यवस्था विभाग नेपालगञ्जमा दर्ता

भएको विभाग प्रमुख मेनु श्रेष्ठले बताइन्। सुदूरपश्चिममा सबैभन्दा धेरै कैलालीमा ८१७ र थोरै दार्चुलामा १८ वटा दर्ता छन्। गाउँमा सीएमए, एचए पढेकाले औषधि पसलहरू चलाउने मात्रै होइन, उनीहरू नै बिरामी जाँच गर्छन् र औषधि लेख्छन्। जिल्ला अस्पताल बाजुराका प्रमुख डा. मोहन नाथ भन्छन्, "औषधि खुवाएर सबैभन्दा धेरै गर्भपतन गराउने काम यस्ता पसलहरूबाट भइरहेको छ।"

मध्य तथा सुदूरपश्चिमका औषधि पसलको अनुगमन गर्ने जिम्मा औषधि व्यवस्था विभाग नेपालगञ्जले पाएको छ । नेपालगञ्जले यो क्षेत्रका २४ जिल्लाको अनुगमन गर्नुपर्छ । विभागको कोही मानिस अहिलेसम्म बाजुरामा अनुगमन गर्न आएको आफूलाई थाहा नभएको जिल्ला अस्पतालका प्रमुख डा. मोहन नाथ बताउँछन्। औषधि व्यवस्था विभाग नेपालगञ्ज प्रमुख श्रेष्ठको आफ्नै तर्क छ। उनी भन्छिन्, "अनुगमन गर्न औषधि निरीक्षक अनिवार्य हुनुपर्ने हो। तर २४ जिल्ला हेर्ने तीन जना निरीक्षक छौं। त्यो पनि एक जना कार्यालय प्रमुखसहित।" श्रेष्ठका भनाइमा, "एकजनाले अफिसको काम हेर्नुपर्छ। दुई जनाले सबै ठाउँमा कसरी अनुगमन गर्नु?" सुदूरपश्चिममा महिलाको स्वास्थ्य माथि योविघ्न खेलबाड भइरहँदा पनि सरकारको अनुगमन कार्य प्रभावकारी छैन। डा. गणेशबहादुर सिंह भन्छन्, "अनुगमन नै हुँदैन भने पनि हुन्छ।"

# कागजी एम्बुलेन्सका चार वर्ष

**सुदूरपश्चिमको अछाममा एम्बुलेन्स खरीद गर्न निकालिएको रुण्डै दश लाख रुपैयाँ चार वर्षपछि बल्लबल्ल सरकारकै खातामा फर्किएको छ। निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत सांसद्लाई दिएको रकम कुन हदसम्म दुरुपयोग हुनसक्छ भन्ने एउटा उदाहरण हो, यो।**

■ **शिवराज ढुङ्गाना**

अछाम। आर्थिक वर्ष २०६८/६९ मा अछाम क्षेत्र नं. २ का तत्कालीन सभासद् शरदसिंह भण्डारीले कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रका लागि एम्बुलेन्स खरीद गर्न रु.७ लाख ३५ हजार छुट्याए। निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत छुट्याइएको सो रकमबाट एम्बुलेन्स खरीद गरी उपयोगमा ल्याउन स्थानीयवासीले तत्कालै खडकसिंह भण्डारीको अध्यक्षतामा एम्बुलेन्स उपभोक्ता समिति पनि गठन गरे।





उपभोक्ता समिति र अछाम जिल्ला विकास समिति (जिविस) बीच १२ फागुन २०६८ मा चैत मसान्तभित्र एम्बुलेन्स झिकाइसक्ने सम्झौता भयो। जिविस अछाममा एम्बुलेन्स किनेको कागजात पेश गरेर विभिन्न मितिमा रु.७ लाख ३५ हजार र कमलबजार स्वास्थ्य केन्द्र व्यवस्थापन समितिबाट रु.२ लाख ५० हजार भुक्तानी पनि लिइयो।

यसैबीच वार्षिक रूपमा लेखा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयबाट खटिएको लेखा परीक्षकको टोली जिविस अछाम पुग्यो। लेखा परीक्षण गर्ने क्रममा उसले एम्बुलेन्स खरीद भएको यकिन गर्न एम्बुलेन्सको 'ब्लूबुक' माग्यो। जिविस अछाम, कमलबजार प्राथमिक स्वास्थ्य केन्द्र र एम्बुलेन्स उपभोक्ता समिति कसैले पनि लेखा परीक्षकलाई गाडीको स्वामित्व देखाउने कागजात 'ब्लूबुक' उपलब्ध गराउन सकेनन्।

एम्बुलेन्स किनेकोमा ढुक्क जिल्ला विकास समिति अछामले सभासद्, उनका प्रतिनिधि, स्वास्थ्य केन्द्र, उपभोक्ता समितिसँग एम्बुलेन्सको 'ब्लूबुक' माग्यो। एकले अर्कोलाई देखाए। आफूले मागेको कागजात नभेटिएपछि लेखापरीक्षकले जिल्ला विकास समिति, अछामलाई यस्तो सुझाव दियो-

'सम्झौता अनुसार भुषाल इन्टरनेशनल नेपालगञ्जसँग बोलेरो २५२३ सीसीको एम्बुलेन्स गाडी रु.८ लाख ५० हजारमा खरीद गरी प्राथमिक स्वास्थ्य केन्द्र कमलबजारले जिन्सी खाता पाना नं.४ मा आम्दानी बाँधेको आधारमा भुक्तानी दिएको पाइयो। श्रेस्ता साथ उक्त गाडीको स्वामित्व लिएको प्रमाण 'ब्लूबुक' पेश भएको नदेखिएकोले स्वामित्व लिएको प्रमाण पेश हुनुपर्ने देखिन्छ।'

लेखा परीक्षकले एम्बुलेन्स खरीद शीर्षकमा निकासा रकम बेरुजुमा राखेपछि यो प्रकरण सतहमा आयो। जिविस, उपभोक्ता समिति, सभासद् विवादमा तानिए भने स्थानीयवासीमा चर्को असन्तुष्टि देखियो। विस्तारै एम्बुलेन्स खरीद प्रक्रिया पूरै 'कागजी' रहेको पर्दाफास भयो र जनस्तरमा यसको व्यापक आलोचना शुरू भयो।

स्वास्थ्यचौकीमा एम्बुलेन्स आउने भयो भनेर खुशी भएका कमलबजार क्षेत्रका सर्वसाधारण त्यतिखेर निराश भए, जतिखेर तिनले एम्बुलेन्स किन्न छुट्याएको रकम सभासद् शरदसिंह भण्डारी र उनका प्रतिनिधि डण्डी सञ्ज्यालले चलाएछन् भन्ने थाहा पाए। यस क्षेत्रका एक जना अगुवा

बलबहादुर विष्टले निराश भएर भने, "एम्बुलेन्स आउने आश मरिसक्यो। बरु दुरुपयोग भएको रकम चाहिं जिविस र स्वास्थ्य केन्द्रले फिर्ता गर्न सके हुन्थ्यो।"

अब सबै जना आफू पन्छिने उपायमा लागे। जिविस अछामका तत्कालीन निमित्त प्रमुख खेमराज जोशी 'असार महीनामा कामको चटारो भएकाले एम्बुलेन्स आयो-आएन भनेर हेर्न नसकिएको' भनेर पन्छिए। उनले भने, "एम्बुलेन्स जस्तो कुरा नआएको भनेर अविश्वास गर्ने कोणबाट हेर्दै हेरिएन।" आफ्नो कामको बचाउ गर्दै उनले भने, "एम्बुलेन्स दाखिला पत्र, उपभोक्ता समितिको निर्णय, जिल्ला स्वास्थ्य कार्यालयको 'भुक्तानी गरिदिनू' भन्ने पत्रका आधारमा रकम भुक्तानी गरिएको हो। ती सबै काम नक्कली हुन् भनेर सोच्दै सोचिएन।" _

कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रका तत्कालीन प्रमुख नारायण भण्डारीले एम्बुलेन्स जिल्लामा पुगेको भनेर जिविसमा पेश गर्न बनाइएको दालिखा पत्र नै नक्कली भएको रहस्य खोले। भण्डारीले भने, "मैले दाखिला पत्रमा हस्ताक्षर गरेको छैन, केन्द्रका कुनै कागजात र छाप दिएको छैन। पेश भएका सबै नक्कली हुन्।"

तत्कालीन सांसद् शरदसिंह भण्डारीले पनि जिम्मेवारी लिएनन्। आफूलाई केही थाहा नभएको भन्दै उनले आफ्ना जिल्ला प्रतिनिधि डण्डी सञ्ज्याललाई आरोप लगाए। भण्डारीले भने, "निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत मैले एम्बुलेन्स खरीदका लागि रकम छुट्याएको हो। जिल्ला प्रतिनिधि डण्डीले के गरे, मलाई थाहा छैन।"

हाल नेकपा माओवादी (विप्लव) पक्षका केन्द्रीय सदस्य रहेका भण्डारी एमाओवादीबाट पहिलो संविधानसभामा अछाम-२ बाट निर्वाचित सभासद् थिए।

कमलबजार क्षेत्रका स्थानीयवासीले चाहिं खरीद प्रक्रियामा संलग्न उपभोक्ता समितिका अध्यक्ष खडकसिंह र सभासद्का जिल्ला प्रतिनिधि सञ्ज्यालको मिलेमतोमा यो रकम दुरुपयोग भएको ठानेका छन्। जिविस अछाम र कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रबाट अध्यक्ष भण्डारीले नै हस्ताक्षर गरेर रकम बुझेको देखिन्छ। तर भण्डारी र सञ्ज्याल दुवैलाई चिन्ने केही स्थानीयहरूका भनाइमा चाहिं 'कागजी रूपमा खडकसिंह दोषी देखिए पनि त्यो पैसा सञ्ज्यालले दुरुपयोग गरेका हुन्।'

यो मामिलाको भित्री कुरा थाहा पाउने नेपाल पत्रकार महासंघ अछामका पूर्व अध्यक्ष वेदप्रकाश तिमिल्सेना भन्छन्, “पैसा सञ्ज्यालले नै खाएका छन् ।” तर सञ्ज्याल यो आरोप स्वीकार गर्न तयार छैनन् । उनी भन्छन्, “म तत्कालीन समयमा सांसद् भण्डारीको प्रतिनिधि थिएँ । मलाई त्यो रकमका बारेमा कुनै जानकारी छैन ।”

उपभोक्ता समितिका अध्यक्ष खडकसिंह भण्डारी पनि सञ्ज्यालतिरै औंलो उठाउँछन् । खडकसिंह भन्छन्, “अध्यक्षको नाताले मैले पैसा बुझेर सञ्ज्यालको खातामा पठाएको हुँ । पैसा उनैले प्रयोग गरेका छन् ।” त्यही पैसाले सञ्ज्यालले सुर्खेत, वीरेन्द्रनगर नगरपालिकाको कालागाउँ भन्ने स्थानमा घर निर्माण गरेको उनले बताए । अछाम बारला घर भएका सञ्ज्याल एक वर्षदेखि सुर्खेत बस्दै आएका छन् ।

महालेखाको बेरुजु जनाउ र जनस्तरबाट समेत खोजी हुन थालेपछि उक्त रकम फिर्ता गरियो । २०७२ माघ ३, ४ र ५ गतेको मितिमा जिविस अछामको खातामा उक्त रकम जम्मा भएको लेखापाल शरदप्रसाद ढुंगानाले पुष्टि गरे । लेखापाल ढुंगाना भन्छन्, “एम्बुलेन्स नकिनेको रकम फिर्ता भएको बैंक स्टेटमेन्टबाट देखिएको छ ।”

यसरी निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रुण्डै रु.१० लाख चार वर्ष दुरुपयोग भएर पुन: सरकारकै खातामा फर्किएको छ । स्थानीय तहमा विनियोजित रकम कुन हदसम्म दुरुपयोग हुनसक्छ भन्ने यसबाट स्पष्ट हुन्छ ।


तर यो रकम दुरुपयोग गर्न कसको के भूमिका थियो ? जिविस अछाम, उपभोक्ता समिति र त्यसका अध्यक्ष, सभासद्, उनका प्रतिनिधि र नकिनिएको एम्बुलेन्स किनिएको भनेर नक्कली कागजात बनाउने स्वास्थ्य केन्द्रका पदाधिकारी र कर्मचारीमाथि के कारबाही हुने हो, अछामवासी व्यग्र प्रतीक्षामा छन् ।

# मधेशमा ज्वरो, निमोनिया र झाडापखाला
# सतवरिया मृत्युकथाको भित्री पाटो

**वीरगन्जबाट २० किलोमिटर परको एउटा गाउँ सतवरियामा दुई महीनायता एउटै वडाका २६ जनाको मृत्यु भयो। जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साले 'ज्वरो', 'चिसो' र 'निमोनिया' लाई मृत्युको कारण बतायो। आजको समयमा कुनै व्यक्तिले मृत्युवरण गर्नुमा यी कारण पर्याप्त छन् ? सतवरिया घटनाको भित्री पाटो :**

■ **राधेश्याम पटेल**

वीरगन्जबाट २० किलोमिटर पश्चिममा पर्छ पोखरिया नगरपालिका। गएको वर्ष मात्रै नगरपालिका घोषणा भएको यसको वडा नम्बर ४ मा पछिल्लो दुई महीनामा २६ जनाको मृत्यु भयो। १३ माघमा वीरगन्जका सञ्चारमाध्यमले यो दुखद् घटना बाहिर ल्याए। त्यसको भोलि र पर्सिपल्ट राजधानीका केही सञ्चारमाध्यमले यसलाई छिटफुट स्थान दिए।





घटनास्थल पुग्न कठिन हुने पहाडको कुनै दुर्गम गाउँमा होइन, मधेशको त्यो पनि नगरपालिका भित्र। २०७२ मंसीर पहिलो सातादेखि माघ पहिलो सातासम्मको दुई महीनामा एउटै वडाका २६ जनाको मृत्यु। कारण जेसुकै भए पनि एउटै वडामा यति ठूलो मानवीय क्षति हुनु सामान्य घटना थिएन। अनि हामी सतवरियाको त्यो बस्तीमा पुगेर खोतल्यौं यो प्रकरणको भित्री पाटो।

यस वडामा दुई हजार ६०० हाराहारी जनसंख्या रहेछ। घरधुरीका हिसाबले हजाम १५ घर, चमार २७५ घर, लोहार २५ घर, कानु ३०० घर, अहिर ७५ घर, पहाडी समुदाय १५ घर, रौनियार २५० घर, कोइरी १० घर रहेछन्।

गाउँमा सबैभन्दा पहिला भेटिइन् प्रमिलादेवी कानु। एक महीनाअघि मात्रै १२ वर्षीया छोरी गुमाएकी प्रमिलादेवीसँग कुरा गर्ने शब्द थिएनन्। निन्याउरो मुहारले धेरै कुरा भन्थ्यो। शोकाकूल परिवेशमा घर अगाडि उभिएर बल्लतल्ल भनिन्, "अहिले पनि विश्वास लाग्दैन रानी वितेको।"

रानी कक्षा ६ मा पढ्थिन्। डेढ सातादेखि बिरामी थिइन्। झडापखाला लागेको थियो। प्रमिलाले गाउँकै अस्पतालका डाक्टरलाई देखाइन्। त्यहाँ दिएको औषधिले काम गरेन। हजुरबुवाले छिमेकी हरिहरपुर गाउँको एउटा झाँक्री बोलाएर झारफुक गराए। रानीलाई सन्चो भएन। नजिकैको बसतपुर गाउँको चिनेको झोले डाक्टर मुन्नाबाट औषधि किनेर खुवाए। उल्टो रानी बर्बराउन थालिन्। एक दिन रानीले 'हजुरबुवा, मेरो आँखाले केही पनि देख्न सक्दैन' भनिन्। ससुरा बुहारी भएर रानीलाई वीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पताल पुऱ्याए। केहीबेरमै उनको मृत्यु भयो।

चञ्चले उमेरकी खेल्ने छोरी गुमाएको कानु परिवारका कुनै सदस्य पनि नरोइकन बोल्न सक्दैनन्। निकैबेर थामिएर आमा प्रमिलाले भनिन् "पोखरिया अस्पतालमा राम्रो डाक्टर राखिदिनु, नत्र अस्पताल बन्द गरिदिनु।"

सतवरिया गाउँकै सोनु साह कानुको ६ महीना दुई दिनको छोरो अर्जुन बित्यो। अर्जुन र करण दुई जुम्ल्याहा जन्मिएका थिए। ती मध्ये जेठा अर्जुनको माघ पहिलो साता मृत्यु भयो। राति आमाको दूध चुसेर निदाएका अर्जुन बिहान आमा ब्यूँझिंदा जीवित थिएनन्।

पोखरिया बजारमा मिठाई पसल छ सोनुको। छोराको मृत्युले पत्नी विक्षिप्त भएकी छन्। सोनु भन्छन्, “एक सातासम्म त जीवन नै समाप्त भए झैं लाग्यो। हिजोआज जीउ अलिक हलुको हुँदैछ।” छोरा अर्जुनलाई कुनै रोग थिएन। राति सकुशल सुतेको छोरो बिहान जीवित थिएन। घटना कसरी भयो भन्नु ? कसको दोष भन्नु ? विलखबन्दमा छ साह परिवार। अब करणलाई कसरी बचाउने भन्ने चिन्तामा छन् उनीहरू।

यो दुई महीनामा गाउँका अरू २४ जनाले ज्यान गुमाएका छन्। एकपछि अर्को गरेर यही वडाका मानिस मर्न थालेपछि गाउँ त्रसित छ। एउटै वडामा यति ठूलो भवितव्य कसरी पर्न गयो भनेर गाउँले चर्चा गर्छन्। चिसो र जाडोलाई दोष दिन्छन्।

सरकारी निकाय जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साले सबैको मृत्युको कारण भेटेको रहेछ। घटनाले धेरै चर्चा नपाओस् र पत्रकारले पनि ‘अज्ञात कारणबाट मानिस मरेको’ समाचार नदिउन् भनेर हुनसक्छ जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले ‘सबैको मृत्युको कारण खुलेको’ प्रतिवेदन नै सार्वजनिक गऱ्यो। जिल्ला जनस्वास्थ्य कार्यालय पर्सा मातहतमा रहेको पोखरिया अस्पतालका मेडिकल अधिकृत डा. रोशन चौरसियाले २६ जनाकै मृत्युको कारण सार्वजनिक गरे।

१३ माघ २०७२ मा जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका शाखा अधिकृत राजकिशोर दासको नेतृत्वमा सतवरिया गाउँमा प्रारम्भिक अनुगमन तथा तथ्यांक संकलन गरियो। जस अनुसार, ‘सोनु साह कानुको ६ महीना दुई दिनको छोरा अर्जुन मृत फेला परेको, रामबाबु साहकी छोरी रानी कुमारी (१२) चिसोले, जानकी देवी (७४) झाडापखाला र ज्वरोले, जादोलाल महतो (६५) टाउकाको घाउले, रामचन्द्र महतो (७३) फोक्सोको क्यान्सरले, धुन साह कानु (८०) पक्षघातले, सोमरावती मियाँ (३४) आत्महत्या गरेकोले, प्रद्युम्न रामको १२ दिने छोरी चिसोले, शिवदुलारी चौहान (५५) अपाङ्ग पक्षघातले, लालबहादुर ठाकुरको नाति (३ महीने) मृत फेला परेकोले, पुकार साह (२०) ब्रेन ट्यूमरले, रामाज्ञा साह कानु (७५) मिर्गौला खराब भएकोले, ढोंडा महतो (७४) मिर्गौला खराब भएकोले, रोज मियाँ (७३) खोकी र ज्वरोले, कमहीदेवी राम (७०) ज्वरो र खोकीले, समुद्रदेवी राम (२२) धेरै रगत बगेकोले, उनकी एकदिनकी

## आफन्तहरू के भन्छन् ?

१. **रुकसाना खातुन** : हजुरबुबा रोग मियाँ ७३ वर्षको हुनुहुन्थ्यो। ज्वरो आएको थियो, खोकी लाग्थ्यो । पाँच दिनदेखि खाना खानुभएको थिएन । बिहान १० बजे घरमै उहाँको निधन भयो । एक महीना हुनलाग्यो, हामीलाई धेरै माया गर्ने हजुर बुबा विना घर सुनसान भएको ।

२. **करिमन राम** : आमा कलहीदेवी राम ७० वर्षकी हुनुहुन्थ्यो। एक महीना पहिलेको कुरा हो। १० दिनदेखि ज्वरो र खोकीले आमालाई सताएको थियो। ७ दिनदेखि भात रुचेको थिएन। नजिकैको बसन्तपुर गाउँमा रहेका डा. मुन्नाको औषधि पसलमा लगेर उपचार पनि गरायौं। आमालाई कालले कति छिटो टिपेर लग्यो, हामीलाई पत्तै भएन। नराम्रो लागिरहेको छ ।

३. **रामशरण राम** : बुहारी २२ वर्षीया समुद्र देवी ८ महीनाकी गर्भवती थिइन्। धेरै रगत बग्न थालेपछि रक्सौलको डंकन अस्पतालमा भर्ना गरायौं । पेटमा बच्चाको अवस्था ठीक नभएकोले चिकित्सकहरूले अप्रेसन गरेर जीवितै बच्ची निकाले। केही बेरमा बुहारीको मृत्यु भयो। भोलिपल्ट नातिनीले पनि संसार छाडिन् ।

४. **रामप्रसाद चौहान** : बुबा ढोडा महतो ७० वर्षको हुनुहुन्थ्यो। दुवै मिर्गौलामा पत्थरी थियो। तीन दिनसम्म डाइलासिस गरेर अप्रेशन गरियो। तर, विस्तारै मुटुको चाल मन्द हुँदै गयो र फोक्सोले काम गर्न छोड्यो। चिकित्सकले बाँच्ने आशा कम छ भनेका थिए। शल्यक्रिया गरेको दुई दिनपछि उहाँको मृत्यु भयो ।

५. **लालसा देवी चौहान** : मेरी छोरी ८ दिनमा गई । अहिले छोरी वितेको पनि एक महीना भयो। राति राम्रोसँग दूध खाएर

सुतेकी छोरी बिहान ३ बजे छामछुम गर्दा उसको श्वास चल्न छाडेको थियो। के कारणले मृत्यु भयो थाहा पाइनँ। अहिले सम्झँदा पनि नराम्रो लाग्छ।


६. **शोभादेवी राम** : मेरी छोरी रिकी ६ महीनाकी थिई। पहिलो छोरी, सबैले धेरै माया गर्थे। एक्कासी झाडापखाला लाग्यो। पोखरिया अस्पताल लगें। नजिकमा पाइने औषधि खुवाएँ। त्यसपछि नारायणी उपक्षेत्रीय अस्पताल लगें। त्यहाँ चिकित्सकले निमोनिया तथा भाइरलले झाडापखाला भएको भने। भारतको मोतिहारी लैजाँदै गर्दा बाटोमा उनको प्राण गयो।

७. **सुनितादेवी राम** : बुबा बाबुलाल राम ७० वर्षको अपाङ्ग हुनुहुन्थ्यो। उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल लग्यौं। त्यहीं उहाँ बित्नुभयो। डाक्टरले मधुमेह र रक्तचाप बढेकोले बचाउन मुश्किल छ भनेका थिए। डाक्टरका भनाइमा, नियमित औषधि नखाएकोले उहाँको ज्यान गएको हो।

छोरी कम तौलकी भएकोले, श्रीराम महतो चौहान (६०) मानसिक रोगी भएकोले, नन्दलाल साह (१०२) बूढो भएकोले, भोजियादेवी (७५) पुरानो दमको रोगी भएकोले, रिंकु कुमारी राम (५ महीना) झाडापखाला तथा ज्वरो आएकोले, आरतीकुमारी राम (१८) मिर्गौला खराब भएकोले, मक्सुद मियाँ (५५) लिभर क्यान्सरका कारणले, लोथा महरा चमार (६०) झाडापखालाले, उनकी दुई दिने नातिनी मृत फेला परेकीले, बाबुलाल राम (५५) पक्षघातबाट मृत्यु भएकोले।'

## विपन्न र गरीबी

जिल्ला जनस्वास्थ्य कार्यालय पर्साको यो प्रतिवेदन माथि राष्ट्रिय र क्षेत्रीयस्तरमा खासै बहस र चर्चा नै भएन। पुस र माघ महीनाभित्र मधेशको एउटा गाउँका यति धेरै मानिस मर्दा काठमाडौंले कुनै चासो वा



चर्चा गरेन, मधेशमा पनि यसको गम्भीरताबारे बहस, छलफल भएन।

यति ठूलो नागरिक क्षतिमा ज्वरो आएर, निमोनिया भएर, कम तौलको भएर भने जस्ता कारण उल्लेख गरेर प्रतिवेदन दिन कुनै विशेषज्ञको जरूरी पर्दैन। त्यस अर्थमा जनस्वास्थ्य कार्यालय पर्साको त्यो प्रतिवेदन सरकारी ञराटराइ मात्रै थियो। बरु घटनाको सामाजिक अर्थ राजनीतिक दृष्टिबाट बहस, विश्लेषण जरूरी थियो। यसो भएन।

यो मृत्युकथाले किन मुलुकभर चर्चा पाएन ? दलित बस्ती घुमेर फर्केपछिको हाम्रो निचोड के हो भने त्यहाँ मर्नेहरू सबैजसो विपन्न र गरीब थिए। उनीहरू आफैं बोल्न सक्दैनथे। उनीहरूको पक्षमा बोलिदिने पनि कोही थिएन।

हामीले पटक पटक कुरा कोट्याएपछि स्थानीय ६० वर्षीय जोगिन्दर साह कानुले मुख खोल्दै सरकारतिर औंला उठाए। उनले भने “यो घटना हुनुमा पोखरिया अस्पतालको लापरवाही जिम्मेवार छ।”

अनि हामीले पोखरिया अस्पतालको व्यवस्थापन र यहाँको जनशक्ति बारे जान्न खोज्यौं। रु.२ करोड ५१ लाखमा प्राथमिक स्वास्थ्य केन्द्रबाट

स्तरोन्नति भई निर्माण भएको पोखरिया अस्पताल अहिले थला परेको अवस्थामा छ। १५ शैय्या क्षमताको उक्त अस्पतालको उद्घाटन २०५९ सालमा तत्कालीन स्वास्थ्य मन्त्री राजेन्द्र महतोले गरेका थिए। आर्थिक वर्ष २०७२/७३ को बजेट जम्मा रु.६३ लाख ८९ हजार छ। यस मध्येबाट वर्षेनि रु.१० लाखको औषधि खरीद गर्नुपर्छ। यसमा चर्को चलखेल हुने गर्छ।

अस्पतालमा मुश्किलले एक जना चिकित्सक र कर्मचारी भेटिन्छन्। एक मेडिकल सुपरीटेन्डेन्ट र दुई मेडिकल अधिकृतको दरबन्दी छ। तर अस्पतालमा जम्मा दुई जना मेडिकल अधिकृतहरू डा. रोशन चौरसिया र डा. अनिसा महतो मात्रै छन्। ६ जना नर्सको दरबन्दी रहेको यस अस्पतालमा केही दिन अघिसम्म तीन जना नर्स सेवामा थिए। पुष्पा ओली, शुभेक्षा चापागाईं र रीना पासवान सरुवा भएर एक महीना पहिल्यै अन्यत्र गइसके। जनस्वास्थ्य कार्यालय पर्साका प्रमुख अरुणकुमार महतोका भनाइमा, "मध्यमाञ्चाल क्षेत्रीय स्वास्थ्य निर्देशनालय हेटौंडाले सरुवा गरेकोले अहिले अस्पतालमा एक जना पनि नर्स छैनन्।"

तीन दरबन्दी रहेकोमा एक जना मात्र अनमी छन्। १२ माघदेखि ती अनमी दीपिका सिंह पनि सुत्केरी विदामा छन्। एचएमा एक जना सविना माझी र अहेबद्रय नरेश साह र रामनारायण सिंह छन्। ल्याब टेक्निसियनमा निरीक्षक सुशील चौरसिया छन्। मासिक ४० भन्दा बढी सुत्केरी केस आउने यो अस्पतालको 'बर्थिङ्ग सेन्टर' अहिले बन्द छ।

अस्पताल किन यतिविघ्न लथालिङ्ग भयो ? जिल्ला जनस्वास्थ्य कार्यालय पर्सा प्रमुख महतो र अस्पताल विकास समितिका प्रमुख उमेश चौहानका आ-आफ्ना तर्क छन्। अस्पताल विकास समितिका प्रमुख उमेश चौहानको उदासीनताले औषधि खरीदलगायतका काम नभएर यस क्षेत्रको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको महतोको भनाइ छ। तर चौहान यो मान्न तयार छैनन्। उनी भन्छन्, "औषधि खरीदमा टेन्डर प्रक्रिया पूरा गर्नुपर्ने भएकोले दुई महीना ढिलो भयो। सर्वसाधारण मर्कामा परे।"

पोखरिया नगरपालिका वडा नम्बर ४ का वडा सचिव साधु साह रौनियार 'अस्पताल र औषधि बाहेक यो गाउँमा अरू पनि समस्या रहेको' ठान्छन्। उनका भनाइमा, "यही वडामा यति ठूलो क्षति हुनुमा

सामाजिक कारण पनि छ । शिक्षा र सचेतनाको कमी छ । गरीबीका कारण रोगको पहिचान गरी समयमा उपचार गर्न सक्दैनन् । त्यसैले यति ठूलो क्षति भयो ।"

ज्वरो, झाडापखाला र निमोनिया जस्ता मामुली कारणले यति धेरैको मृत्यु हुनु मानवअधिकारका दृष्टिले पनि थप बहस र छलफलको विषय हुनुपर्थ्यो, जो भएन ।

# ६ हजार शिक्षक नियुक्तिमा मनपरीः नीति र नियत दुवैमा खोट

**सामुदायिक उच्च माविमा राज्यको अनुदानबाट तलब–सुविधा पाउने ६ हजार शिक्षक नाममात्रको 'प्रक्रिया पुऱ्याएर' नियुक्त भइरहेका छन् । प्रतिस्पर्धाबाट योग्य शिक्षक ल्याउने बाटो बन्द गरिदिने यस्तो गलत परम्परा अरू कसैले नभई स्वयं शिक्षा मन्त्रालयले नै बसालिरहेको छ ।**

■ **गोविन्द लुइँटेल**

असल आचरण र पद्धति सिकाउने शिक्षक स्वयं गलत प्रक्रियाबाट विद्यालयमा छिराइयो भने विद्यार्थीको भविष्य के होला ? अहिले सामुदायिक उमाविमा ६ हजार शिक्षकलाई न्यूनतम योग्यता पुगेकाहरूबीच हुनुपर्ने प्रतिस्पर्धा विनै विद्यालयमा प्रवेश गराइएको छ । एउटा सरकारी नियमावलीलाई आधार बनाएर आफन्त वा रुचाइएका व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिले धमाधम नियुक्ति दिइरहेको छ ।



• चाकडी
• भनसुन
विद्यालय व्यवस्थापन समिति


शिक्षक भव:

नेपाल सरकारले सामुदायिक उमाविलाई गएको वर्ष चार हजार अनुदान कोटा र यो वर्ष दुई हजार दरबन्दी गरी ६ हजार शिक्षक कोटा उपलब्ध गराएको छ । यी कोटामा करारमा नियुक्ति दिंदा यति मनपरी गरिएको छ कि- लाग्छ अब शिक्षक हुन योग्यता, क्षमता होइन भनसुन, पहुँच र आफन्त भए पुग्छ ।

सरकारी सेवाको कुनै पनि पदमा विना प्रतिस्पर्धा नियुक्ति दिनु परम्परा र प्रचलित मान्यता विरुद्ध मात्रै होइन, विद्यालय व्यवस्थापन समितिले प्राप्त गरेको अख्तियारीको समेत दुरुपयोग हो । भर्खरै जारी भएको नेपालको संविधानको सोझो उल्लंघन हो। संविधानको धारा २८५ (२) मा 'संघीय निजामती सेवालगायत सबै संघीय सरकारी सेवामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गर्नुपर्ने' भन्ने व्यवस्था छ। अहिले देशभरि जसरी शिक्षक नियुक्ति गरिँदैछ त्यसबाट संवैधानिक मर्मको समेत ठाडो उल्लंघन भएको स्पष्ट हुन्छ ।

यो काम गर्न घुमाउरो बाटो रोजिएको छ । शिक्षा नियमावली अनुसार, सामुदायिक विद्यालयमा करार सेवामा शिक्षक नियुक्ति गर्दा निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । जस अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र उसले तोकेको समितिको सदस्य, प्रअ र सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत सम्मिलित समितिले यस्तो नियुक्ति गर्न सक्छ ।

तर सरकारले उमाविको अनुदान र दरबन्दी दुवै कोटामा करारबाट शिक्षक छनोट गर्दा विद्यालय व्यवस्थापन समितिलाई मनपरी गर्न पाउने छूट दिएको छ । 'सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका २०७१' (संशोधन) मा व्यवस्थापन समितिको अध्यक्षले एक जना विषय विज्ञ तोक्ने र विद्यालयकै प्रअ सम्मिलित छनोट समिति गठन गरी 'शिक्षक छनोट गराउनुपर्ने' व्यवस्था गरियो । शिक्षक युनियनको चर्को दबाबमा तत्कालीन शिक्षा मन्त्री चित्रलेखा यादवले स्वीकृत गरेको यो निर्देशिकाले जिशिकाको भूमिका हटाएर शिक्षक छनोटको पूरै अधिकार विद्यालय व्यवस्थापन समितिलाई दियो ।

संशोधन हुनुअघिको निर्देशिकामा उमाविमा पढाइरहेका शिक्षकलाई 'स्नातकोत्तर तहमा दोस्रो श्रेणी र उमेरमा ४० वर्ष हद'

तोकिदिएको थियो। यसलाई परिवर्तन गरेर उमेर हद हटाइयो। जुनसुकै श्रेणीको कार्यरत शिक्षकले पनि करार सेवामा प्रवेश गर्न सक्ने ढोका खुला गरियो। अहिले यही 'ढोका' भएर जुनसुकै श्रेणी र उमेरका शिक्षक करारमा उमावि प्रवेश गरिरहेका छन् ।

## थरीथरीको नियुक्ति

२७ भदौ २०७२ मा बनेपास्थित चैतन्य उमाविले एक स्थानीय पत्रिकामा पाँच दिनको समय राखेर विज्ञापन गऱ्यो । *(हे.सूचना)* त्यसमा एक जनाको मात्रै निवेदन पऱ्यो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार वैद्य, विषय विज्ञ कमल श्रेष्ठ र प्रअ नगिना कोख श्रेष्ठ सम्मिलित तीन जनाको समितिले परीक्षा लिएर स्नातकोत्तर द्वितीय श्रेणीमा उत्तीर्ण सिन्धुपाल्चोकका राजन न्यौपानेलाई नियुक्ति गऱ्यो । यसबारेमा सोधखोज गर्न ५ माघ २०७२ मा विद्यालय परिसर पुगेको यो संवाददातालाई उच्चमावि संयोजक सेमन्तमणि भण्डारीले भने "जम्मा दुई जनाको आवेदन परेको थियो। एक जना परीक्षामा अनुपस्थित भए।" तर परीक्षामा अनुपस्थित हुने को थिए न उनले बताए न ती अनुपस्थितको निवेदन हेर्न खोज्दा देखाए नै। पटक-पटक अनुरोध पछि उनले दस्तावेज जिल्ला शिक्षा कार्यालयमा पठाइसकेको बताएर टार्न खोजे। अनुपस्थितको निवेदन हेर्न पाऊँ भन्ने अनुरोधमा झर्किंदै उनले भने "तपाईंलाई देखाइरहनु जरूरी छैन ।" जिशिका काभ्रेको कार्यक्रम शाखामा सम्पर्क गर्दा त्यहाँ पनि निवेदक न्यौपानेको मात्रै कागजात पाइयो, दोस्रो निवेदक को थिए भन्ने थाहा भएन ।

अर्को उदाहरण काभ्रेकै प्रभा उमाविको छ। सो उमाविले साउन २०७२ मा दुई वटा दरबन्दी कोटाका लागि शिक्षक माग गरेर विज्ञापन गऱ्यो। मावि तहका अस्थायी शिक्षक बाबुराम पोखरेललाई भदौ २०७२ मा नियुक्ति गरियो । दरबन्दीमा नियुक्ति भएका पोखरेल अहिले सोही विद्यालयका प्रअ छन्। अर्को एउटा कोटामा विद्यालय व्यवस्थापन समितिले तीन वर्षदेखि सोही विद्यालयमा लियन पदमा कार्यरत लक्ष्मीनारायण कोजुलाई नियुक्ति गरेको छ । अर्को अनुदान कोटामा भने विज्ञापन नगरिकनै उमाविमा पढाइरहेका रुपेश कुजुलाई सीधै नियुक्ति गरिएको छ।



शिक्षक आवश्यकता

प्रकाशित मिति: २०७२।०५।२७

यस चैतन्य उच्च माध्यमिक विद्यालय बनेपा-६, काभ्रेको उमावि तहमा एक जना व्यवस्थापन समूहको विषय अध्यापनका लागि जिशिका काभ्रेबाट प्राप्त अनुदान कोटामा करारमा शिक्षक आवश्यक भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**विज्ञापन नं.**: ०१/०७२/०७३

**विषय**: व्यवस्थापन

**संख्या**: १ (एक)

**आवश्यक न्यूनतम योग्यता MBS/MBA** (कम्तिमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको)

**आवश्यक कागजात**:

क) शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपि

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

**सेवाको किसिम**: करार शिक्षक

**तलब भत्ता**: नेपाल सरकारको नियमानुसार

**परीक्षाको किसिम**: लिखित, मौखिक र कक्षा अवलोकन

**आवेदन दस्तुर**: रु. १ हजार

**दरखास्त दिने अन्तिम मिति**: २०७२।०५।३१ गते बिहान ९:३० बजेसम्म

**परीक्षा मिति**: २०७२।०६।०२ गते बिहान ८:०० बजे

नगिना कोख श्रेष्ठ,सदस्य सचिव

शिक्षक छनोट समिति

**चैतन्य उच्च मावि बनेपा-.६. काभ्रे**

सम्पर्क: ०११-६६१२०९

**शिक्षक नियुक्तिका लागि काभ्रेको चैतन्य उमाविले पाँच दिनको म्याद राखेर स्थानीय *सु-सन्देश* पत्रिकामा निकालेको विज्ञापन।**

जिशिका, काभ्रेका अनुसार हालसम्म दरबन्दी र अनुदानमा गरेर जिल्लाभरि ५८ शिक्षक नियुक्तिको फाइल स्वीकृत गरी रकम समेत निकासा भइसकेको छ। यी दुवै विद्यालयले शिक्षक छनोट गरी जिशिका, काभ्रेमा फाइल बुझाएर प्रति दरबन्दी वा अनुदान कोटाबापत प्रति महीना रु.२७ हजार ३७० निकासा बुझिसकेका छन्। विद्यालय व्यवस्थापन समितिको यो मनपरीलाई जिशिकाले पूरै आँखा चिम्लिएको छ। जिशिका, काभ्रेका अधिकृत बालकृष्ण सिंखडा भन्छन्, "प्रक्रिया पूरा गरे नगरेको हेर्दा थेग्न नसक्ने विवाद आउने हुँदा नियुक्तिलाई स्वीकृत गर्ने गरिएको छ।"

ललितपुरको लेलेस्थित सरस्वती उमाविले पाएको एक दरबन्दी र एक अनुदान कोटामा शिक्षक माग गर्दै २० मंसीर २०७२ मा विज्ञापन गऱ्यो। तर १६ पुस २०७२ मा त्यही विद्यालयमा निमाविका अस्थायी शिक्षक विनोद खड्कालाई नियुक्त गरियो। अर्को कोटामा बालकुमारी उमावि सुनाकोठी, ललितपुरमा पढाउँदै आएका विदुर कुँवरलाई नियुक्ति गरियो। त्यो विज्ञापन अनुसार चार वटा आवेदन परेको भनिएकोमा



शिक्षक आवश्यकता

प्राचार्य

श्री त्रिवेणी उच्च माध्यामिक विद्यालय

कटारी,उदयपुर

कार्यरत शिक्षकलाई नियुक्त गर्ने उद्देश्यले उदयपुरको कटारीस्थित त्रिवेणी उमाविले *कटारी* साप्ताहिकमा प्रकाशित गरेको विज्ञापन।


श्री भाग्योदय उच्च माध्यमिक विद्यालय

Shree Bhagyodaya Higher Secondary School

आवश्यकता।

जिशिका, काठमाडौंको सूचनापाटीमा टाँसिएको शिक्षक आवश्यकतासम्बनधी सूचना।

जिशिका ललितपुरमा शिक्षक नियुक्ति गरी पठाएको फाइलमा खोटाङका गोपाल बञ्जाराको नाम वैकल्पिक उम्मेदवारमा उल्लेख गरिए पनि नियुक्ति गरिएका व्यक्तिका बाहेक कसैको निवेदन भेटिएन।

अर्को उदाहरण छ, काठमाडौंको। नीलबाराही उमाविले दुइटा कोटामा खुला प्रतिस्पर्धा गराएको भन्यो। तर त्यसको भित्री कथा अर्कै थियो। विद्यालयमा पढाइरहेका शिक्षकलाई उच्च माविमा नियुक्ति दिंदा विद्यालय तहबाट राजीनामा दिनुपर्ने भएकोले ती कसैलाई पनि नियुक्ति गर्न मिलेन। त्यसैले आफू अनुकूल विज्ञ राखी व्यवस्थापन समितिका अध्यक्ष पार्वती डोटेलले 'प्रक्रिया पूरा गरेर' मन्दा पोखरेल र कृष्ण बस्नेतलाई असोज २०७२ मा नियुक्ति गरिन्। एक आवेदक कैलालीका दीपकप्रसाद ढुङ्गानाले टेलिफोनमा भने, "मेरो प्रथम श्रेणी भए पनि अन्तर्वार्तामै बोलाएनन्।" तर प्रअ जानुका नेपालको भनाइ अर्कै छ। उनी भन्छिन्, "अरू उमाविले कार्यरतलाई नै मौका दिए पनि मैले खुला प्रतिस्पर्धा गराएर नयाँलाई मौका दिएकी छु।"

डोलभञ्ज्याङ उमावि पिडा-४ धादिङको उदाहरण झन् रोचक छ । मंसीर २०७२ मा यस विद्यालयमा नियुक्ति पाएका सुवास खनाल आदर्श उमावि गजुरीले एक महीनापछि दरबन्दी कोटाका लागि गरेको विज्ञापनमा पनि निवेदन हाल्न पुगे । एउटै मात्रै निवेदन परे पनि व्यवस्थापन समितिले पुनः विज्ञापन नगरी उनलाई नै छनोट गऱ्यो ।

डोलभञ्ज्याङ उमाविमा पुस २०७२ मा एक दरबन्दीका लागि दुई वटा मात्रै निवेदन परे भनियो। तर सहायक जिशिअ बद्री बस्नेतले 'गोप्य विज्ञापन हो' भन्दै नेपालगञ्ज निवासी उमाकान्त कलौनीलाई निवेदन हाल्न दिएनन् । विद्यालय व्यवस्थापन समितिसँगको मिलेमतोमा उनले गरेको यो व्यवहारले केहीबेर भनाभन भयो । यही विवादका कारण स्रोतव्यक्ति शेरबहादुर अधिकारी विषय विज्ञ बस्न मानेनन्। पछि आदर्श उमावि गजुरीका अंग्रेजी शिक्षक रुद्र दनै र व्यवस्थापन समितिका अध्यक्ष ईश्वरी ढुंगाना सम्मिलित छनोट समितिले मंसीर २०७२ मा शिक्षक नियुक्त गऱ्यो । अहिलेसम्म गोप्य राखिएको शिक्षक नियुक्तिको फाइल विद्यालयले जिशिकामा पनि पठाएको छैन ।

पुस २०७२ मा धादिङकै वागेश्वरी उमावि रिचोकटारले आफूले पाएको तीन वटा दरबन्दीमा शिक्षक माग गरी विज्ञापन गऱ्यो । चार जनाको निवेदन परेकोमा परीक्षामा एक जना आवेदक उपस्थित नै भएनन्। २६ पुस २०७२ मा व्यवस्थापन समितिका अध्यक्ष टीका थपलियाले दयाराम जोशी, धनप्रसाद पराजुली र पुरुषोत्तम त्रिपाठीलाई नियुक्त गरे।

धादिङ जिल्लामा मात्रै अनुदानमा २८ र दरबन्दी ३३ गरी ६१ कोटा पाएकोमा ५५ कोटामा शिक्षक नियुक्ति भइसकेको छ। जिशिका धादिङका सुब्बा सोमनाथ गुरागाईंले भने "उजुरी नपर्दासम्म कसरी शिक्षक छनोट भयो भनेर हेरेका छैनौं। नियुक्ति अनुसार रकम भुक्तानी गरिरहेका छौं।" तर सरकारी निकायभित्रै यस्तो नियुक्तिबारे प्रश्न उठ्न थालिसकेको देखिन्छ। धादिङका जिशिअ गणेश ढकाल भन्छन्, "जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि शिक्षक छनोट प्रक्रियामा सामेल नभएपछि पारदर्शिता र गुणस्तरबारे प्रश्न उठ्न थालेको छ।"

उदयपुर जिल्लाले पनि २८ दरबन्दी र ५७ अनुदान गरी जम्मा ८५ वटा शिक्षक कोटा पाएकोमा आधाभन्दा बढीमा यसैगरी नियुक्ति गरिएको

छ। स्थानीय राजनीतिमा पकड भएका र विद्यालय सञ्चालनमा सहयोग गरेका मध्येबाट प्रक्रिया मिलाएर नियुक्ति गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू बताउँछन् ।

जस्तो कि जनप्रेमी उमावि रिस्कुलेका लागि अनुदान कोटामा त्यहीं कार्यरत शिक्षक शम्भुप्रसाद लुइँटेललाई नियुक्त गरियो । विज्ञापन नै नगरी लुइँटेललाई नियुक्ति गरिएकोमा जिशिकाले त्यो काम नियमसंगत नभएको बताएपछि अहिले व्यवस्थापन समिति पनि अन्योलमा छ ।

उदयपुरकै कटारीस्थित त्रिवेणी उमाविले जिशिकाबाट प्राप्त गरेको दुई अनुदान र दुई दरबन्दी कोटामा शिक्षक छनोट गर्दा अपनाएको प्रक्रिया अनौठो थियो। नाकाबन्दीले कागज अभाव भएकोले पत्रपत्रिका थोरै प्रति मात्रै प्रकाशित भइरहेका वेला *'कटारी साप्ताहिक'* मा २४ मंसीर २०७२ मा चार जना शिक्षक माग गरी विज्ञापन निकालियो । *(हे.सूचना)* तर, त्यो विज्ञापन सम्बन्धित व्यक्ति बाहेक अरू कसैले थाहै पाएन । किनकि त्यो विज्ञापन प्रक्रिया पूरा गर्नका लागि मात्रै निकालिएको थियो । यसलाई पुष्टि गर्ने अर्को कुरा के छ भने यसरी निकालिएको विज्ञापन अनुसार आवेदन दिनेमा त्यो उमाविमा पढाइरहेका चार शिक्षक मात्रै थिए । अनि त्यसमध्ये स्थापनाकालदेखि विद्यालयमा अध्यापन गराउँदै आएका कुमारसिंह राई र ध्रुवहरि दाहाललाई दरबन्दी कोटामा तथा धर्म लिम्बू र सागर थापालाई अनुदान कोटामा नियुक्ति दिइयो। प्राचार्य बालकृष्ण कार्कीले पनि कुरा लुकाएनन् । भने “लामो समयदेखि सेवारतलाई नै प्रक्रिया पुऱ्याएर नियुक्त गरेका हौं ।”

कटारी नगरपालिकाकै त्रिवेणीमा रहेको जनता उमावि गुराँसेमा अनुदानका शिक्षक थिरप्रसाद आचार्यले विद्यालय छाडेपछि सो विद्यालयमा पढाइरहेका शिक्षक खड्गबहादुर बानियाँलाई नियुक्ति दिइएको छ । शिक्षक माग गरी १० मंसीर २०७२ मा स्थानीय *'त्रियुगा टाइम्स'* मा १५ दिने सूचना प्रकाशन गरिएको थियो । उक्त विज्ञापनमा दरखास्त हालेका सिरहाका नागेन्द्रप्रसाद यादव सम्पर्कमा नआएको भन्दै बानियाँलाई नै नियुक्ति दिइएको हो। नागेन्द्रप्रसाद यादवसँग सम्पर्क गर्ने हाम्रो प्रयास सफल भएन ।

## अनुदान र दरबन्दीको राजनीति

उच्च माध्यमिक शिक्षक व्यवस्थापन निर्देशिका अनुसार, पिछडिएको क्षेत्रका लागि १५, पहाडमा २० एवं काठमाडौं उपत्यका र तराईमा ३० जना विद्यार्थी संख्यालाई आधार मानेर दरबन्दी र अनुदान कोटा निर्धारण गर्ने मापदण्ड बनाइएको छ। तर यो मापदण्ड देखावटी मात्रै भइरहेको छ। जिल्ला शिक्षा कार्यालयमा रहेको शिक्षा समितिले राजनीतिक पहुँचका आधारमा कोटा वितरण गरिरहेको छ।

एउटा उदाहरण काभ्रेको बनेपास्थित चैतन्य उमावि हो। यस उमाविमा कक्षा-११ मा ५ र कक्षा-१२ मा १६ जना विद्यार्थी छन्। तर जिशिका काभ्रेले यहाँ पनि अनुदान कोटा रोक्न सकेन। जबकि मापदण्ड अनुसार न्यूनतम २० विद्यार्थी हुनुपर्थ्यो। तर भक्तपुर जिल्लामा निर्धारित मापदण्ड अनुरूप उमाविमा विद्यार्थी संख्या नपुगेकोले यो वर्ष प्राप्त १२ दरबन्दी र २५ अनुदान गरी ३७ वटा कोटा जिशिकाले वितरण नै गरेन। गएको वर्षसम्म विभिन्न विद्यालयले पाउँदै आएको ११ अनुदान कोटा पनि जिशिकाले काटिदिएको छ। भक्तपुरका सहायक जिशिअ गोविन्द सेढाईं भन्छन्, "मापदण्ड उल्लंघन गरेर दरबन्दी बाँड्न सकिएन। राजनीतिक दबाब आए पनि मापदण्ड नाघ्न सकेनौं।" शिक्षा विभागले निर्धारित संख्या नपुगेका विद्यालयलाई अनुदान र दरबन्दी नबाँड्न ७ असोज २०७२ मा निर्देशन दिएको थियो। तर विद्यार्थी संख्याको अभावमा पाइरहेको अनुदान काटिएकोमा शिक्षकहरू जिशिकामा दबाब दिन गइरहेका छन्।

२०६३ सम्म सरकारले पठनपाठनका लागि दरबन्दी र अनुदान कोटा उपलब्ध नगराउँदा मुलुकका सामुदायिक उमाविहरू विद्यालय शिक्षकका भरमा चलेका थिए। दिगो स्रोत र योग्य शिक्षक नहुनु समस्या थियो। त्यही समस्यालाई मुद्दा बनाएर नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियनले प्रत्येक उमाविका लागि एक संकायमा कम्तीमा पाँच उप-प्राध्यापकसरहको दरबन्दी हुनुपर्नेसहितका आठबुँदे माग राखी १६ असार २०६५ मा उच्च माध्यमिक शिक्षा परिषद्मा अनिश्चितकालीन तालाबन्दी गर्‍यो। ६ साउन २०६५ मा सरकारले युनियनका माग सम्बोधन गर्न परिषद्का तत्कालीन सहसचिव नारायण कोइरालाको

संयोजकत्वमा सात सदस्यीय प्राविधिक समिति गठन गरेको थियो । सो समितिले उच्च माध्यमिक तहका शिक्षकको स्तर विश्वविद्यालयको उप-प्राध्यापक सरह हुनुपर्ने, उमाविमा अध्ययन अध्यापन हुने विषय समूह, विद्यार्थी संख्या, भौगोलिक अवस्था आदिलाई ध्यान दिई न्यूनतम पाँच जना शिक्षक दरबन्दीको व्यवस्था गरिनुपर्ने सुझाव दिएको थियो । समितिको त्यही सुझावलाई कार्यान्वयन गर्ने क्रममा सरकारले अनुदान कोटा बढाउँदै यो वर्षबाट दरबन्दी पनि दिन थालेको हो ।

प्रक्रिया पुऱ्याएर शिक्षक नियुक्ति गर्नु उमावि व्यवस्थापनका लागि एउटा आकर्षक काम भइरहेको छ। एउटा उदाहरण काठमाडौं जिल्लाका ८० भन्दा बढी सामुदायिक उमाविका व्यवस्थापनले यसअघि दरबन्दी र अनुदान कोटामा शिक्षक नियुक्ति गर्नुभन्दा एकमुष्ट अनुदान पाउनुपर्ने माग राखेका थिए । उनीहरूको आन्दोलनका कारण साउन महीनामा गर्नुपर्ने शिक्षक नियुक्ति ६ महीना पर सरेको छ । तर, अहिले आएर आफूखुशी शिक्षक नियुक्त गर्न पाइने भएपछि उनीहरूले आफ्ना पुराना अडान छाडेर उमाविमा धमाधम शिक्षक नियुक्ति गर्न थालेका हुन् ।

पढाइरहेका शिक्षकलाई जसरी पनि अनुदान र दरबन्दी कोटामा सामेल गराउने उद्देश्य शिक्षक युनियनहरूको देखिन्छ। उच्च माध्यमिक शिक्षक एसोसिएसनका अध्यक्ष दीपक सुवेदी भन्छन्, "उमाविका शिक्षकले वर्षौं पढाए पनि नीतिले दरबन्दी र अनुदान कोटामा सहजै छिर्ने सुविधा नहुँदा उनीहरू पाखा लाग्ने संभावना देखिएकाले दबाब दिएरै भए पनि निर्देशिका संशोधन गरिएको हो ।" यो संशोधित नीतिले त्यहाँ कार्यरत शिक्षकलाई मात्रै फाइदा पुग्ने भएकोले उमाविमा खुला प्रतिस्पर्धा नहुने अवस्था सिर्जना भएको छ। दरबन्दी र अनुदान खुला प्रतिस्पर्धाबाट योग्य शिक्षक आउन सक्ने अवस्था रहँदारहँदै शिक्षक युनियनको लविङले यो स्थिति बनेको देखिन्छ । शिक्षा विभागका उप-निर्देशक योगेन्द्र बराल भन्छन्, "खुला प्रतिस्पर्धा गराउने भन्ने तर योग्य नभए पनि उमाविमा पढाइरहेका आफ्नो मान्छे छानेर नियुक्ति गर्ने गरी नियतवश नीति ल्याइएको हो ।"

शुरूमा चिनजान र राजनीतिक पहुँचका आधारमा उमाविमा पढाउन थालेका शिक्षकलाई यो नीतिले दरबन्दी र अनुदान कोटामा राख्न सक्ने

बाटो खोलिदिएको छ । गम्भीर विषय के हो भने भोलि यहाँ स्थायी पदपूर्ति गर्दा सरकारले उनीहरू बाहेक अरूलाई राख्नै नसक्ने अवस्था आउन सक्नेछ। यसरी मुलुकको शिक्षा क्षेत्रमा प्रतिस्पर्धाबाट योग्य शिक्षक छानिने र उनीहरूबाट दीक्षित हुन पाउने विद्यार्थीको अधिकार हनन् हुँदैछ । हिजो शिक्षक सेवा आयोगले नियमित विज्ञापन नखोल्दा अस्थायी शिक्षक धेरै विद्यालयमा छिराएका कारण अहिले उनीहरूलाई विद्यालयबाट हटाउन शिक्षा मन्त्रालयको मात्रै होइन, नेपाल सरकारकै टाउकोदुखाइको विषय बनिरहेको छ । प्रतिस्पर्धाबाट योग्य शिक्षक ल्याउने बाटो बन्द गरिदिने यस्तो गलत परम्परा र अभ्यास बसाल्दै जाँदा सामुदायिक उमाविको शैक्षिकस्तरमा प्रश्न उठ्ने मात्रै होइन, मुलुकमै नियम र पद्धति मिचेर स्वार्थसिद्ध गर्ने संस्कार स्थापित हुनेछ ।

उमाविमा पुराना र राम्रा शिक्षक भए पनि व्यवस्थापनले आफ्नालाई काखी च्याप्दा नराम्रोको जमात बढ्दै जाने र यसले समग्र शिक्षामा नकारात्मक प्रभाव पार्ने शिक्षाविद् केदारभक्त माथेमा बताउँछन् । माथेमा भन्छन्, “केही पक्षलाई यो व्यवस्थाले खुशी तुल्याए पनि शिक्षा क्षेत्रमा यसले कुनै योगदान गर्दैन ।” अर्का शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. तीर्थ खनियाँ भन्छन्, “उमाविको दरबन्दी र प्राप्त अनुदान कोटाका शिक्षक पनि शिक्षक सेवा आयोगबाट छनोट नगरिंदासम्म उमाविले राम्रा शिक्षक पाउन सक्दैन ।”

(**उदयपुरमा ऋषि राई**)

# विद्यालय बनाउन घूसः यसरी हुन्छ रकम लेनदेन

**करीब रु.११ करोड खर्च गरेर सुर्खेत जिल्लामा विद्यालय भवन र शौचालय बनाउँदा जिल्ला शिक्षा कार्यालयका कर्मचारीले मात्रै रु.१ करोड घूस खाएछन् । चलनचल्तीको भाषामा यसलाई 'प्राविधिक खर्च' भनिंदोरहेछ । प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले हाकाहाकी भनेका छन्, "पैसा नदिए कामै हुन्न ।"**

■ **सूर्य प्रकाश कँडेल**

अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा जिल्ला शिक्षा कार्यालय सुर्खेत अन्तर्गत १० लाखका दरले १३ वटा भूकम्प प्रतिरोधी भवन निर्माणमा बजेट छुट्याइयो । रु.७ लाख ५० हजारका दरले ५२ वटा दुईकोठे भवन बनाइए । रु.५ लाखका दरले १४ वटा भवन पुन:निर्माण गरिए । अनि रु.२ लाख ५० हजारका दरले ५० वटा शौचालय र ३६ वटा छात्रा शौचालय बनाइए । अरू ९९ वटा भवन मर्मत भए । यी





सबै निर्माण र मर्मत कार्यमा करीब रु.११ करोड खर्च गरियो ।

धेरैजसो भौतिक संरचना जिल्लाको दुर्गम क्षेत्रमा बनेका छन् । हामीले यी विद्यालय भवन बनाउने निर्णय, निर्माण अनुगमन र खर्च भुक्तानी प्रक्रियाबारे अनुसन्धान गर्‍यौं । करीब ५० वटा विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई भेट्यौं । कतिपयसँग टेलिफोनमा कुराकानी गर्‍यौं । जिल्ला शिक्षा कार्यालय सुर्खेतका पदाधिकारी र प्राविधिकसँग यसबारेमा सोधखोज गर्‍यौं। स्थानीय ब्यापारीहरूसँग अन्तर्वार्ता लियौं। हाम्रो उद्देश्य सुर्खेतमा यति धेरै विद्यालय भवन बनाउँदा यति ठूलो रकम कसरी खर्च गरिएछ भनेर जान्नु थियो। सरकारले बजेट विनियोजन गरेका कारण ती विद्यालयलाई पैसा कसरी छुट्याइयो भनेर थप विवरण खोज्नै परेन । हामी छुट्याइएको बजेट कसरी खर्च गरिएछ भन्नेमा केन्द्रित भयौं ।

खोज्दै जाँदा जिल्ला शिक्षा कार्यालय सुर्खेतका कर्मचारीले घूस खान्छन् भन्ने खुल्लमखुल्ला प्रमाण भेटियो । विद्यालय भवन बनाउने स्कूलका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग जिल्ला शिक्षा कार्यालय सुर्खेतका प्राविधिकहरू खुलेआम घूस माग्दा रहेछन्। चलनचल्तीको भाषामा यसलाई 'प्राविधिक खर्च' भनिंदो रहेछ । घूस खुवाउने प्रचलन यति व्यापक र सहज रहेछ कि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले हामीसँग हाकीहाकी 'सरकारी कर्मचारीलाई घूस दिएर काम गराएको' बताए । *(कुन विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षले कुन प्राविधिकलाई कति घूस दिए भन्ने विवरण र यसबारे उनीहरूसँग गरेको कुराकानी बक्समा प्रस्तुत गरेका छौं ।)*

जिल्ला शिक्षा कार्यालयको लेखा स्रेस्ता हेर्दा, आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकारले यस जिल्लालाई रु.१० करोड ८९ लाख ४४ हजार विद्यालयको भौतिक निर्माणको लागि निकासा दिएको देखिन्छ । जस अन्तर्गत सुर्खेत जिल्लाभरि रु.१० लाखका दरले १३ वटा भूकम्प प्रतिरोधी भवन बनाइएको उल्लेख छ । रु.७ लाख ५० हजारका दरले ५२ वटा दुईकोठे भवन निर्माण गरिएको छ भने रु.५ लाखका दरले १४ वटा भवन पुन:निर्माण गरिएको देखिन्छ । यसैगरी रु.२ लाख ५० हजारका दरले ५० वटा नियमित र ३६ वटा छात्रा शौचालय बनाइएको

छ। अन्य शीर्षकमा विभिन्न ८९ वटा विद्यालय भवन मर्मत गर्न बजेट विनियोजन गरिएको थियो।

विद्यालयका नाममा रकम निकासा हुन थालेपछि जिल्ला शिक्षा कार्यालय सुर्खेतका प्राविधिकहरूले प्रति आयोजना ५ देखि १५ प्रतिशतसम्म 'प्राविधिक खर्च' मागे। नभए भवनको प्राविधिक परीक्षण नहुने, फरफारक (हिसाब फर्स्योट) नहुने भनेर विद्यालय व्यवस्थापनलाई धम्क्याइयो। सूचना बाहिर नजाओस् भनेर हुनसक्छ उनीहरूले सदरमुकाम र यस वरिपरिका विद्यालयसँग यस्तो 'प्राविधिक खर्च' मागेनन्। धेरैजसो सदरमुकाम बाहिर दुर्गमका विद्यालयबाट अङ्क तोकेरै 'प्राविधिक खर्च' असुले। जिल्ला शिक्षा कार्यालय सूत्रका अनुसार, सदरमुकामदेखि टाढाको स्कूल छ र त्यहाँको प्रधानाध्यापक अलिक सोझो छ भने १५ प्रतिशतसम्म, नत्र ५ देखि १० प्रतिशत रकम 'प्राविधिक खर्च' बापत मागिएको छ। भवन वा शौचालय निर्माणका लागि आफ्नो खातामा पहिलो किस्ताको रकम जम्मा हुनासाथ सम्बन्धित विद्यालयलाई माग गरिएको 'प्राविधिक खर्च' को ५० प्रतिशत रकम जम्मा गर्न लगाइएको छ। बाँकी रकम कार्यसम्पन्न भएपछि दिनुपर्ने शर्त छ। कुरा नमिलेर केही विद्यालयको अझै पनि हिसाब फर्स्योट हुन बाँकी छ।

नेरा प्रावि चनाली बाबियाचौरका अध्यक्ष मानसिंह बलामीले भने, "हाम्रो विद्यालयमा रु.७ लाख ५० हजारमा दुईकोठे भवन निर्माण गर्दा ५ प्रतिशत 'कर' लाग्छ भन्दै प्राविधिक आनन्द भण्डारीले रकम बुझेका हुन्।" अर्को उदाहरण छ आदर्श प्रावि दुनी पाम्काको। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालाराम वली भन्छन्, "विद्यालयमा शौचालय निर्माणको लागि आएको रु.२ लाख ५० हजारको १० प्रतिशतले हुने रु.२५ हजार प्राविधिकलाई मैले आफ्नै हातले दिएको हुँ।"

सुर्खेतमा 'प्राविधिक खर्च' उठाउनु सामान्य रहेछ। जिल्ला शिक्षा कार्यालय अन्तर्गतका आयोजनाको निर्माण प्रक्रिया र त्यसको अवस्था बुझ्दा सबैजसो प्रअ र अध्यक्षहरूको एउटै खाले जवाफ थियो, "सबैले दिएका छन् प्राविधिकलाई, हामीले पनि दियौं।"

निर्माण कार्य सम्पन्न भएपछि त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गरिने र बाँकी रकम विद्यालयलाई भुक्तानी दिइने व्यवस्था

रहेछ । तर यसरी भुक्तानी रकम दिने दिन जिल्ला शिक्षा कार्यालयबाटै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई 'चेक बोकेर आउन' भनिंदो रहेछ । त्यही दिन सो घूस रकम लिने गरिंदोरहेछ । घूस खाँदा पनि आवश्यक होशियारी चाहिं अपनाइँदोरहेछ । यस्तो चेक व्यक्तिको नाममा नभई सम्बन्धित विद्यालयका नाममा काट्न लगाइन्छ ताकि त्यो रकम घूस दिन निकालिएको हो भन्ने नदेखियोस् । कतिपय विद्यालयलाई चाहिं निर्माण लागतको भुक्तानीमा घूस रकम समेत जोडेर चेक काट्न लगाइँदोरहेछ ।

सरकारी नियम अनुसार आर्थिक वर्ष समाप्त नहुँदै निर्माण कार्य सम्पन्न गर्नुपर्ने भए पनि जिल्लाको भौगोलिक विकटतालाई देखाउँदै जिल्ला शिक्षा कार्यालय सुर्खेतले बजेट फ्रिज नहोस् भनेर सम्बन्धित विद्यालयको ब्यांक खातामा रकम जम्मा गरिदिएर काम सम्पन्न भएपछि खाता फुकुवा गरिदिएको रहेछ । तर भवन निर्माण कार्य सम्पन्न गरिसकेपछि पनि प्राविधिकले पैसा नपाएसम्म विभिन्न कारण देखाउँदै विद्यालयको हिसाब फर्स्योट रोकिदिने गर्दा रहेछन् । विद्यालय व्यवस्थापन समितिका एक जना अध्यक्ष भन्छन्, "काम सकिए पनि भनेजति पैसा नपाएका कारण फरफारक रोकिएर मैले लामो समयसम्म जिल्ला धाउनु पऱ्यो ।" सव-ओभरसियर सुन्दर थापा भन्छन्, "अझै पनि जिल्लाका करीब १० प्रतिशत विद्यालयको फरफारक हुन बाँकी छ ।"

घूसको प्रत्यक्ष असर निर्माण संरचनामा देखिएको छ । केही संरचनाहरू गुणस्तरहीन छन् । केही बनेको ६ महीना नहुँदै चर्किएका र चुहिन थालेका छन् । नेरा प्रावि बुटी पोखरीकाँडा र लालीगुराँस प्रावि रजेनाको दुईकोठे भवन ६ महीना नपुग्दै चर्किएर चुहिन थालेका छन् । आदर्श मावि पाम्काको शौचालय पनि तोकिएको मापदण्ड बमोजिम बनेको छैन । शौचालयमा धारा जडान गरेको हुनुपर्नेमा त्यो छैन ।

## घूस लुकाउन जनश्रमदान

घूस खाएको थाहा नहोस् भन्न कतिसम्म चलाखी गरिएको छ भने प्रत्येक विद्यालयलाई आफूले पाउने कुल रकमको २० देखि ४० प्रतिशतसम्म श्रमदान गर्न लगाइएको छ । अधिकांश विद्यालयले त्यस अनुसार

जनश्रमदान जुटाएका छन्। यसले जिल्ला शिक्षा कार्यालयका कर्मचारीलाई त्यो श्रमदान बराबरको रकम घूस लिन सजिलो भएको छ। श्रमदान पछि सम्पन्न कार्यलाई हिसाब मिलान गर्दा धेरै विद्यालयबाट 'विनियोजित बजेट बराबरको भवन निर्माण कार्य सम्पन्न भएको' भन्ने एकै बेहोराको मूल्यांकन प्रतिवेदन तयार गरिएको छ। नेरा निमावि धनिगाड लेखगाउँका प्रधानाध्यापक कृष्णप्रसाद शर्माले भने, "किन ढाँट्नु ! हाम्रो विद्यालयमा शौचालय निर्माण गरियो। झण्डै २० प्रतिशत रकम विद्यालय व्यवस्थापन समितिका अध्यक्षमार्फत 'प्राविधिक खर्च' दिइएको थियो। त्यति नै रकम बराबरको जनश्रमदान गरेर शौचालय निर्माण सम्पन्न गरियो।" आफ्नो विद्यालयमा शौचालय निर्माण गरेका राधाकृष्ण प्रावि घुमखहरेका प्रधानाध्यापक मोहन खत्रीले कुरा नलुकाई भने "प्राविधिकलाई दिइएको रु.२३ हजार बराबरको जनश्रमदान जोडेर हिसाब मिलान गरियो।"

कमिसन खाने अर्को तरीका पनि रहेछ। जिल्ला शिक्षा कार्यालय सुर्खेतका कर्मचारीले विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षलाई निर्माण सामग्री कुनै खास पसलबाटै किन्नुपर्ने नियम बनाइदिएका रहेछन्। उनीहरूले कुनै खास पसलबाट सामग्री (सिमेन्ट, छड र कार्पेट) किन्न बाध्य बनाउने गरेका रहेछन्। हामीले तपाईंले आफूले चाहेको पसलबाट सामान किन्न पाउनुभयो भनेर नेरा प्रावि पानीखोला बजेडीचौरका प्रधानाध्यापक शिवलाल शर्मालाई सोधेका थियौं। शर्माले भने, "जिल्ला शिक्षा कार्यालयले भेरी इन्जिनियरिङ वर्कशपसँग सम्झौता गरेको रहेछ, त्यही पसलबाट रु.२ लाख ५० हजारको सामान खरीद गऱ्यौं।" उनले मात्रै होइन, सदरमुकाम बाहिरका सबैजसो विद्यालयले यही पसलबाट सामान लैजानुपर्ने बाध्यता रहेछ।

कतिपय उदाहरण कस्तोसम्म भेटियो भने विद्यालयबाट पैसा लिएर प्राविधिकमार्फत सम्बन्धित पसलमा भुक्तानी दिइँदोरहेछ। वीरेन्द्रनगरमा दुई दर्जन भन्दा बढी हार्डवेयर पसल र इन्जिनियरिङ वर्कशप छन्, तर चार वटा ठाउँबाट मात्र सामग्री खरीद गर्न विद्यालयलाई बाध्य बनाइएको रहेछ। विद्याज्योति निमावि कुइने तातोपानीका प्रअ लालबहादुर शाही भन्छन्, "तोकिएका बाहेकको पसलबाट सामग्री खरीद गरेमा खाता रोक्का र फरफारकमा झमेला गर्छन्। सदरमुकामबाट मेरो विद्यालय टाढा छ,

सामग्री ढुवानीमा कठिनाइ भएकोले मैले छिमेकी जिल्ला कैलालीबाट सामग्री ल्याएको थिएँ। दुई महीनासम्म खाता रोक्का गरिदिए।"

प्रमुख जिल्ला अधिकारी बलदेव गौतमले यसो गर्न कुनै हालतमा नमिल्ने बताए। उनले भने, "नियम अनुसार, विद्यालयले आफूले चाहेको पसलबाट सामान खरीद गर्न पाउनुपर्दछ। नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको एउटा जिल्ला कार्यालयका कर्मचारीले कुनै सामग्री खरीदको लागि कुनै पसल नै तोक्न सार्वजनिक खरीद ऐन २०६३ अन्तर्गत टेन्डर पाएको हुनुपर्छ।" प्रजिअ गौतमले भने, "यो जिल्ला शिक्षा कार्यालयले अनुदानस्वरुप दिएको योजना हो। यसमा तोकिएको मापदण्डभित्र रहेर निर्माण गर्ने पूर्ण अधिकार विद्यालयलाई छ। यदि प्राविधिकले कार्यालयको नाम बेचेर यसो गरेको पाइएमा तत्काल कारबाही गर्छौं।"

निर्माण सम्पन्न भएका आयोजनामा कुन शीर्षकमा कति रकम खर्च गरियो भनेर जानकारी पाउने अधिकार सर्वसाधारणलाई छ। त्यस सम्बन्धी सूचना तथा जानकारी दिनु निर्माण पक्षको दायित्व हुन्छ। यस्ता आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्ने प्रावधान पनि सरकारले बनाएको छ। तर, निर्माण भएका धेरैजसो आयोजनाको अहिलेसम्म सामाजिक लेखा परीक्षण गरिएको छैन। केही विद्यालयमा प्रतिवेदन तयार गरेर भुक्तानी प्रक्रिया सहज बनाउन यस्ता परीक्षण गरिएको छ।

## फोटो हेरेर निर्माण प्रतिवेदन

विद्यालय भवन निर्माण भइरहँदा सुर्खेत जिल्ला शिक्षा कार्यालयमा तीन जना प्राविधिकहरू कार्यरत थिए। इन्जिनियर मनोज सुवेदी र सव-ओभरसियरहरू आनन्द भण्डारी र सुन्दर थापा। तत्कालीन इन्जिनियर मनोज सुवेदीले घूस रकमबारे उल्टै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई दोष लगाए। आफूले जागिर छाडिसकेको बताउँदै सुवेदीले भने, "प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षहरू सदरमुकाम आइरहन्छन्। त्यो आउने-जाने खर्च मिलाउन प्राविधिकले माग्यो भनेर नाम जोडेका हुन्।"

तर, अनुसन्धानबाट के स्पष्ट हुन्छ भने जिल्ला शिक्षा कार्यालयले जिल्लाको पूर्वी भेगमा सुन्दर थापा र पश्चिमी भेगमा आनन्द भण्डारीलाई

निर्माण अनुगमन गर्ने जिम्मेवारी दिएको रहेछ। यी दुवै प्राविधिकहरू धेरै समय सदरमुकाम बसेर निर्माण भएको संरचनाको फोटो हेरेर प्राविधिक मूल्याङ्कन र हिसाब फरफारक गर्ने गर्दा रहेछन् । दुईकोठे भवनलाई नक्शांकनदेखि निर्माण र निर्माण सम्पन्न हुँदासम्म तीन पटक र शौचालयलाई नक्शांकन र कार्य सम्पन्न भएपछि कम्तीमा दुई पटकसम्म अनुगमन गर्नुपर्ने प्रावधान रहेछ। तर सुर्खेत जिल्लामा बनिरहेका धेरैजसो विद्यालयको निर्माण अनुगमन सदरमुकाम वीरेन्द्रनगरका होटलमा फोटो हेरेर गरिंदो रहेछ। सोही अनुगमन प्रतिवेदन अनुसार भवन पास गरेको कागजात तयार पारेको पाइयो।

हामीसँग यस्ता विद्यालयको सूची नै छ। जिल्लाको जनकल्याणी प्रावि धौलिखाया बेतान, थारमासे स्कूल बिजौरा, नवज्योति प्रावि छाप्रे, नेरा प्रावि पाम्का, नेरा प्रावि बुटी पोखरीकाँडा, नेरा प्रावि साल्टाकुरा नेटा, नेरा प्रावि रुदेव पुच्मा बिजौरा, प्रावि तल्लो राहुकुल रानिबास, आदर्श प्रावि दुनी र टुनिचौर प्रावि पाम्कामा प्राविधिकहरू एक पटक पनि निर्माण स्थलमा नगएको सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूले बताएका छन्। प्राविधिक आनन्द भण्डारीले 'भौगोलिक विकटताले गर्दा सबै विद्यालयसम्म अनुगमनमा जान नसकिएको' बताएर यसको पुष्टि गरेका छन् ।

आफ्नो कार्यालय जोडिएको यो मामिलाबारे केही महीनाअघि बढुवा भएर जिल्ला शिक्षा अधिकारी भएकी दीपा हमाल औपचारिक प्रतिक्रियामै सीमित भइन्। जिशिअ हमाल भन्छिन्, "निर्माणस्थलमा प्राविधिक अनिवार्य रूपमा पुग्नुपर्छ, त्यो उनीहरूको जिम्मेवारी हो । यसरी काम गर्दा प्राविधिक खर्चको नाममा कसैले रकम असुलेको पाइएमा तत्काल उक्त रकम फिर्ता गर्न लगाइनेछ।"

भवन निर्माणकालका जिल्ला शिक्षा अधिकारी रामप्रसाद उपाध्याय "कसैले पनि योजनाबाट पैसा खान नपाउने र यदि कसैले त्यसो गरेको भएमा तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाउने" बताउँछन्। उपाध्याय २०७१ कात्तिकदेखि मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको क्षेत्रीय निर्देशक पदमा छन्। उनका भनाइमा, "इन्जिनियर मनोज सुवेदी माघ २०७१ देखि जिल्ला शिक्षा कार्यालय सुर्खेतलाई जानकारी नदिई भागेका छन्। उनले विभागमा गएर राजीनामा पेश गरेको बुझिएको छ। केही गडबडको आशंका मलाई पनि छ।"



**रु.७ लाख ५० हजारका दुईकोठे भवन बनाउने विद्यालयहरू**

(प्राविधिकलाई दिएको घूस रकम र घूस दिने र लिने व्यक्ति)

| क्र.सं. | विद्यालयको नाम | दिइएको रकम | रकम दिने | रकम लिने |
|---|---|---|---|---|
| १ | नेरा प्राවि चनाली बाबियाचौर | रु.३७ हजार ५०० | अध्यक्ष मानसिंह बलामी | आनन्द भण्डारी, सव-ओभरसियर |
| २ | जनकल्याणी प्रावि धौलिखाय, बेतान | रु.३७ हजार ५०० | प्रअ मीनबहादुर कठायत | आनन्द भण्डारी, सव-ओभरसियर |
| ३ | नेरा प्रावि सानो खाल्टाकुरा नेटा | रु.३७ हजार ५०० | प्रअ प्रेम पौड्याल | आनन्द भण्डारी, सव-ओभरसियर |
| ४ | प्रावि तल्लो राहुकुल, रानिबास | रु.५० हजार | प्रअ पृथ्वीबहादुर नेपाली | मनोज सुवेदी, इन्जिनियर |
| ५ | जनकल्याण निमावि थारमासे, बिजौरा | रु.५५ हजार | प्रअ गुद्दलराज चौधरी | आनन्द भण्डारी, सव-ओभरसियर |
| ६ | नेरा निमावि सोभानचौर बेतान | रु.७५ हजार | प्रअ गोपालप्रसाद चौधरी | आनन्द भण्डारी, सव-ओभरसियर |
| ७ | देउती प्रावि चौखे, मैनतडा | रु.३७ हजार | प्रअ देबबहादुर बुढा, | मनोज सुवेदी, इन्जिनियर |
| ८ | प्रावि गांकडा, काप्रिचौर | रु.२० हजार | प्रअ भुवन घर्ती | मनोज सुवेदी, इन्जिनियर |
| ९ | नेरा प्रावि पानीखोला, बजेडीचौर | रु.३७ हजार ५०० | प्रअ शिवलाल शर्मा | सुन्दर थापा, सव-ओभरसियर |
| १० | नेरा प्रवि बुटी, पोखरीकाँडा | रु.३० हजार | अध्यक्ष मन लामिछाने | आनन्द भण्डारी, सव-ओभरसियर |
| ११ | बिद्याज्योति निमावि कुइने, तातोपानी | रु.७५ हजार | प्रअ लालबहादुर शाही | आनन्द भण्डारी, सव-ओभरसियर |

| | | | | |
|---|---|---|---|---|
| १२ | लालीगुराँस प्राविं, रजेना | रु.३७ हजार ५०० | प्रअ डिलमाया अधिकारी | सुन्दर थापा, सव-ओभरसियर |
| १३ | नेरा प्रावि टुडे, मटेला | रु.२५ हजार | प्रअ दीपबहादुर जि.सी | आनन्द भण्डारी, सव-ओभरसियर |
| १४ | जनता प्रावि दुर्पाला, काफलकोट | रु.२० हजार | प्रअ सिंहराम रावत | सुन्दर थापा, सव-ओभरसियर |
| १५ | नवज्योति प्रावि, छाप्रे | रु.२० हजार | प्रअ प्रेम सावद | आनन्द भण्डारी, सव-ओभरसियर |
| १६ | आदर्श प्रावि दुनी, पाम्का | रु.२५ हजार | अध्यक्ष बालाराम वली | आनन्द भण्डारी, सव-ओभरसियर |
| १७ | नेरा प्रावि टुनिचौर, पाम्का | रु.२५ हजार | प्रअ दुर्गा राना | आनन्द भण्डारी, सव-ओभरसियर |
| १८ | युवाज्योति निमावि बरैचे, बाबियाचौर | रु.२५ हजार | प्रअ डिल्लीराम कँडेल, | आनन्द भण्डारी, सव-ओभरसियर |
| १९ | बिद्याज्योति प्रावि भक्तडी, छाप्रे | रु.१२ हजार ५०० | प्रअ गंगाराम कँडेल | आनन्द भण्डारी, सव-ओभरसियर |
| २० | सुन्दरजागरण प्रावि, साल्कोट | रु.१५ हजार | प्रअ रणबहादुर घर्ती | आनन्द भण्डारी, सव-ओभरसियर |
| २१ | नेरा प्रावि रुदेव, बिजौरा | रु.२५ हजार | प्रअ कृष्ण बि.सी | आनन्द भण्डारी, सव-ओभरसियर |
| २२ | राधाकृष्ण प्रावि, घुमखहरे | रु.२३ हजार | प्रअ, मोहन खत्री | नाम थाहा नभएको |
| २३ | नेरा प्रावि सिमलखेत, बेतान | रु.२५ हजार | प्रअ वासुदेव शर्मा | आनन्द भण्डारी, सव-ओभरसियर |
| २४ | नेरा निमावि काँडाधुवानी मटेला | रु.१५ हजार | प्रअ बोधबिक्रम बि.सी | आनन्द भण्डारी, सव-ओभरसियर |